# निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको

स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको

दसौँ पत्रको प्रयोजनार्थ

प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**गायत्री पौडेल**

शैक्षिक सत्र : २०६५-०६७

त्रि.वि. दर्ता नं. : २८८८४-९०

क्याम्पस रोल नं.: २/०६५


**वीरेन्द्र बहुमुखी क्याम्पस**

नेपाली विभाग

भरतपुर, चितवन

सन् २०१५/२०७२ साल

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग
भरतपुर, चितवन

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी गायत्री पौडेलले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. नारायणप्रसाद खनाल ..................................
विभागीय प्रमुख हस्ताक्षर

उप-प्राध्यापक डा. एकनारायण पौड्याल ..................................
शोधनिर्देशक हस्ताक्षर

सह-प्राध्यापक गोविन्दराज विनोदी ..................................
बाह्य परीक्षक हस्ताक्षर

२०७२/०३/०२
१७ जुन, २०१५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा गायत्री पौडेलले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

२०७२/०२/२९
१२ जुन, २०१५

.......................
डा. एकनारायण पौड्याल
उप-प्राध्यापक
**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर (एम.ए.) तह द्वितीय वर्षको नयाँ पाठ्यक्रमअनुसार दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो । शोधकार्यको पूर्णताका लागि जुनसुकै बखत आफ्नो अमूल्य समयबाट फुर्सद निकालेर निर्देशन दिनुहुने आदरणीय गुरु तथा शोधनिर्देशक उप-प्राध्यापक डा. एकनारायण पौड्यालप्रति हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध शीर्षकलाई स्वीकृति प्रदान गरी आवश्यक राय तथा सुझाव एवम् परामर्श दिनुहुने विभागीय प्रमुख सम्मान्य गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति विशेष हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री सङ्कलनमा सहयोग र स्रोत उपलब्ध गराउने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति ऋणी छु । त्यस्तै लेखन कार्यमा हरतरहबाट सहयोग र सुझाब दिनुहुने सहप्राध्यापक भवनाथ सडौला, उप-प्राध्यापक विष्णुप्रसाद सापकोटा लगायतका विद्वत्जनप्रति पनि आभार प्रकट गर्दछु ।

यसै गरी शोधपत्रलाई यथाशीघ्र सम्पन्न गर्न अभिप्रेरणा प्रदान गर्नुहुने पूज्य बुबामुमा, ससुराबुबा तथा सासूआमाप्रति विशेष आभारी छु । शोधपत्र तयारीका लागि घरायासी समस्याका बाबजुद स्वतन्त्रता दिँदै उपयुक्त वातावरण मिलाएर आइपरेका सम्पूर्ण बाधा अड्चन र झन्झट अङ्गीकार गर्ने जीवनसाथी उदय अधिकारी एवम् लेखन कार्यमा सहयोग गर्ने अन्य परिवारका सदस्यहरूका साथै यस शोधपत्रलाई शुद्धसँग टङ्कण गरी व्यवस्थित बनाउन सहयोग गर्ने लिङ्क कम्प्युटरका जीवननाथ ढुङ्गानालाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष पेस गर्दछु ।

२०७२/०२/२९
१२ जुन, २०१५

..............................

**गायत्री पौडेल**
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यस प्रकार छ ः

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्‌यालय |
| एम.ए. | मास्टर्स अफ आर्टस् |
| एम.एड. | मास्टर्स अफ एजुकेसन |
| गा.वि.स. | गाउँ विकास समति |
| जि.एस. | ज्ञानदीप शिक्षा निकेतन |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्‌यालय |
| दो. | दोस्रो |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रलेस | प्रगतिशील लेखक सङ्घ |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बि.एड. | ब्याचलर अफ एजुकेसन |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| संस्क. | संस्करण |

# विषयसूची

## परिच्छेद : एक
## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ६ |
| १.६ | शोधकार्यको क्षेत्र र सीमा | ६ |
| १.७ | सामग्री सङ्कलन विधि | ७ |
| १.८ | शोधविधि | ७ |
| १.९ | शोधकार्यको रूपरेखा | ७ |


## परिच्छेद : दुई
## साहित्यकार निमेष निखिलको जीवनी


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | ९ |
| २.२ | जन्म र जन्मस्थान | ९ |
| २.३ | वंश परम्परा, बाल्यकाल र उपनयन | १० |
| २.४ | शिक्षादीक्षा | १० |
| २.५ | वैवाहिक तथा पारिवारिक स्थिति | १० |
| २.६ | जागिरे जीवनमा प्रवेश र निरन्तरता | ११ |
| २.७ | आर्थिक अवस्था | १२ |
| २.८ | साहित्य लेखनमा प्रवेश र निरन्तरता | १२ |
| २.९ | साहित्यिक मान्यता | १५ |
| २.१० | सम्मान तथा पुरस्कारहरू | १६ |
| २.११ | सङ्घ-संस्थामा आबद्धता | १७ |
| २.१२ | रुचि तथा स्वभाव | १७ |
| २.१३ | यात्रा तथा भ्रमण | १८ |
| २.१४ | दिनचर्या | १९ |

२.१५ सुख, दुःखका क्षणहरू १९
२.१६ ईश्वरप्रतिको आस्था २०
२.१७ निष्कर्ष २०

## परिच्छेद : तीन
## साहित्यकार निमेष निखिलको व्यक्तित्व

३.१ विषय प्रवेश २३
३.२ व्यक्तित्व २४
३.२.१ साहित्यिक व्यक्तित्व २४
३.२.१.१ कवि व्यक्तित्व २५
३.२.१.२ बाल साहित्यकार व्यक्तित्व २६
३.२.१.३ कथाकार व्यक्तित्व २६
३.२.१.४ गीतकार व्यक्तित्व २७
३.२.१.६ गजलकार व्यक्तित्व २७
३.२.१.६ समालोचक व्यक्तित्व २७
३.२.१.७ भूमिका लेखक व्यक्तित्व २८
३.२.१.९ अनुसन्धाता व्यक्तित्व २९
३.२.१.१० अन्तर्वार्ताकार व्यक्तित्व २९
३.२.२ साहित्येतर व्यक्तित्व ३०
३.२.२.१ पत्रकार तथा सम्पादक व्यक्तित्व ३०
३.२.२.२ प्रशासनिक एवम् शैक्षिक व्यक्तित्व ३०
३.२.२.३ सामाजिक एवम् साङ्गठानिक व्यक्तित्व ३१
३.२.२.४ साहित्यकारहरूका दृष्टिमा निमेष निखिल ३२
३.३ निष्कर्ष ३३

## परिच्छेद : चार
## निमेष निखिलका साहित्यिक कृतिहरूको अध्ययन

४.१ विषय प्रवेश ३५
४.२ **मनहरूको परिसर** कवितासङ्ग्रहको अध्ययन ३५
४.२.१ शीर्षक ३५
४.२.२ संरचना ३६

४.२.३ कविताहरूको मुख्य कथ्य ३९
४.२.४ विषयवस्तु ४८
४.२.५ भावविधान ५१
४.२.६ लय/छन्द ५३
४.२.७ भाषाशैली ५४
४.२.८ अलङ्कार ५४
४.२.९ बिम्ब र प्रतीक ५६
४.२.१० निचोड ५७

४.३ **उमेरको नदी** कवितासङ्ग्रहको अध्ययन ५८
४.३.१ शीर्षक ५८
४.३.२ संरचना ५८
४.३.३ कविताहरूको मुख्य कथ्य ६०
४.३.४ विषयवस्तु ६३
४.३.५ भावविधान ६३
४.३.६ लय/छन्द ६५
४.३.७ भाषाशैली ६६
४.३.८ अलङ्कार ६७
४.३.९ बिम्ब र प्रतीक ६७
४.३.१० निचोड ६८

४.४ **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रहको अध्ययन ६९
४.४.१ शीर्षक ६९
४.४.२ संरचना ६९
४.४.३ कविताहरूको मुख्य कथ्य ७२
४.४.४ विषयवस्तु ७९
४.४.५ भावविधान ८१
४.४.६ लय/छन्द ८२
४.४.७ भाषाशैली ८२
४.४.८ अलङ्कार ८३

४.४.९ बिम्ब र प्रतीक ८३
४.४.१० निचोड ८४
४.५ निष्कर्ष ८५

## परिच्छेद : पाँच
## उपसंहार

५.१ परिचय ८६
५.२ पहिलो परिच्छेदको निष्कर्ष ८६
५.३ दोस्रो परिच्छेदको निष्कर्ष ८६
५.४ तेस्रो परिच्छेदको निष्कर्ष ८७
५.५ चौथो परिच्छेदको निष्कर्ष ८७
५.६ समग्र निष्कर्ष ८८

**परिशिष्ट खण्ड**

परिशिष्ट 'क' : शोधनायक निमेष निखिललाई सोधिएका प्रश्नावली
परिशिष्ट 'ख' : निमेष निखिलले प्राप्त गरेका पुरस्कार तथा सम्मानका प्रतिलिपिहरू
परिशिष्ट 'ग' : निमेष निखिलका फुटकर रचनाहरूको सूची
परिशिष्ट 'घ' : साहित्यकार निमेष निखिलका प्रकाशित फुटकर उपलब्ध रचनाहरूको सूची
परिशिष्ट 'ङ' : निमेष निखिलका प्रकाशित कृतिहरुको आवरण चित्र

**सन्दर्भ सामग्री सूची**

# तालिका सूची


तालिका सङ्ख्या १ : **मनहरूको परिसर** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको संरचनागत अवस्था ३७

तालिका सङ्ख्या २ : **उमेरको नदी** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको संरचनागत अवस्था ५९

तालिका सङ्ख्या ३ : **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको संरचनागत अवस्था ७०

# परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

वि. सं. २०३२ चैत २८ गते सुम्नाम पोखरी-४, सिन्धुलीमा जन्मेका झवीन्द्रप्रसाद बराल साहित्यका क्षेत्रका निमेष निखिल नामले सुपरिचित छन् । उनको आधिकारिक नाम भने खिलप्रसाद बराल हो । आफ्नो देश र माटोप्रति अगाध प्रेम गर्ने निखिल समाजका विकृति र विसङ्गतिबाट आहत भएर साहित्य लेखनप्रति लागेका राष्ट्रिय स्तरका कवि व्यक्तित्व हुन् । उनी समसामयिक नेपाली कविताको प्रगतिवादी धाराका कवि हुन् । किशोरावस्थादेखि नै साहित्यप्रति गहिरो अभिरुचि भएका निखिलले २०४१ सालदेखि अनौपचारिक रूपमा कविता लेखनारम्भ गर्दै २०५२ सालमा *नेता* लघु कविता **युवामञ्च**मा प्रथम पटक प्रकाशन गरेपछि साहित्य क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेको देखिन्छ ।

उनको पुस्तकाकार पहिलो कृति **मनहरूको परिसर** कवितासङ्ग्रह (२०६५) हो भने दोस्रो कृति **उमेरको नदी** कवितासङ्ग्रह (२०७० लामा कविता) हो । साहित्यका क्षेत्रमा अनवरत रूपमा लागेका निखिलको तेस्रो कृति **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रह (२०७१) हो ।

साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका निखिलका कृतिहरूलाई दृष्टिगत गर्दा उनी मकवानपुर जिल्लाका अनुसन्धेय व्यक्तित्व पनि हुन् । आजसम्म उनका बारेमा सामान्य टीका-टिप्पणी र कृतिगत रूपमा गरिएको सामान्य चर्चा बाहेक जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हुन सकेको देखिँदैन । त्यसैले यो शोधकार्य कवि निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन तथा विश्लेषणमा केन्द्रित छ । यस शोधकार्यको शीर्षक **निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ समस्याकथन

साहित्यकार निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोध कार्यको मुख्य समस्याका रूपमा रहेको छ । यस शोधकार्यका आधारभूत समस्याहरूलाई निम्नानुसारका बुँदाहरूमा देखाइएको छ :

क)	निमेष निखिलको जीवनी के-कस्तो रहेको छ ?

ख)	निमेष निखिलको व्यक्तित्वका आयाम के-कति छन् ?

ग)	विधातत्त्वका आधारमा निमेष निखिलको साहित्यिक कृतिहरूको कृतिगत प्रवृत्तिगत र योगदान के-कस्तो रहेको पाइन्छ ?

यिनै आधारभूत समस्यामा केन्द्रित रही प्रस्तुत शोधकार्यमा निमेष निखिलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

माथि १.२ का सामस्याहरूमा केन्द्रित भएर निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । त्यसैले सङ्क्षिप्तमा निम्नानुसारका बुँदाहरूमा उद्देश्यको उल्लेख गरिएको छ ः

क)	निमेष निखिलको जीवनीको अध्ययन गर्नु ।

ख)	निमेष निखिलको व्यक्तित्वका आयामहरूको अध्ययन गर्नु ।

ग)	विधातत्त्वका आधारमा निमेष निखिलको साहित्यिक कृतिहरूको अध्ययन गरी कृतिगत प्रवृत्ति र योगदानको पहिचान गर्नु ।

यिनै उद्देश्य पुरा गर्नेतर्फ प्रस्तुत शोधकार्य उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार निमेष निखिलले साहित्य र साहित्येतर गरी विविध विधामा कलम चलाए तापनि उनको विशेष योगदान नेपाली साहित्यको कविता विधामा रहेको छ । उनी र उनका कृतिका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले विभिन्न पत्रपत्रिका र पुस्तकाहरूमा सामान्य चर्चा-परिचर्चा गरे पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको सर्वपक्षीय अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । अतः उनको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धमा गरिएका पूर्वकार्यहरूको प्राप्त विवरण कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गरिएको छ ।

मोदनाथ पोख्रेल (२०६४) ले *मकवानपुरका कथाकार र कथा* शीर्षकको शोधपत्रमा निखिलका पाँचवटा कथाहरूको गहन विश्लेषण गरेका छन् । *एउटा कथाकारको कथा*मा आफ्नो आत्मसन्तुष्टिको लागि मात्र कथा लेख्ने कथाकारले देशको लागि केही योगदान गर्न सक्दैनन् र समाजमा सकारात्मक सन्देश जाने खालको रचना गर्नु निखिलले आजको आवश्यकता ठानेका छन्

भनी शोधपत्रमा टिप्पणी गरेका छन् । *यस्तो मूला कथा* शीर्षकको कथामा हाम्रो समाजमा शिक्षक, डाक्टर, पुलिस अधिकारी, इन्जिनियर, व्यापारी, वकिल जस्ता कुनै पनि व्यक्तिहरू इमान्दार छैनन् र यस्ता नैतिक पतन भएका व्यक्तिहरूको बोलवाला भएसम्म समाजको सुधार हुन नसक्ने निखिलले ठम्याएका छन् भनेका छन् । *मोहभङ्ग कथा*मा भर्खर यौवन अवस्थामा प्रवेश गरेका किशोर किशोरीहरूमा यौन चाहना प्रबल हुने भएकोले उनीहरू आफ्नो आन्तरिक चाहना पुरा गर्न जुनसुकै कदम चाल्न परे पनि पछि पर्दैनन् भनेका छन् । यस कथामा म पात्रको एकोहोरो प्रेम भएकोले वियोगमा टुङ्गिएको र ऊ पात्रप्रति मोहभङ्ग भएको देखाउन खोजिएको छ भन्ने शोधार्थीको कथन रहेको छ । *.... र परिणति* कथामा काम अनुसारको परिणति उत्पन्न हुन्छ भन्ने सन्दर्भमा रक्सीले कसैको जीवनमा भलो नगर्ने भएकोले त्यसबाट टाढै रहनु राम्रो हुन्छ भन्ने भाव प्रकट भएको देखिन्छ भनेका छन् । *यात्रा अविरल* कथामा म पात्र जस्तो हजारौँ पात्रको कष्टकर जीवन कहाँ गएर अन्त्य हुने स्वयंलाई थाहा नभएकोमा सम्बन्धित निकायले ध्यान पुऱ्याएन भने उनीहरूको समस्या जस्ताको तस्तै रहने मूलभाव देखाउन खोजिएको छ भनी शोधपत्रमा विश्लेषण गरेका छन् ।[१]

तुलसी दिवस (२०६५) ले *मनहरूको परिसरभित्र प्रवेश गर्दा* शीर्षकको भूमिकामा **मनहरूको परिसर** विगत दस वर्षमा सिर्जित मानवीय दुःख-कष्ट, घाउ र पीडा, डर र त्रास, हत्या र आतङ्कप्रतिको प्रतिरोध तथा असन्तुष्टि र विद्रोहलाई निखिलले कलात्मक तरिकाले प्रस्तुत गरेको कुरा टिप्पणी गरेका छन् ।[२]

सरूभक्त (२०६५) ले *कवि, मन र आन्दोलन* शीर्षकको भूमिकामा मन के हो भन्ने सन्दर्भ कोट्याउँदै मन हृदय र मस्तिष्कभन्दा सूक्ष्म र विशाल हुन्छ भनी गम्भीर टिप्पणी गरेका छन् । त्यस्तै उनले निखिललाई राष्ट्रको बिम्ब, मान्छेको बिम्ब र युगको बिम्ब टिप्न सक्ने कविका रूपमा पनि लिएका छन् ।[३]

उदय अधिकारी (२०६५) ले *मनहरूको परिसर र वर्तमान बोध* शीर्षकको लेखमा निमेष निखिल विचारमा प्रस्टता, युगीन कवि, गहन अर्थलाई सरल र सहज भाषा शैलीमा उतार्न सक्ने खुबी भएका सफल कविका रूपमा लिएका छन् । न्यायपूर्ण समय र समाजको पर्खाइमा रहेका कवि निखिलले

---

[1] मोदनाथ पोखेल, *मकवानपुरका कथाकार र कथा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ : त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६४, पृ. ५९ ।

[2] तुलसी दिवस, *मनहरूको परिसरभित्र प्रवेश गर्दा* (भूमिका), **मनहरूको परिसर** (कवितासङ्ग्रह), निमेष निखिल, मकवानपुर : कवि स्वयम्, २०६५ ।

[3] सरुभक्त, *कवि, मन र आन्दोलन* (भूमिका), **मनहरूको परिसर** (कवितासङ्ग्रह), निमेष निखिल, मकवानपुर : कवि स्वयम्, २०६५ ।

हामीलाई असफल बनाउन खोज्ने स्तम्भहरू ढलेपछि मात्र एउटा आदर्श संसार निर्माण गर्न सकिन्छ भनेर **मनहरूको परिसर** मार्फत् सम्प्रेषण गर्न सक्षम कविका रूपमा उल्लेख गरेका छन् ।[४]

युग पाठक (२०६६) ले *दोभासेहरूको खोजीमा निमेष निखिल* शीर्षकको लेखमा **मनहरूको परिसर** कवितासङ्ग्रहमा विगत दशकको दुःख र पीडा छ भनेका छन् । निखिलले अधिकांश कवितामा अन्तर्निहित तिरस्कार, घृणा, अपमानबोध, वितृष्णा, शून्यता, जस्ता चेतनाको राँको बालेका छन् भनी उनले उल्लेख गरेका छन् । काल र परिवेशलाई मनोविज्ञानको कसीमा राखेर निखिल समय बुझाउने दोभासेहरूको खोजीमा छन् भनी टिप्पणी गरेका छन् ।[५]

के.पी. अन्जान (२०६६) ले *मनहरूको परिसरभित्र यौन मनोविज्ञान* शीर्षकको लेखमा यौनवादी दृष्टिकोणले विश्लेषण गर्दै आफ्नो विचार व्यक्त गरेका छन् । **मनहरूको परिसर** कवितासङ्ग्रहका अधिकांश कविताहरूमा फ्रायडको सिद्धान्तमा आधारित यौनसँग सम्बन्धित कुनै न कुनै प्रकारको दृश्यबिम्ब भेट्न सकिन्छ भनी टिप्पणी गरेका छन् ।[६]

रमेश पोखरेल (२०६६) ले *यसपटक* शीर्षकको लेखमा कवि निखिलका पाँचवटा कविताहरूको मुख्य भाव समेटेका छन् । *उस्तै गाउँ* शीर्षकको कवितामा ठुला राजनीतिक परिवर्तनपछि पनि सुदूर गाउँमा परिवर्तन आउन सकेको तितो यथार्थ पोखिएको भनेका छन् । *फेरि गाउँका कुरा* शीर्षकको कवितामा मान्छेहरूबिचको आत्मीयतालाई गाउँघरले मात्र बचाएको यथार्थ चित्रण छ भनी टिप्पणी गरेका छन् । *समय* शीर्षकको कवितामा आजको वैज्ञानिक युगमा पनि पुरानै युगमा धकेल्ने प्रतिगामी तत्त्वप्रति विरोध गरिएको छ भनी उल्लेख गरेका छन् । *जुन खसेको एउटा आकाश* शीर्षकको कवितामा देशले अन्धकारको युग बोकेर एउटा यात्रा थालेको यथार्थ घटना प्रस्तुत गरिएको छ भने *एउटा आग्रह* शीर्षकको कवितामा आफ्नी प्रेमिकाप्रतिको रागात्मक आकर्षणभन्दा देशको विभिन्न समस्याप्रति चिन्ताग्रस्त रहेका कविले प्रेमिकासँग बिछोडिन परे पनि आफूलाई धोकेबाज नठानिदिन गरिएको अनुरोधलाई मूल विषय बनाइएको छ भनी उनले उल्लेख गरेका छन् । निखिलका यी पाँचवटै कविताहरू देशको सामाजिक, राजनीतिक र सांस्कृतिक परिघटनामा केन्द्रित रहेको छ भनी शब्द संयोजनमा चर्चा गरेका छन् ।[७]

श्यामल (२०७०) ले *कवितामा स्मृतिदंश* शीर्षकको भूमिकामा निखिललाई शालीन, भावुक, परिश्रमी, मानवीय दृष्टि सम्पन्न कविको रूपमा मूल्याङ्कन गरेका छन् । क्रोधलाई पनि शालीनतापूर्वक

---

4 उदय अधिकारी, *मनहरूको परिसर र वर्तमान बोध,* **अक्षर,** वर्ष ४, अङ्क ३, २०६५, पृ. १ ।

5 युग पाठक, *दोभाषेहरूको खोजीमा निमेष निखिल,* **प्रलेस** : मकवानपुर, २०६६, पृ. ११९ ।

6 के.पी. अन्जान, *मनहरूको परिसरभित्र यौन मनोविज्ञान,* **समष्टि**, काठमाडौँ : वर्ष २९, अङ्क ६८, २०६६, पृ. ५९-६५ ।

7 रमेश पोखरेल, *यस पटक,* **शब्द संयोजन**, वर्ष ८, अङ्क ९, पूर्णाङ्क ९२, २०६८, पृ. ७ ।

प्रस्तुत गर्न सक्ने जीवनवादी कविका रूपमा लिँदै **उमेरको नदी** कवितासङ्ग्रहमा कथ्यगत र शिल्पगत विशेषताका साथै आफ्नो मूल बिर्सनेप्रति तिखो व्यङ्ग्य प्रस्तुत गरिएको छ भनेका छन् ।[८]

मनु मञ्जिल (२०७०) ले *अनेक बाटा जोडिएर एउटा नयाँ बाटो* शीर्षकको भूमिकामा **उमेरको नदी** कवितासङ्ग्रह प्रकृतिको विशाल चित्र र वास्तुकलाले सजिएको ठानेका छन् । उनले उक्त कवितासङ्ग्रहका केही कविताको उदाहरण दिँदै जकडिएर बसेको सभ्यता र अव्यवस्थाप्रति आममान्छेको प्रतिनिधित्व गर्दै एउटा पात्र रिसाएको छ भनी उल्लेख गरेका छन् । आज आदर्श पतन हुँदै गएको सङ्केत गर्दै हजारौँ वर्षको परम्पराबाट नै हामीले धेरै कुरा सिक्दै आएकाले भाषा, ज्ञान, विचार र संस्कृतिलाई चटक्क छोड्न हुँदैन भनी उल्लेख गरेका छन् ।[९]

सुवास खनाल (२०७०) ले *उमेरको नदीमा जीवन डुङ्गा खियाइरहेका निखिल* शीर्षकको लेखमा मान्छेमा संवेदनशीलता र सहृदयता बिउँझाइदिने गाउँले जीवन भोगेका मान्छेलाई पूर्व स्मृतिमा फर्काइ दिने नोस्टाल्जिक कविताका रूपमा पहिलो कवितालाई लिएका छन् । मन र मस्तिष्क पक्षको उचित संयोजन गर्न सक्ने समकालीन चेत र काव्य सचेतना भएका निखिलका कवितामा सबाल्र्टनका आवाजहरू भएको भनी उनले टिप्पणी गरेका छन् ।[१०]

मायामितु न्यौपाने (२०७०) ले *काव्यिक चेतनाको धरातलमा उमेरको नदी* शीर्षकको लेखमा **उमेरको नदी** कवितासङ्ग्रहमा निखिलले युगीन यथार्थलाई प्रस्तुत गरेको कुरा उल्लेख गरेकी छिन् । रोचक भाषा-शैली, मानवतावादी चिन्तन, युगीन विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य विद्रोह र आक्रोश पोख्दै क्रान्ति चेतको राँको लिएर उज्यालोको खोजीमा हिँडेका निखिलले मान्छेले आफ्नो पहिचान भुल्न नहुने सन्देश दिएका छन् भनी उनले समीक्षामा उल्लेख गरेकी छिन् ।[११]

गङ्गा सुवेदी (२०७०) ले कवि निमेष निखिलको कवितासङ्ग्रह *उमेरको नदी बारे सङ्क्षिप्त धारणा* शीर्षकको लेखमा **उमेरको नदी** कवितासङ्ग्रहमा देशको सामाजिक यथार्थ, नारीसम्मान, प्रकृतिप्रतिको सदाशयता, देशभक्ति, मानवीयताप्रतिको आस्थालाई निखिलले कुशलतापूर्वक प्रस्तुत

---

8 श्यामल, *कवितामा स्मृतिदंश* (भूमिका), **उमेरको नदी** (लामाकविता) कवितासङ्ग्रह, निमेष निखिल, मकवानपुर : आशिष श्रेष्ठ, २०७० ।

9 मनु मञ्जिल, *अनेक बाटा जोडिएर एउटा नयाँ बाटो* (भूमिका), **उमेरको नदी** (लामाकविता) कवितासङ्ग्रह, निमेष निखिल, मकवानपुर : आशिष श्रेष्ठ, २०७० ।

10 सुवास खनाल, *उमेरको नदीमा जीवन डुङ्गा खियाइरहेका निखिल,* subaspoet@gmail.com, २०७० ।

11 मायामितु न्यौपाने, *काव्यिक चेतनाको धरातलमा उमेरको नदी* (भूमिका), **प्रतीक दैनिक**, वर्ष २७, अङ्क १३७, २०७० ।

गरेका छन् भनी उल्लेख गरेकी छन् । उनले राष्ट्रपीडामा निथ्रुक्क भएर आहत हुँदासम्मको परिस्थितिलाई निखिलले आत्मस्पर्श गराएका छन् भनेकी छिन् ।[१२]

मणि लोहनी (२०७१) ले *जीवनवादी कविता* शीर्षकको लेखमा मानिसका सङ्घर्ष, बाध्यता र उपलब्धिलाई समेट्दै मान्छे जीवनमा पूर्ण खुसी र सुखी छैनन् र मानिसका यही अपूर्णता, व्यग्रता र असन्तुष्टिलाई निखिलले कविताका माध्यमबाट प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । मानिसले भुल्दै गएको दायित्व र जिम्मेवारी, जोगाउन नसकेको मातृभूमिप्रतिको प्रेम, मानिसले प्राप्त गर्न नसकेको पूर्णताको चित्र उमेरको नदी कवितासङ्ग्रहमा छर्लङ्ग देखिन्छ भनी जीवनका उज्याला पक्षप्रति कवि निखिलले दृष्टि पुऱ्याएका छन् भनी उनले उल्लेख गरेका छन् ।[१३]

यसप्रकार विभिन्न विद्वान्हरूले अनेक कोणबाट टीका-टिप्पणी गरे पनि निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा समग्र अध्ययन हुन सकेको छैन । त्यसैले प्रस्तुत शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

आधुनिक नेपाली साहित्यमा विगत दुई दशक पहिलेदेखि अटुटरूपमा साधनारत कवि निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सुव्यवस्थित र विस्तृत अध्ययन अनुसन्धान गर्नु उपयुक्त देखिन्छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन अनुसन्धानबाट कवि निखिलको प्रभाव प्रेरणा ग्रहण गरी भावी पुस्ताहरू यसबाट लाभान्वित हुन गई नेपाली साहित्यको समृद्धिमा अझ ठुलो टेवा पुग्ने हुँदा यस शोधकार्यको औचित्य छ र यो निकै महत्त्वपूर्ण तथा उपयोगी देखिन्छ ।

## १.६ शोधकार्यको सीमा

यस शोधकार्यमा कवि निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ । उनका २०६५-२०७१ सम्म प्रकाशित पुस्तकाकार कविता कृतिहरूको मात्र अध्ययन र विश्लेषण गर्नु यस शोधकार्यको सीमा रहेको छ । निखिल बहुआयामिक व्यक्तित्व भए पनि उनका तिनवटा पुस्तकाकार कविता कृतिहरूका बारेमा विस्तृत अध्ययन र विश्लेषण गरिएको छ । उनका विभिन्न विधाका फुटकर रचनाहरूको सामान्य चर्चा मात्र गर्ने तर विश्लेषण नगर्ने यसको सीमा रहेको छ ।

---

12 गङ्गा सुवेदी, *कवि निमेष निखिलको कवितासङ्ग्रह उमेरको नदी बारे सङ्क्षिप्त धारणा,* विराटनगर : कार्यपत्र-अन्तरक्रिया, २०७० ।

13 मणि लोहनी, *जीवनवादी कविता,* **मधुपर्क**, वर्ष ४७, अङ्क ५, २०७१, पृ. ५८-५९ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र लेखनका क्रममा विविध संस्था, व्यक्तिगत र संस्थागत पुस्तकालयबाट उपलब्ध पुस्तक, पत्रपत्रिका आदिको अध्ययनद्वारा सामग्री सङ्कलन गरिएको छ । यसका लागि आवश्यक ठाउँमा विभिन्न व्यक्तिसँग र स्वयं शोधनायकसँग लिखित एवं मौखिक प्रश्नावलीद्वारा अन्तर्वार्ता लिई सामग्रीहरू सङ्कलनका क्रममा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ ।

## १.८ शोधविधि

साहित्यकार निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा प्राप्त सामग्रीलाई आवश्यकता अनुसार भिन्न-भिन्न पद्धति अवलम्बन गरी विश्लेषण गरिएको छ । यस क्रममा जीवनी र व्यक्तित्व पक्षको जीवनीपरक समालोचना प्रणाली, विवरणात्मक एवम् व्याख्यात्मक विधि अपनाइन्छ । कृतित्त्व सम्बन्धी लेखन कार्यमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधि तथा प्रभावपरक एवं मूल्याङ्कनपरक समालोचना प्रणाली जस्ता भिन्न-भिन्न विधि र प्रणाली अँगाली अध्ययन र विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित एवं सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसार विभिन्न परिच्छेद, उपपरिच्छेद, शीर्षक, उपशीर्षक, सन्दर्भसूची, परिशिष्ट आदिमा विभाजन गरिएको छ :

**परिच्छेद एक : शोध परिचय**

यस परिच्छेदमा निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक, शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा विषय परिचय, शोधससमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व एवम् उपयोगिता, शोधको सीमा, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा जस्ता शीर्षक र उप-शीर्षक रहेका छन् ।

**परिच्छेद दुई : निमेष निखिलको जीवनी**

यस परिच्छेदमा निमेष निखिलको जीवनी अन्तर्गत जन्म र जन्मस्थान, वंशपरम्परा, बाल्यकाल र उपनयन, शिक्षा-दीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, जागिरे जीवनमा प्रवेश र निरन्तरता, आर्थिक अवस्था, साहित्य लेखनमा प्रवेश र नितरन्तरता, साहित्यिक मान्यता, सम्मान तथा पुरस्कारहरू, सङ्घ-संस्थासँगमा आबद्धता, रुचि तथा स्वभाव, यात्रा तथा भ्रमण, दिनचर्या, सुख-दुःखका क्षणहरू, ईश्वरप्रतिको आस्था र निष्कर्ष जस्ता शीर्षक र उप-शीर्षक रहेका छन् ।

**परिच्छेद तिन : निमेष निखिलको व्यक्तित्व**

यस परिच्छेदमा साहित्यकार निमेष निखिलको व्यक्तित्व अन्तर्गत दश साहित्यिक र चार साहित्येतर व्यक्तित्वका विविध पाटाहरूका शीर्षक र उपशीर्षकहरूको अध्ययन गरिएको छ ।

**परिच्छेद चार : निमेष लिखिलका प्रकाशित पुस्तकाकार कविता कृतिहरूको विवेचना**

यस परिच्छेदमा निमेष निखिलका प्रकाशित कृतिहरू **मनहरूको परिसर, उमेरको नदी** (लामा कविता) र **शोकगीतको पोस्टमार्टम** गरी तिन कवितासङ्ग्रहका शीर्षकहरूको विधागत संरचनाका आधारमा विस्तृत अध्ययन एवम् विवेचना गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार**

यस परिच्छेदमा अघिल्ला परिच्छेदमा चर्चा गरिएका प्रत्येक परिच्छेदको निष्कर्ष र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्तमा परिशिष्ट र सन्दर्भ सामग्री सूची सहितको शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# साहित्यकार निमेष निखिलको जीवनी

## २.१ विषयप्रवेश

यस परिच्छेदमा साहित्यकार निमेष निखिलको जीवनीका बारेमा चर्चा गरिएको छ । यस क्रममा उनको जन्म र जन्मस्थान, वंशपरम्परा, बाल्यकाल र उपनयन, शिक्षा-दीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, जागिरे जीवनमा प्रवेश र निरन्तरता, आर्थिक अवस्था, साहित्य लेखनमा प्रवेश र निरन्तरता, साहित्यिक मान्यता, सम्मान तथा पुरस्कारहरू, सङ्घ-संस्थासँगमा आबद्धता, रुचि तथा स्वभाव, यात्रा तथा भ्रमण, दिनचर्या, सुख-दुःखका क्षणहरू, ईश्वरप्रतिको आस्था र निष्कर्ष समेत दिइएको छ । यिनै शीर्षकहरूमा केन्द्रित रहेर उनको जीवनी खण्डको क्रमशः सङ्क्षिप्तमा अध्ययन गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

साहित्यकार निमेष निखिलको जन्म वि.सं. २०३२ चैत्र २८ गतेका दिन सुम्नाम पोखरी-४, सिन्धुलीमा भएको हो । उनका पिताको नाम प्रेमप्रसाद बराल र माताको नाम प्रेमकुमारी बराल हो । सामान्य लेखपढ गर्न जान्ने पिता र निरक्षर माता दम्पतिका चौथो सन्तानका रूपमा जन्मिएका साहित्यकार निमेष निखिलको न्वारनको नाम झवीन्द्रप्रसाद बराल हो भने उनको साहित्यिक उपनाम 'निमेष निखिल' हो । उनको आधिकारिक ना भने खिलप्रसाद बराल हो । उनी नौ वर्षको हुँदा २०४१ सालमा भीषण बाढी पहिरो आएर बसेको ठाउँबाट विस्थापित भई उनको पुरै परिवार सर्लाही जिल्लाको जब्दी गा.वि.स.-६, हरिवनमा बसाइँ-सराइ गर्नु परेको बुझिन्छ । २०५१ सालमा उच्च शिक्षा अध्ययनको सिलसिलामा आफूमात्र हेटौँडा प्रवेश गरी दिदीको घरमा बस्दै आएका निखिल हाल सपरिवार आफ्नै घर हेटौँडामा बसेका छन् । उनी तिन दाजु-भाइमध्ये माहिला हुन् । एउटी जेठी दिदीको मृत्यु भैसकेकोले हाल उनका एउटी दिदी र एउटी बहिनी रहेको बुझिन्छ ।[१४]

---

[14] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

## २.३ वंश परम्परा, बाल्यकाल र उपनयन

घृतकौशिक गोत्रीय, बराल थरका ब्राह्मण परिवारमा जन्मिएका खिलप्रसाद बराल (निमेष निखिल) का हजुरबुबा नन्दीकेशर बराल हुन् । उनको पुर्ख्यौली थलो गोलटार, सिन्धुली भए पनि चार-पाँच दशक अघिदेखि नै सुम्नाम पोखरी-४, सिन्धुलीमा बसोबास गर्दै आएका थिए । त्यहाँ २०४१ सालमा बाढीपहिरो गएकोले सर्लाहीको जब्दी गा.वि.स.-६, हरिवनमा बसाइँ-सराइ गरेका हुन् । हाल माता-पिता सहित निमेष निखिलको परिवार हेटौँडामा आई स्थायी बसोबास गर्दै आएका छन् । मध्यम वर्गीय आध्यात्मिक परिवारमा जन्मिएका निखिलको चूडाकर्म (उपनयन) हिन्दु परम्परा अनुसार १३ वर्षको उमेरमा भएको बुझिन्छ । सानो उमेरमा बाढी-पहिरोको घटनाबाट मर्माहत बनेका निखिलको बाल्यकाल बाबु-आमाको साथमा रहे पनि सामान्य सुख-दुःखका साथ बितेको देखिन्छ ।[१५]

## २.४ शिक्षा

निमेष निखिलको प्रारम्भिक शिक्षा ॐकारेश्वरी प्राथमिक विद्यालय, सुम्नाम पोखरी-४, पोखरी, सिन्धुलीमा भएको हो । त्यसपछि उनले श्री शिशु कल्याण जनता माध्यमिक विद्यालय हरिभवन, चतुर्भुजेश्वर जनता मा.वि. सुकेपोखरी हुँदै जनज्योति मा.वि. लालबन्दी, सर्लाहीबाट २०५० सालमा प्रवेशिका परीक्षा (एस.एल.सी.) उत्तीर्ण गरेका हुन् । उच्च शिक्षा अध्ययनको क्रममा २०५१ सालमा उनी हेटौँडा प्रवेश गरेर दिदी-भिनाजुको घरमा बसी कक्षा एघार (११) को अध्ययन गरेका हुन् । दश जोड दुई (+२) कक्षा हेटौँडा क्याम्पस, हेटौँडाबाट २०५३ सालमा उत्तीर्ण गरेका हुन् । त्यस्तै बि.एड. पनि सोही क्याम्पसबाट २०५७ सालमा पास गरे । एम.ए. त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस, कीर्तिपुरबाट २०५९ सालमा प्रथम श्रेणीमा र एम.एड. हेटौँडा क्याम्पस, हेटौँडाबाट प्रथम श्रेणीमा २०६९ मा उत्तीर्ण गरी आफ्नो अध्ययन पुरा गरेका छन् ।[१६]

## २.५ वैवाहिक तथा पारिवारिक स्थिति

निमेष निखिल २०५५ सालमा दाम्पत्य जीवनमा बाँधिएका हुन् । २३ वर्षको उमेरमा उनको विवाह सर्लाही जिल्ला, हाल : हरिवन नगरपालिका निवासी नेत्रप्रसाद घिमिरे र तुलसादेवी घिमिरेकी

[15] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[16] ऐजन ।

सुपुत्री रन्जना घिमिरेसँग भएको हो । सरल मिजास, शान्त स्वभाव, सहयोगी भावना, मृदुभाषी र पतिपरायणता धर्म रन्जना बराल (घिमिरे)को स्वभावगत विशेषता हुन् । वैवाहिक जीवनको प्रारम्भदेखि हालसम्म निमेष निखिल र रन्जना बरालको दाम्पत्य सम्बन्ध सुमधुर एवम् प्रगाढ रहेको देखिन्छ । यिनका एक छोरा र एक छोरी छन् । छोराको नाम निरब हो र उनी मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा १२ मा अध्ययनरत छन् । त्यस्तै छोरीको नाम निष्ठा हो र उनी जि.एस. निकेतन उच्च माध्यमिक विद्यालयमा कक्षा नौमा अध्ययनरत छिन् । निखिलका दाजुको परिवार भारतको हरियाणामा बस्छन् भने भाइको परिवार हेटौँडामा छुट्टै बसेको पाइन्छ । यस प्रकार परम्परागत मान्यता अनुसार नै वैवाहिक जीवन प्राप्त गरेका निमेष निखिलले आफ्नो जीवन वर्तमान समयसम्म मातापितासँगै रहेर सुखी र खुसीसाथ बिताएको देखिन्छ ।[१७]

## २.६ जागिरे जीवनमा प्रवेश र निरन्तरता

निमेष निखिलको जन्म मध्यवर्गीय ब्राह्मण परिवारमा भएको हो । बाढी-पहिरोको कारण सिन्धुलीबाट सर्लाहीमा बसाइँ सरेपछि आर्थिक सङ्कट झेल्नु परेको बुझिन्छ । कक्षा दसमा अध्ययन गर्दागर्दै सर्लाहीको इन्दुशङ्कर चिनी उद्योगमा फिल्ड म्यानको रूपमा आफ्नो जागिरे जीवनको प्रारम्भ गरेका हुन् । एस.एल.सी. दिएपछि भारतको हरियाणा राज्यको सोनीपत सहरमा केही महिना काम गरेपछि २०५१ सालमा दस जोड दुई कक्षा अध्ययन गर्ने सिलसिलामा उनी हेटौँडा प्रवेश गरेका हुन् । हेटौँडा आएपछि दिदी-भिनाजुको घरमा बसेर दस जोड दुई कक्षा पढ्दै मोटर ग्यारेजमा छ महिना काम गरे । २०५२ सालदेखि उनी शिक्षण कार्यमा प्रवेश गरेका हुन् । सुरुमा शिक्षा विकास शिशु सदन बसामाडीको प्रा.वि. तहमा कार्यरत थिए । त्यसपछि शक्तिशाली प्रा.वि., भार्ता, मकवानपुरमा दुई वर्ष अस्थायी शिक्षकको रूपमा काम गरे । २०५४ सालबाट रिलायन्स बोर्डिङ्ग स्कुलमा काम गरेका निखिल २०५८ सालबाट हेटौँडा स्कुल अफ म्यानेजमेन्टमा उ.मा.वि. तथा स्नातक तहमा कार्यरत रहेका हुन् । त्यस्तै २०६१-२०६२ सम्म भुटनदेवी उच्च मा.वि. मा +२ को संस्थापक र नेपाली विषयको सहायक प्राध्यापक भएको बुझिन्छ । २०६१-२०६९ सम्म हेटौँडा क्याम्पसमा बि. एड. तथा एम.एड. तहको नेपाली विषयका प्राध्यापक भएका हुन् । त्यसपछि २०५९-२०६८ सम्म जि.एस. निकेतन उच्च मा.वि. मा सेवा गरी त्यहाँको प्राचार्य समेत भएको बुझिन्छ । शिक्षण कार्यमा निरन्तर

---

[17] ऐजन ।

लागि रहेका निखिल २०६४ मङ्सिरदेखि मकवानपुर बहुमुखी क्याम्पसमा उ.मा.वि तथा स्नातक तहको नेपाली विषयका प्राध्यापकको रूपमा कार्यरत रहेका र हाल त्यही कलेजमा मात्र सीमित रहेका छन् ।[१८]

यसरी निखिलले आफ्नो जीवनमा युवा अवस्थादेखि नै सानोतिनो जागिरबाट सुरु गरी शैक्षिक स्तरमा उन्नति गर्दै शिक्षण कार्यमा प्रवेश गरे । यसरी उनी विभिन्न विद्यालय तथा कलेजमा अध्यापन गराउँदै हाल मकवानुपर बहुमुखी क्याम्पसमा मात्र बिहानदेखि बेलुकासम्म उ.मा.वि. स्नातक तहको नेपाली विषयको अध्यापनमा व्यस्त रहँदै आएका छन् ।

## २.७ आर्थिक अवस्था

निमेष निखिलको जन्म सामान्य मध्यमवर्गीय परिवारमा भएको हो । भीषण बाढी-पहिरोको कारण निखिलको परिवार सिन्धुलीबाट सर्लाहीमा बसाइँ-सराइ गरेपछि आर्थिक सङ्कट झेल्नु परेको बुझिन्छ । दस कक्षामा अध्ययन गर्दागर्दै सर्लाहीको चिनी उद्योगमा उनले सानोतिनो जागिर सुरु गरेका हुन् । एस.एल.सी. दिएपछि छ महिना भारतमा समेत काम गरेका निखिलले हेटौँडा प्रवेश गरेपछि पनि छ महिना मोटर ग्यारेजमा काम गरे । त्यसपछि २०५२ सालदेखि शिक्षण कार्य सुरु गरेका निखिलले विभिन्न विद्यालय तथा कलेजमा सेवा गर्दै हाल मकवानपुर कलेजमा बिहानदेखि बेलुकासम्म अध्यापनमा व्यस्त रहेका छन् । उनकी श्रीमती रन्जनादेवी पनि शिक्षण कार्यमा संलग्न रहेको बुझिन्छ । उनको आय-आर्जन यही शिक्षण पेसा रहेको छ र बुबाको नाममा सर्लाहीमा १० कठ्ठा जमिन भएको बुझिन्छ । २०६५ सालमा हेटौँडा, भैरवरोडको जि.एस. निकेतन चोकमा बनेको एकतले घरमा बा-आमा सहित छ जनाको परिवार बस्दै आएको देखिन्छ ।[१९] यसरी सानै उमेरदेखि विभिन्न आर्थिक सङ्कटको सामना गरेका निखिलले आफ्नो अध्ययन र लगनशीलतालाई निरन्तर अगाडि बढाउँदै हाल उनी व्यवस्थित भएर बस्न सक्ने भएका देखिन्छन् ।

## २.८ साहित्य लेखनमा प्रवेश र निरन्तरता

विशेषतः सानै उमेरदेखि कविता लेख्न सुरु गरेका साहित्यकार निखिलको जीवनमा दुःखलाग्दो घटना पनि प्रेरणा र प्रभावका स्रोत बनेका छन् । उनको सम्पूर्ण परिवार बसिरहेको ठाउँ

[18] ऐजन ।

[19] ऐजन ।

सुम्नाम पोखरी-४, सिन्धुलीमा २०४१ मा भीषण बाढी-पहिरो गएर बगर बन्दाको दृश्य आफ्नै आँखाले हेर्नु र सहनु परेको चोटबाट उनी मर्माहत भएर पहिलो कविता लेखेको बताउँछन् । त्यस्तै समाजका बेथिति, विकृति र विसङ्गतिले पनि कविता लेख्न झक्झकाएको कवि स्मरण गर्दै आफ्नै घरमा बस्ने शिक्षक ज्ञानेन्द्र भट्टराईसँग उनको ससुराली घर ओखलढुङ्गा गएका बेला फेला परेको श्यामप्रसाद शर्माको **लेखक कस्तो हुनु पर्छ ?** तथा युधीर थापाको **झरनाको मिठो पानी** लगायत केही पुस्तकहरू पढेपछि अतिरिक्त लेखन-पठनतर्फ रुचि जागेको कवि व्यक्त गर्दछन् । त्यसैगरी अर्को थप प्रभाव आफ्नी ठुली दिदीको घर बितीजोर जाँदा सवाइ छन्दको कविताको पर्चा फेला परेको त्यसै पर्चाका आधारमा सवाइ छन्दको प्रयोग गरी बाढी-पहिरोले पारेको क्षति तथा मान्छेको बिचल्लीलाई विषयवस्तुको रूपमा लिएर पहिलो कविता लेखेको कुरा कविले लिखित टिप्पणीमा अभिव्यक्त गरेका छन् । [२०]

यिनले विद्यालय तहमा पनि साथीभाइको आग्रहमा केही कविता लेखिदिएको बताएका छन् । यसरी नै कविता लेख्ने गतिविधिले तीव्रता पाउँदै गएर २०५० सालमा एस.एल.सी. दिएपछि भारत बसाइको क्रममा पूर्ण-अपूर्ण गरी तिनवटा (अप्रकाशित) उपन्यास लेखेको कुरा पनि टिप्पणीमा उल्लेख छ । २०५१ मा हेटौँडा प्रवेश गरेपछि दिदी-भिनाजुको घरमा बसी कक्षा ११ को अध्ययन गर्दै गर्दा लेखनको विस्तार, विभिन्न स्थानीय पत्रिका तथा तत्कालीन समयमा रचना प्रकाशनको क्रम आरम्भ गरेको बुझिन्छ । २०५२ सालको **युवामञ्च मासिक**मा *नेता* शीर्षकको पहिलो लघु कविता प्रकाशित र त्यसै पत्रिकाको २०५२ माघ अङ्कमा *विवशता* शीर्षकको लघुकथा प्रकाशित भएको बुझिन्छ ।

यिनको लेखनयात्राको पहिलो प्रामाणिक रचनासँगै निरन्तर अभ्यास र अनुभवले नयाँ-नयाँ सिर्जनाहरू परिपक्व बन्दै गएको पाइन्छ । २०५४/०५५ सालतिरबाट हेटौँडाबाट प्रकाशित हुने पत्रिका तथा अन्य राष्ट्रिय स्तरका पत्रिकाहरूमा नेपाली साहित्यका कविता, कथा, गीत, गजल, लघुकथा, अनुसन्धान, भूमिका, अन्तर्वार्ता, समीक्षा तथा समालोचना लगायत विभिन्न विधाका थुप्रै रचना प्रकाशित भएका छन् ।[२१] समग्रमा हेर्दा विभिन्न पत्र-पत्रिकाहरूमा छरिएर रहेका फुटकर रचनाहरूका अतिरिक्त उनका कवितासङ्ग्रह र नेपाली साहित्यमा देखा परेका निमेष निखिलको २०६४ सालसम्म कुनै पनि पुस्तकाकार कृति प्रकाशित भएको पाइँदैन । त्यसकारण २०५२ देखि २०६४ सालसम्मको उनको यस समयलाई आभ्यासिककाल पनि मान्न सकिन्छ । उनी यस बिचमा अनुभवले

---

[20] ऐजन ।

[२१] ऐजन ।

खारिँदै गएको देखिन्छ । उनका २०५३ देखि २०६४ सम्मका कविताका फुटकर रचनाहरूलाई सङ्कलन गरी छपन्नवटा कविताहरूको पुस्तकाकार कृतिको रूपमा **मनहरूको परिसर** २०६५ सालमा पहिलो कवितासङ्ग्रह प्रकाशित भएको देखिन्छ । यसरी हेर्दा २०५२ सालको **युवामञ्च**मा प्रकाशित *नेता* लघु कवितालाई उनको साहित्य यात्राको प्रस्थान बिन्दु मानिन्छ भने २०६५ सालमा प्रकाशित **मनहरूको परिसर** पुस्तकाकार कृतिलाई उनको प्रथम चरणको विशिष्ट उपलब्धि मान्न सकिन्छ । कवि निमेष निखिलको पहिलो कवितासङ्ग्रहका बारेमा विभिन्न विद्वान्हरूले गरेको समीक्षालाई यसप्रकार देखाउन सकिन्छ-

> सरूभक्तले **मनहरूको परिसर** समकालीन कविताको मनजस्तै विशाल र अर्थपूर्ण छ, उनले मानव जीवनका सुख-दुःखात्मक इतिवृत्तहरू, गाउँ-बस्तीका कथाहरू, समकालीन आशाका बिडम्बना र विसङ्गतिहरू सबैतिर छोएका छन् भनी भूमिकामा प्रतिक्रिया दिएका  छन् ।[२२]

> लक्ष्मणप्रसाद गौतमका अनुसार निमेष समकालीन चेतनाका कवि हुन्, युगीन चेतनाका कवि हुन्, नवीन दृष्टिकोण र बहुलतालाई अङ्गीकार गरेर लेख्ने कवि हुन् भन्ने अभिव्यक्ति पाइन्छ । [२३]

> रमेशमोहन अधिकारीका अनुसार निमेषका कविताले आफ्नो समयका स्वर बोकेका छन् । आफ्नो समाज, राष्ट्र तथा समयका भोक्ता निमेषले आफ्ना कविताहरूमा यिनै विषयहरूलाई कुशलतापूर्वक प्रस्तुत गरेका छन् । [२४]

हेटौँडामा २०५४ पछि साहित्य सङ्गम, मकवानपुरले गर्ने प्रत्येक साहित्यिक कार्यक्रममा सक्रिय सहभागिता तथा विभिन्न प्रतियोगितामा भाग लिई थुप्रै पुरस्कार प्राप्त गर्न थालेपछि कविलाई साहित्यमा ऊर्जा थपिँदै गएको बुझिन्छ ।[२५] २०५७ सालबाट कोषाध्यक्षका रूपमा साहित्य सङ्गम, मकवानपुरमा प्रवेश गरी त्यसको लगत्तैपछि सचिवका रूपमा तिन कार्यकाल तथा अध्यक्षका रूपमा दुई कार्यकाल पुरा गरेको जानकारी पाइन्छ ।

शैक्षिक स्तर वृद्धि हुँदै जाँदा समाजमा देखेका, सुनेका र भोगेका विभिन्न अनुभव सङ्गालेर शोषित-पीडित वर्गप्रतिको संवेदनशीलता, राष्ट्रप्रेम, सामाजिक जीवनको पर्यावलोकन तथा समसामयिक

---

[२२] सरूभक्त, *कवि, मन र आन्दोलन,* **मनहरूको परिसर,** निमेष निखिल, मकवानपुर : कवि स्वयम्, २०६५, भूमिका ।

[२३] लक्ष्मणप्रसाद गौतम, *निमेषका कवितामाथि आत्मटिप्पणी,* **मनहरूको परिसर,** निमेष निखिल, मकवानपुर : कवि स्वयम्, २०६५, पृ. १०० ।

[२४] रमेशमोहन अधिकारी, *मैले लेख्न खोजेको कवितामा शैली वैज्ञानिक दृष्टि,* **अक्षय-अक्षर,** वर्ष ८, अङ्क ४, २०६८, पृ. ५१ ।

[25] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यकारका कृतिहरूको अध्ययनबाट प्राप्त ज्ञान र अनुभव नै निखिलको साहित्यिक यात्राको प्रेरणा र प्रभावको स्रोत भएको अवगत हुन्छ । यसरी साहित्यप्रति गम्भीर रुचि राख्ने निखिल अगाडिका पुस्ताका नेपाली साहित्यकारहरूमा भानुभक्त, पारिजात, भूपि शेरचन, गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, वैरागी काइँला आदिबाट प्रभावित देखिन्छन् । त्यस्तै समकालीन कविहरूमा श्यामल, दिनेश अधिकारी, श्रवण मुकारूङ, मनु मन्जिल, साम्ब ढकाल, आर.आर. चौलागाईं लगायतबाट प्रभावित भएको र आफूलाई साहित्य लेखनप्रति निरन्तर लागिरहने प्रेरणा मिलेको उनी बताउँदछन् । आफ्नै छिमलका लेखकहरूमा चाहिँ उनलाई भूपिन, सरिता तिवारी, सरस्वती प्रतीक्षा, सङ्गीत श्रोता, हेमन यात्री, सुदीप पाख्रिन आदि मन पर्ने कविहरू हुन् । [२६]

जीवन र जगत्का उकाली-ओरालीहरूमा उनले भोगेका र देखेका विभिन्न अनुभव र मन छुने घटनाक्रमहरू, समाजमा व्याप्त हिंसा, राजनीतिक खिचातानीले उत्पन्न अन्यौल, हुनेखाने र हुँदा खाने बिचको असमानता तथा बेथितिहरूबाट आहत भएर साहित्य लेखनतर्फ लागेका उनका रचनाहरूबाट बुझ्न सकिन्छ । साहित्यकार निमेष निखिलका हालसम्म पुस्तकाकार कृतिका रूपमा तिनवटा कवितासङ्ग्रहहरू- पहिलो कृति **मनहरूको परिसर** कवितासङ्ग्रह (२०६५), दोस्रो कृति **उमेरको नदी** कवितासङ्ग्रह (२०७० लामा कविता) र तेस्रो कृति **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रह (२०७१) प्रकाशित भएका छन् । उनका कथा, कविता, गीत, गजल, समीक्षा, समालोचना, भूमिका, अनुसन्धान लगायत थुप्रै फुटकर रचनाहरू विभिन्न स्थानीय र राष्ट्रिय पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् । यसरी उनी साहित्यमा प्रवेश गरी निरन्तरता दिँदै आएको पाइन्छ ।

## २.९ साहित्यिक मान्यता

साहित्यकार निमेष निखिलका अनुसार साहित्य भनेको समाजको दर्पण तथा मार्गदर्शक वस्तु मात्र नभएर समाजका विकृति र विसङ्गतिको मुक्तिका लागि ऊर्जा प्राप्त गर्ने साधन हो । साहित्य स्वयम्लाई सुख र आनन्दको लागि भन्दा समाजोपयोगी हुनुपर्छ भन्ने मान्यता निखिलको रहेको छ । उनका विचारमा साहित्यमा समाज खरो रूपमा उभिएको हुनुपर्छ । सबै साहित्यकारका भाषा र प्रस्तुतीकरण फरक भए पनि साहित्य पढ्दा जीवन्तता र सजीवताको अनुभूति दिने खालको हुनुपर्छ भन्ने उनको मान्यता रहेको छ ।[२७] समाजप्रेम, मानवप्रेम र राष्ट्रप्रेमले ओतप्रोत निखिल समाजको

[26] ऐजन ।

[27] ऐजन ।

विकृति, विसङ्गति र बेथितिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दछन् । शोषित-पीडित वर्गको उत्थानका निम्ति सबै मानिस प्रयत्नशील रहनुपर्छ भन्ने निखिलको विचार रहेको पाइन्छ ।

साहित्यले जीवनका उज्यालो पक्षको दिग्दर्शन गराओस् भन्ने उनको चाहना छ । साहित्यले नराम्रोलाई राम्रो र राम्रोलाई अझ राम्रो र अझ राम्रोलाई सबैभन्दा राम्रो बनाउन प्रयत्न गरोस् भन्ने उनको विचार छ । आशा र उत्साहको सृजना साहित्यले गराउँछ भन्ने विश्वास राख्ने निखिलले हामी सबैले परम्पराबाटै सबै कुरा सिक्ने हुनाले परम्पराको सम्मान गर्नुपर्छ भन्ने उनको स्पष्ट विचार छ । साहित्य समाजको पथप्रदर्शक भएको हुनाले सर्वसाधारण मानिसले पनि बुझ्न र त्यसको भाव ग्रहण गर्न सक्ने सरल-सहज हुनुपर्छ र मानव जीवनकै हितका लागि हुनुपर्छ भन्ने निखिलको धारणा रहेको छ ।[२८] साहित्यकार निमेष निखिलले साहित्यको प्रस्तुतीकरण, त्यसको सुन्दर पक्ष, वस्तु र आस्वादन पक्षमा आफ्ना मौलिक र गहन विचार-दृष्टि प्रस्तुत गरेका छन् ।

## २.१० सम्मान तथा पुरस्कारहरू

कलिलो उमेरदेखि नै सिर्जनशील प्रतिभाको परिचय दिन थालेका निमेष निखिलको साहित्य साधनाले २०५२ सालदेखि निरन्तरता पाइरहेको छ । कविताको माध्यमबाट साहित्यमा प्रवेश गरेका निखिलले अरु पनि विभिन्न विधामा रचना सिर्जना गर्दै वि. सं. २०५४ देखि विभिन्न स्थानीय पुरस्कारहरू प्राप्त गर्न थालेका हुन् । २०५८ सालमा पहिलो पटक उनले राष्ट्रिय लघुकथा प्रतियोगितामा तृतीय पुरस्कार प्राप्त गरी राष्ट्रिय पुरस्कारको ढोका उघारेका हुन् । त्यसपछि २०५८ मा नै राष्ट्रिय लघुकथा प्रतियोगितामा उनी उत्कृष्ट दसभित्र पर्न सफल भएका थिए । त्यसैगरी २०६० मा रामबाण व्यङ्ग्य सम्मान, २०६५ सालमा चितवनमा **मनहरूको परिसर** कवितासङ्ग्रहका लागि स्व. गणेश तथा हस्तकुमारी (लक्ष्मीकुमारी पन्त) स्मृति पुरस्कार प्राप्त गरेका थिए । निरन्तर साहित्य साधनामा लागेका निखिलले २०६५ सालमा अर्को बृहद् राष्ट्रिय युवा कविता प्रतियोगितामा तृतीय पुरस्कार, २०६६ मा गजल मञ्च मकवानपुरबाट सम्मान, २०६५ मा कदर-पत्र रेडियो थाहा सञ्चारबाट सम्मान, २०६६ मा कदर-पत्र नेपाली कलासाहित्य डटकमबाट सम्मान प्राप्त गरेका थिए । त्यसैगरी २०६७ सालमा मकवानपुर साहित्य श्री सम्मान तथा २०६९ मा सिर्जन-सौरभ प्राप्त गरेका निखिलले अन्य विभिन्न साहित्यिक प्रतियोगिताहरूमा थुप्रै सम्मान तथा पुरस्कारहरू प्राप्त गरेका छन् । (यो

[28] निमेष निखिल, **उमेरको नदी,** (लामा कविता) भूमिका, *आत्मकथन,* मकवानपुर : आशिष श्रेष्ठ, २०७० ।

शोधपत्रलाई अन्तिम रूप दिँदै गर्दा निखिलले २०७१ सालको युवा वर्ष मोती पुरस्कार पनि प्राप्त गरेका छन् ।)

### २.११ सङ्घ-संस्थामा आबद्धता

साहित्यकार निमेष निखिल साहित्यिक सङ्घ-संस्था बाहेक अन्य सङ्घ-संस्थामा त्यति आबद्ध भएका देखिँदैनन् । राजनीति तथा सामाजिक क्षेत्रमा खासै काम गरेको पाइँदैन । उनी सर्लाही समाज (मकवानपुर) संस्थाका संस्थापक सचिव छन् । त्यस्तै अर्को नेपाल-भारत मैत्री सङ्घका आजीवन सदस्य भएका देखिन्छन् । खासगरी उनी साहित्यका विभिन्न सङ्घ-संस्थामा आबद्ध रहेका छन् । उनी प्रलेस नेपालका केन्द्रीय सदस्य हुन् । त्यस्तै उनले २०५७-२०६३ सम्म साहित्य-सङ्गम मकवानपुरका सचिव भएर काम गरेको देखिन्छ भने २०६३-२०६७ सम्म साहित्य-सङ्गम मकवानपुरको अध्यक्ष पदमा रहेर काम गरेको देखिन्छ ।[२९] त्यसैगरी नेपाल साहित्यिक पत्रकार सङ्घ मकवानपुरका अध्यक्षका साथै सिर्जना तथा संस्कृति सञ्जाल मकवानपुरका सचिव भएको पाइन्छ । यसरी निखिलले विभिन्न साहित्यिक सङ्घ-संस्थामा विभिन्न पदमा रहेर सक्रिय रूपमा साहित्यको क्षेत्रमा योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

### २.१२ रुचि तथा स्वभाव

सानै उमेरदेखि नै अतिरिक्त लेखन कार्यमा विशेष रुचि भएका साहित्यकार निमेष निखिल नयाँ-नयाँ पुस्तक खोजी पढ्न, सङ्कलन गर्न र नयाँ विषयका बारेमा खोज एवम् अनुसन्धान गर्न मन पराउने गर्दछन् । नयाँ-नयाँ ठाउँहरूको भ्रमण र अवलोकनमा पनि यिनको रुचि रहेको देखिन्छ । कम बोल्ने, अरुले भनेको कुरामा राम्रोसँग चिन्तन-मनन गर्ने, विचार गरेर उत्तर दिने, शिष्ट र नरम तथा अन्तर्मुखी स्वभावका निखिल सबैका मनपर्ने व्यक्तित्वका रूपमा चिनिन्छन् । उनी हावादारी गफ गर्ने, तडक-भडक र भड्किलो स्वभाव देखाउनेप्रति वितृष्णा राख्दछन् र सङ्गत गर्न रुचाउँदैनन् । निखिल अरुलाई हेप्न र चेप्न नचाहने, अरुले हेप्न वा चेप्न खोजे पनि प्रतिकार नगर्ने र बदलाको भावना पनि नराख्ने बरू साहित्यका माध्यमबाट व्यङ्ग्यात्मक रचना सिर्जना गर्ने र आफ्नो व्यक्तित्व बढाउनतर्फ लागिरहने सरल स्वभाव तथा मिजासिला व्यक्तिका रूपमा चिनिन्छन् ।

---

29 ऐजन ।

साहित्य सिर्जनाका दृष्टिले निखिल प्रगतिशील विचारका धनी मानिन्छन् । अन्धविश्वासका विरोधी निखिल रीतिरिवाज, धर्म, संस्कृति मान्नु त पर्छ तर समय अनुरूप परिमार्जित हुँदै जानुपर्छ भन्ने मान्यता राख्दछन् ।[३०] राजनीतिक नेताहरूमा उनी मदन भण्डारी, मनमोहन अधिकारी, विश्वेश्वरप्रसाद कोइरालालाई मन पराउँछन् । त्यस्तै साहित्यका क्षेत्रमा पुराना पुस्ताका भानुभक्त, देवकोटा, पारिजात, भूपि शेरचन र गोपालप्रसाद रिमाल आदि मन पराउँछन् भने नयाँ पुस्तामा श्यामल, मनु मन्जिल, श्रवण मुकारूङ लगायत केही युवाकवि तथा साहित्यकारहरूप्रति श्रद्धापूर्वक मार्गनिर्माता भन्न रुचाउँछन् । यसर्थ उनको रुचि साहित्य लेखन तथा पठन गर्न, नयाँ-नयाँ ठाउँ घुम्न, सङ्गीत तथा गजल सुन्न विशेष रुचि रहेको र अझै अन्य विधाहरूमा पनि कृति प्रकाशन गर्ने इच्छा रहेको बताउँछन् ।[३१]

यसरी उनी सरल, मिलनसार, सोच-विचार गरेर बोल्ने असल व्यक्ति हुन् । उनका रुचि तथा इच्छा साहित्य पढ्ने-लेख्ने, घुम्ने, गजल तथा सङ्गीत सुन्ने एवम् अग्रज साहित्यकारहरूका राम्रा पक्षलाई अवलम्बन गर्ने कुशल व्यक्तिको रूपमा चिनिन्छन् ।

## २.१३ यात्रा तथा भ्रमण

नयाँ-नयाँ स्थानको अवलोकन गर्न ज्यादै इच्छुक देखिने निखिलले हेटौँडा प्रवेश गरेर साहित्यिक क्षेत्रमा औपचारिक रूपमा लागेपछि साहित्यिक जमघट, गोष्ठी आदिमा सहभागी हुन नेपालका विभिन्न स्थानहरूमा विभिन्न समयमा जाने अवसर प्राप्त गरेका छन् । साहित्यिक कार्यक्रममा सहभागी हुने क्रममा उनले नेपालको पूर्वीक्षेत्र विराटनगरदेखि भारतका सिक्किम तथा सिलिगुडी र कोलकातासम्म तथा पश्चिममा पोखरा, पाल्पा, बाग्लुङ, नेपालगन्ज, चन्द्रौटा आदि स्थान घुम्ने अवसर पाएको देखिन्छ भने स्वेच्छाले पनि देशका कतिपय स्थानमा घुमेको र अझै विभिन्न स्थानमा घुम्न जाने इच्छा रहेको बताउँछन् । यसरी साहित्य, पत्रकारिता तथा निजी स्वेच्छिक उद्देश्यले स्वदेश तथा छिमेकी मुलुक भारतका केही स्थानहरू घुमेको निखिलले बताएका छन् ।[३२]

निखिलले देशका विभिन्न ठाउँ तथा छिमेकी मुलक भारतमा यात्रा तथा भ्रमण गरी धेरै अनुभव बटुलेको देखिन्छ ।

---

30 ऐजन ।

31 ऐजन ।

32 ऐजन ।

## २.१४ दिनचर्या

हरेक मानिसका आ-आफ्नै किसिमका दिनचर्या भएजस्तै निमेष निखिलको पनि आफ्नै दिनचर्या रहेको छ । उनी बिहान ४:३० बजे उठेर आफ्नो बिहानको नित्य कर्म सकेर ६:०० बजे क्याम्पस पुग्छन् । उनी बिहान, दिउँसो र बेलुका मकवानपुर बहुमुखी क्याम्पसमा अध्यापनमा व्यस्त रहन्छन् । बेलुका बचेको समय, बिदाको दिन र लामो बिदामा साहित्यको क्षेत्रमा काम गर्ने समय मिलाउँछन् ।[३३] यसरी उनले आफ्नो अति व्यस्त समयमा पनि समय निकालेर साहित्य साधनामा निरन्तर लागिरहेको पाइन्छ ।

## २.१५ सुख, दुःखका क्षणहरू

सबै मानिसले सुख, दुःखका क्षण बिताए जस्तै निखिलले जीवनका सुरुवातका दिनहरू दुःख र सङ्घर्षमा बिताएको पाइन्छ । सानै उमेरमा निखिललाई प्राकृतिक विपत्तिले ठुलो चोट पुऱ्याएको थियो । २०४१ सालमा आफू बसेको ठाउँ सिन्धुलीको सुम्नाम पोखरी-४ मा भीषण बाढी-पहिरोले सोत्तर पारेर आफ्नै आँखा अगाडि बगर बनाएको दृश्यले उनी अत्यन्त दुःखी भएको बताउँछन् । त्यहाँबाट विस्थापित भई उनको सम्पूर्ण परिवार सर्लाहीको हरिवनमा बसाइँ सर्न बाध्य हुन्छन् । कलिलो उमेरदेखि नै उनको जीवनमा सुख भन्दा दुःख र सङ्घर्ष बढी गर्नु परेको कुरा उनीसँग गरिएको कुराकानीबाट बुझ्न सकिन्छ । त्यस्तै आफ्नी ठुली दिदीको मृत्युले पनि उनलाई आघात पुऱ्याएको स्मरण गर्दछन् । विभिन्न ठाउँमा जागिर खाँदा हन्डर र ठक्कर पाएका थिए भने असल नेता वा राम्रा साहित्यकारको मृत्युले पनि दुःखदायी बनाएको कुरा उनी व्यक्त गर्दछन् । त्यसैगरी स्मरणीय सुखको क्षणका रूपमा आफ्नो पहिलो रचना र पहिलो कृति छापिँदा तथा विभिन्न स्थानमा सम्मानित र पुरस्कृत हुँदाको बखतलाई लिएका छन् । यसरी नै विभिन्न स्थानमा साहित्यिक भेला, गोष्ठी तथा कार्यक्रमहरूमा निमन्त्रण गरिँदा पनि उनलाई ज्यादै खुसी लाग्ने र त्यसलाई सुखको क्षणको रूपमा उनले लिएका छन् ।[३४] सानै उमेरमा निखिललाई प्राकृतिक विपत्तिले दिएको दुःखको कारणले जीवन सुख र दुःखको सम्मिश्रण हो र यस्तो विपत्तिसँग डराएर होइन त्यसलाई स्वीकार गरी जीवन जिउनु पर्छ भन्छन् । जीवनका यिनै तिता-मिठा अनुभवहरूलाई स्मृतिबिम्बका रूपमा अँगाल्दै साहित्यकार निमेष निखिलको जीवनयात्रा अगाडि बढिरहेको देखिन्छ ।

---

[२९] ऐजन ।

[२९] ऐजन ।

## २.१६ ईश्वरप्रतिको आस्था

सनातन हिन्दु परम्पराबाट प्रभावित परिवारमा निमेष निखिलको जन्म भएको हो । अरुले ईश्वरप्रति गरेको पूजाआजा र व्रतको विरोध पनि गर्दैनन् आफू पूर्ण आस्तिक भएर भक्तिभाव देखाउने काम पनि गर्दैनन् । मानव सेवामा विश्वास गर्ने निखिल सत्कर्ममा जोड दिन्छन् । परम्पराका राम्रा पक्षहरूलाई अनुसरण गर्दै वर्तमान तथा भविष्यको मार्ग निर्माण गर्नुपर्ने विचार राख्दछन् । मान्छेले मान्छेमाथि न्याय गर्नुपर्ने, विश्वासको वातावरण सिर्जना गर्नुपर्ने विचार राख्दछन् । सामान्य मान्छे सरह श्रम गर्ने व्यक्तिहरूलाई भगवान्को रूप मान्ने निखिल भोका-नाङ्गा, दीन-दुःखीहरू तथा श्रम गर्ने श्रमिकहरू नै भगवान् हुन् र उनीहरूको सेवा नै पूजा हो भन्ने मान्यता राख्दछन् । कुनै ठाउँको मन्दिर गए पनि आस्तिकताले भन्दा घुम्न, हेर्न मन पर्ने भएको कारणले जाने गर्दछन् र नयाँ कुरा देखे भने साहित्यमा बिम्बका रूपमा लिन्छन् ।

यसरी मठ-मन्दिरका ढुङ्गाका मूर्तिमा ईश्वरको अलौकिक शक्तिप्रति विश्वास नगरी उनी ईश्वरलाई आध्यात्मिक दर्शनका रूपमा स्विकार्छन् । मानव सेवाले नै मानिसको जीवन सभ्य, सुसंस्कृत एवम् नैतिकवान् र अनुशासित तुल्याउन मद्दत पुऱ्याउँछ भन्ने दृढ विचार राख्छन् । यसर्थ निखिलले दीन-दुःखी, श्रमिक, मजदुर, किसानहरूको सेवा नै धर्म हो भन्ने ठान्दछन् ।[३५]

यसरी निखिल मूर्तिपूजा तथा व्रतमा विश्वास नगरी दीन-दुःखी, श्रमिक तथा गरिबको श्रमको पूजा तथा मानव सेवामा धर्म हुन्छ भन्ने विश्वास राख्दछन् ।

## २.१७ निष्कर्ष

कुनै पनि व्यक्तिको जन्मदेखि मृत्युसम्म जीवन यात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । जीवन सबैको एकनासको हुँदैन । कसैको जीवन भावी पुस्ताका लागि अनुकरणीय हुन्छ त कसैको जीवन सहानुभूतिको पात्र बनिदिन्छ । भावी पुस्ताका लागि तुलनात्मक रूपमा प्रेरणाका स्रोत बनेका निमेष निखिलको जन्मदेखि हालसम्मको जीवनी पक्षलाई यहाँ अति सङ्क्षेपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

२०३२ साल चैत्र २८ गते पिता प्रेमप्रसाद बराल र माता प्रेमकुमारी बरालको कोखबाट सिन्धुलीको सुम्नाम पोखरी-४, पोखरी गाउँमा जन्मेका निमेष निखिलको सम्पूर्ण परिवार भीषण बाढी-पहिराको कारण सर्लाहीको हरिवनमा बसाइँ सरेको बुझिन्छ । त्यसपछि उच्च अध्ययनको

---

[३०] ऐजन ।

सिलसिलामा २०५१ सालमा निखिल मात्र हेटौँडा प्रवेश गरेका हुन् । पछि उनका बाबु-आमा पनि बसाइँ सरी हेटौँडामा बस्दै आएको बुझिन्छ । निमेषले प्राथमिक तहको शिक्षा सिन्धुलीमा पाएका हुन् भने एस.एल.सी. सम्म सर्लाहीमा अध्ययन गरेको देखिन्छ । सानो छँदा पारिवारिक र आर्थिक रूपमा सुख, शान्ति खासै नभए पनि त्यसबाट निखिल विचलित नभैकन सर्लाही र भारतको हरियाणामा समेत सानोतिनो जागिर गरेपछि हेटौँडा आएका हुन् । त्यहाँ पनि मोटर ग्यारेजमा छ महिना काम गरेपछि मात्र शिक्षण पेसामा लाग्न थालेका हुन् । एकातिर जागिर र अर्कोतर्फ आफ्नो अध्ययनलाई निरन्तर अगाडि बढाइरहेका निखिलले २०५३ सालमा दस जोड दुई उत्तीर्ण गरे । बि.एड. (त्रि.वि.) हेटौँडा क्याम्पसबाट २०५७ सालमा पास गरेका हुन् भने एम.ए. नेपाली केन्द्रीय क्याम्पस, कीर्तिपुर, काठमाडौँबाट प्रथम श्रेणीमा २०५९ मा उत्तीर्ण गरेका हुन् । त्यसपछि एम.एड. नेपाली हेटौँडा क्याम्पसबाट २०६९ सालमा प्रथम श्रेणीमा उत्तीर्ण गरी आफ्नो शैक्षिक स्तर उकासेका हुन् ।

को अवधारणा भए पनि सार्वभौम रूपमा नै सुरु गरेका निखिलले बसामाडीको शिक्षा विकास शिशु सदनमा प्राथमिक तहमा कार्य गरेको बुझिन्छ । त्यसपछि विभिन्न विद्यालय तथा बोर्डिङ स्कुल हुँदै २०५८ सालमा हेटौँडा स्कुल अफ म्यानेजमेन्टमा उ.मा.वि. र स्नातक तहमा कार्यरत रहेका निखिल २०६१ सालदेखि भुटनदेवी उच्च मा.वि. मा उ.मा.वि. तहमा कार्यरत रहेको देखिन्छ । २०६१ सालबाटै हेटौँडा क्याम्पस र जि.एस. निकेतन उच्च मा.वि. मा (२०५९-२०६८ सम्म) कार्यरत रहेका निखिल २०६४ सालदेखि हालसम्म मकवानपुर बहुमुखी क्याम्पसमा अध्यापन गराउँदै आएका छन् ।

निखिलको परम्परागत हिन्दु संस्कारअनुसार १३ वर्षको उमेरमा उपनयन कर्म भएको हो । २०५५ सालमा रन्जना घिमिरेसँग विवाह भएको हो । उनका एक छोरा र एक छोरी गरी दुई सन्तान रहेका छन् । हाल हेटौँडाको भैरव रोड, जि.एस. निकेतन चोकमा निमेष निखिलका बा, आमा सहित छ जनाको परिवार आफ्नै घरमा बस्दै आएका छन् । युवावस्थामा धेरै सङ्घर्ष गरेका निखिल हाल सुखी र खुसी देखिन्छन् । राजनीतिमा चासो नराख्ने तर प्रगतिशील विचारका साहित्यकार निखिल समाजमा भएका बेथिति, विकृति, विसङ्गति, असमानता र अस्त-व्यस्ततादेखि आहत भई समाजका भोका-नाङ्गा, निमुखा, शोषित, पीडित, पिछडिएका वर्गका दुःखलाई नजिकबाट नियाल्दै तिनैका उत्थानका लागि निरन्तर आफ्नो कलम चलाइरहेका छन् । साहित्यले समाजलाई परिवर्तनको बाटो देखाउनु पर्छ र साहित्य मानव हितका लागि हुनुपर्छ भन्ने निखिल मानवसेवा र धर्तीका श्रमिकको पूजा नै ईश्वरको पूजा हो भन्ने ठान्दछन् । सक्रिय रूपमा विभिन्न साहित्यिक सङ्घ-संस्थामा आबद्ध रहँदै

आएका निखिल समाजका विकृति, विसङ्गति विरुद्ध विद्रोहको स्वर प्रकट गर्ने माध्यम साहित्य सिर्जनामा देख्छन् । मौखिक रूपमा कहीँ-कतै, कसैसँग कडा वा क्रुद्ध स्वरले नबोल्ने निखिल आफ्ना कवितामार्फत् समाजमा व्याप्त अन्याय, अत्याचार, असमानता, असत्य, खोक्रो आडम्बर, देशको अस्त-व्यस्तताका विरुद्ध क्रोधलाई शालीनतापूर्वक प्रकट गर्ने निर्भीक र एक सिद्धहस्त साहित्य साधक हुन् । नेपाली साहित्यका कुशल साहित्य स्रष्टाका रूपमा परिचित भएका निखिल वर्तमान अवस्थामा विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूबाट पुरस्कार तथा सम्मान प्राप्त गर्न सफल प्रतिभाका रूपमा देखा परेका छन् ।

# परिच्छेद : तिन

# साहित्यकार निमेष निखिलको व्यक्तित्व

## ३.१ विषय प्रवेश

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण, व्यक्तिको निजीपन वा व्यक्तिले आफूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषतालाई व्यक्तित्व भनिन्छ ।[३६] कुनै पनि व्यक्तिको व्यक्तित्व, जीवन भोगाइका क्रममा देखापरेका सामान्य एवम् असामान्य स्थितिबाट निर्माण भएको हुन्छ । व्यक्तित्व निर्माणलाई धेरै कुराहरूले प्रभाव पारेको हुन्छ । समाज, परिवार, संस्कृति, शिक्षा, साहित्य आदिले व्यक्तित्व निर्माणका लागि ठुलो भूमिका खेलेको हुन्छ ।

निमेष निखिलको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि सुहाउँदो देखिन्छ । पाँच फिट छ इन्छ उचाइ, ७० किलो तौल, गहुँगोरो वर्ण, बाटुलो अनुहार, उज्यालो र हँसिलो मुखमण्डल, केही चिन्तन गरिरहे जस्तो मुखाकृति देखिन्छ । निखिल कसैसँग अन्याय, अत्याचारका निम्ति प्रतिकार नगर्ने वा नमिठो बोलेर नचिढाउने, उच्च मनोबल भएका, देखेका कुरा नढाँटी बोल्ने, लोलोपोतो गर्न नचाहने विचार गरेर बोल्ने अन्तर्मुखी स्वभावका मिलनसार व्यक्ति हुन् । निखिलका बारेमा श्यामलले यसरी टिप्पणी गरेका छन्-

> "निखिल शालीन, भावुक, स्वयम् परिश्रमी, अरुको परिश्रममा विश्वास गर्ने मानवीय दृष्टि सम्पन्न र त्यस्तै दृष्टिका आकाङ्क्षी कवि हुन् ।"[३७]

उनले कवितामार्फत् शोषणरहित, उत्पीडनरहित, सार्वभौम, स्वतन्त्र, समानतायुक्त समाजको समृद्धिको चाहना गर्दै आफूले देखेका र भोगेका कुराहरूलाई स्पष्ट रूपमा अभिव्यक्ति दिएका छन् । यिनै कुराहरूले गर्दा उनको बाह्य व्यक्तित्वलाई पनि आकर्षक बनाएको देखिन्छ । त्यस्तै उनका समस्त व्यक्तित्वहरूको अध्ययन गर्दा आन्तरिक व्यक्तित्व बहुआयामिक देखिन्छ । निमेष निखिलले नेपाली साहित्यको श्रीवृद्धि, समाजसेवा र राष्ट्रोन्नतिमा के-कति योगदान दिएका छन् भन्ने कुरा बुझ्न उनका जीवनका विभिन्न पाटाहरूको अध्ययन गर्नु पर्ने हुन्छ । उनका आन्तरिक व्यक्तित्वका पाटाहरूलाई

---

[३६] बालकृष्ण पोखरेल (नि.), **नेपाली बृहत शब्दकोश,** पाँचौ संस्करण, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८, पृ. ११७५ ।

[३७] श्यामल, *कवितामा स्मृतिदंश* (भूमिका), **उमेरको नदी (लामा कविता)** कवितासङ्ग्रह, निमेष निखिल, मकवानपुर : आशिष श्रेष्ठ, २०७० ।

साहित्यिक र साहित्येतर गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गरिएको छ । साहित्यिक पक्षमा उनको कवि व्यक्तित्व, बाल साहित्यकार व्यक्तित्व, कथाकार व्यक्तित्व, गीतकार व्यक्तित्व, गजलकार व्यक्तित्व, भूमिका लेखक व्यक्तित्व, समीक्षा तथा समालोचक व्यक्तित्व, अनुसन्धाता व्यक्तित्व तथा अन्तर्वार्ताकार व्यक्तित्व आदि व्यक्तित्वका बारेमा प्रकाश पारिएको छ । त्यस्तै साहित्येत्तर पक्षमा पत्रकार तथा सम्पादक व्यक्तित्व, प्रशासनिक एवम् शैक्षिक व्यक्तित्व र सामाजिक एवम् साङ्गठानिक व्यक्तित्व बारेमा अध्ययन गरिएको छ ।

## ३.२ व्यक्तित्व

कुनै पनि व्यक्तित्वभित्र अन्तर्निहित गुण, प्रतिभा वा व्यक्तिमा निहित विशिष्टतालाई त्यस व्यक्तिको आन्तरिक व्यक्तित्व भनिन्छ । कुनै पनि मानिसको व्यक्तित्व उसको जीवनको उतार-चढाव, क्रिया-प्रतिक्रिया र जीवन भोगाइमा निर्भर रहन्छ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनैतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा आवश्यक हुन्छ । निखिलको समस्त व्यक्तित्वको अध्ययन गर्दा उनको व्यक्तित्व बहुमुखी देखिन्छ । निमेष निखिलले नेपाली साहित्यको श्रीवृद्धि, समाजसेवा र राष्ट्रोन्नतिमा के-कति योगदान दिएका छन् भन्ने कुरा बुझ्न उनका जीवनका विभिन्न पाटाहरूको अध्ययन गर्नुपर्ने हुन्छ । उनको व्यक्तित्वका पाटाहरूलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### ३.२.१ साहित्यिक व्यक्तित्व

निमेष निखिल नेपाली साहित्यको साधनामा किशोरावस्थादेखि नै गहिरो अभिरुचि भएका व्यक्तित्व हुन् । सानै उमेरदेखि कविता लेख्न थालेका निखिलले २०५२ सालमा *नेता* लघु कविता **युवामञ्च**मा प्रकाशित गरेर औपचारिक रूपमा साहित्यको क्षेत्रमा प्रवेश गरेका हुन् । त्यसपछि उनले फुटकर रूपमा कविता, कथा, गीत, गजल, समीक्षा तथा समालोचनाहरू विभिन्न स्थानीय र राष्ट्रिय पत्र-पत्रिकाहरूमा प्रकाशित गर्दै आएको देखिन्छ । उनले पहिलो पटक २०५८ सालमा राष्ट्रिय लघुकथा प्रतियोगितामा तृतीय पुरस्कार प्राप्त गरेका थिए भने लघुकथामा त्यही साल उत्कृष्ट सम्मान पनि प्राप्त गरेका थिए । यसैगरी उनले पटक-पटक थुप्रै पुरस्कार हात पारेका छन् । उनले २०६० सालदेखि नै **अक्षय-अक्षर** त्रैमासिक पत्रिकाको सम्पादन गरी हालसम्म उक्त कार्य गरिरहेका छन् । त्यस्तै **भोलारामको आत्मा, आर.सी. रिजालका अनूदित हास्य-व्यङ्ग्यहरूको सङ्कलन** २०६० लगायत थुप्रै पुस्तक तथा पत्र-पत्रिकाहरूको सम्पादन गर्ने कार्य गरेका छन् ।

यसै गरी उनले प्रलेस नेपालको केन्द्रीय सदस्य, साहित्य सङ्गम मकवानपुरको अध्यक्ष (२०६३-२०६७), नेपाल साहितत्यिक पत्रकार सङ्घ मकवानपुरको अध्यक्ष, सिर्जना तथा संस्कृति सञ्जाल मकवानपुरको सचिव पद सह्मालेर काम गरेको पाइन्छ । यसरी प्रकाशनका दृष्टिले २०५२ सालदेखि नै निरन्तर साहित्य साधनामा लागेका निखिलको साहित्य यात्रा क्रमशः गतिशील बन्दै अघि बढेको देखिन्छ । उनका साहित्यिक रचनाहरू फुटकर रूपमा **मधुपर्क, गरिमा, मिर्मिरे, समष्टि, अक्षय-अक्षर, जनमत, अभिव्यक्ति, रचना, मातृभूमि, कान्तिपुर, नागरिक, गोर्खापत्र, नागरिक, अन्नपूर्ण पोस्ट, नयाँ पत्रिका** आदि राष्ट्रिय पत्रपत्रिका लगायत स्थानीय पत्रपत्रिकाहरूमा समीक्षा, भूमिका, अनुसन्धान, अन्तर्वार्ता, आलेख, मुक्तक, संस्मरण, लघुकथा, बालगीत आदि रचनाहरू पनि प्रकाशित भएका देखिन्छन् । त्यसै गरी पुस्तकाकार कृतिका रूपमा प्रकाशित उनका कवितासङ्ग्रहहरू **मनहरूको परिसर** (२०६५), **उमेरको नदी** (२०७०) र **शोकगीतको पोस्टमार्टम** (२०७१) गरी तिनवटा पुस्तकहरू प्रकाशित भएका छन् । बाल साहित्यका क्षेत्रमा पनि कलम चलाएका निखिलका बाल साहित्य निजी विद्यालयको कक्षा ६ को **नेपाली किताब**मा रहेको पहिलो पाठ *गुरू* (पृ. २) बालकविता, कक्षा ४ को **मेरो प्यारो नेपाली किताब**मा पाठ १३ को *समय* शीर्षकको कविता र कक्षा १ मा *सात बार* (पृ. ५६) शीर्षकको कविता आदि मार्मिक बालकविताका रूपमा रहेका  छन् । यसर्थ तिनवटा कृतिका स्रष्टा निखिल अविराम साधना गर्ने राष्ट्रिय स्तरका विशिष्ट साहित्यिक प्रतिभाका रूपमा देखा परेका छन् ।

### ३.२.१.१ कवि व्यक्तित्व

निमेष निखिलले २०४१ सालदेखि नै कविता लेख्न सुरु गरेको भए पनि २०५२ सालमा *नेता* लघु कविता **युवामञ्च**मा छापिएपछि उनको औपचारिक साहित्य यात्रासँगै कविता यात्रा पनि आरम्भ भएको हो । उनको कवि व्यक्तित्वलाई चिनाउने कविता कृतिमध्ये हालसम्म तिनवटा पुस्तकाकार कृतिहरू **मनहरूको परिसर** कवितासङ्ग्रह (२०६५), **उमेरको नदी** (लामा कविता) कवितासङ्ग्रह (२०७०) र **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रह (२०७१) प्रकाशित भएका  छन् । यी बाहेक उनका फुटकर कविताहरू विभिन्न समयमा **गरिमा, मधुपर्क, मिर्मिरे, समष्टि, रचना, अभिव्यक्ति, जनमत, नागरिक, कान्तिपुर, नयाँ पत्रिका, गोधूली, अक्षय-अक्षर, प्रमिथस, हाम्रो मातृभूमि** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आइरहेका छन् ।[३८] उनका कविता कृतिहरूको अध्ययन गर्दा उनी स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी धारामा आधारित भएर विद्रोह, र विसङ्गतिवादी जीवन

[३८] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

दृष्टिकोण प्रयोग गर्ने मूलतः गद्य कवि हुन् । उनका कवितामा भाषिक सरलताभित्र थुप्रै बिम्ब-प्रतीकको कलात्मकता रहेको  पाइन्छ । लघु, मध्यम र लामा आकारका रचनाका रूपमा उनका कवितालाई वर्गीकरण गर्न सकिन्छ ।

### ३.२.१.२ बाल साहित्यकार व्यक्तित्व

नेपाली साहित्यमा कविताको फाँटबाट उदाएका निमेष निखिल बालसाहित्यकार व्यक्तित्वका रूपमा पनि चिनिन्छन् । उनका बाल साहित्यिक रचना पुस्तकाकार कृतिका रूपमा प्रकाशित नभएर फुटकर रूपमा प्रकाशित भए पनि महत्त्वपूर्ण छन् । उनले निजी विद्यालयका कक्षा ६ को **स्वागत नेपाली किताब**मा रहेको पहिलो पाठ *गुरू* बालकविता, कक्षा ४ को **मेरो प्यारो नेपाली किताब**मा पाठ १३ मा रहेको *समय* शीर्षकको कविता र कक्षा १ को **स्वागत नेपाली**मा *सात बार* शीर्षकको कविता आदि महत्त्वपूर्ण बालकविता रचना गरेका छन् । यिनका बाल साहित्यिक रचनामा बालकको मनलाई आकर्षित गर्न सक्ने भाषाशैली र सीमित शब्द भण्डारलाई ध्यानमा राखेर सरल र रोचक पदावलीको प्रायोग गर्दै मनोरञ्जनात्मक शैलीमा बाल साहित्य लेख्नु उनको प्रवृत्तिगत विशेषता पाइन्छ । बालकहरूलाई मनोरञ्जन प्रदान गर्दै नैतिक बाटोमा हिँडाउने उनको उद्देश्य रहेको पाइन्छ ।

### ३.२.१.३ कथाकार व्यक्तित्व

साहित्यका विभिन्न विधामा कलम चलाएका निमेष निखिलका फुटकर रूपमा प्रकाशित थुप्रै कथाहरू छन् । विभिन्न पत्रपत्रिकाहरूमा उनका कथाहरू प्रकाशित भएका देखिन्छन् । *एउटा कथाकारको कथा, यस्तो मूला कथा, मोहभङ्ग कथा, ... ... ... र परिणति, यात्रा अविरल* आदि कथाहरू **सौरभ, सूर्योदय, समष्टि, युगदर्पण** जस्ता स्थानीय तथा राष्ट्रिय पत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका यी पाँचवटा कथाहरूलाई समेटेर मोदनाथ पोखरेलले *मकवानपुरका कथाकार र कथा* शीर्षकको शोधपत्रमा गहन विश्लेषण गरेका छन् । उनका अन्य कथाहरू *... ... त्यसपछि, विवशता, आदर्श, संकल्प, अपराध, खस्तै गरेको आकाश, एउटा यस्तो दुर्नियति, भट्टीभित्रको संसार, मान्छे ! एउटा अथक खोज, एउटा सस्तो भट्टीभित्रको संसार, अपराध फैसलाको प्रतीक्षा, अरण्य उडान यात्रा* आदि सोह्रवटा कथाहरू लगायत केही लघुकथाहरू पनि प्रकाशित भएका छन् । उनका यी कथाहरू **पूर्वको चौतारी, सौरभ, प्रलेस मकवानपुर, गोर्खापत्र, शुक्ला प्रवाह, गोधुली, झरना, अक्षय-अक्षर** लगायत अन्य केही पत्रिकाहरूमा प्रकशित भएका छन् । उनका कथाहरूमा समाजका विकृति र विसङ्गतिहरूलाई समेटेर समाजलाई सकारात्मक सन्देश प्रवाह गर्न खोजिएको पाइन्छ । बिम्ब र

प्रतीकका पारखी निखिलका कथामा विषयवस्तु छरपष्ट र नवचेतनावादी धाराको प्रयोगवादी शैलीमा लेखिएको पाइन्छ । मकवानपुरे साहित्याकाशको कथा विधामा नवचेतनावादी धारामा कथा लेखनको यात्रा आरम्भ गर्ने यिनी एकमात्र कथाकार हुन् भनी मोदनाथ पोखरेलले आफ्नो शोधपत्रमा उल्लेख गरेका छन् ।[३९]

यसरी निखिलले धेरै कथाहरू लेखेर पनि सङ्ग्रहको रूपमा प्रकाशित गरेका छैनन् तापनि उनको कथाप्रतिको मोह तथा योगदानको उच्च कदर गर्न सकिन्छ ।

### ३.२.१.४ गीतकार व्यक्तित्व

साहित्यिक क्षेत्रमा विभिन्न विधामा कलम चलाएका निमेष निखिल गीतकार व्यक्तित्वका रूपमा पनि चिनिएका छन् । उनका प्रकाशित गीतहरू *भागौँ भने कता भागौँ कता, मैले हिँड्नु पर्ने बाटो, बिस्तारै आयौ* आदि गीतहरू **दर्पण, अक्षर, नयाँ जुनकीरी, इन्द्रसरोवर** (स्मारिका) आदि पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । यसरी निमेष निखिल गीतकार व्यक्तित्व हुन् भन्न सकिन्छ ।

### ३.२.१.५ गजलकार व्यक्तित्व

निमेष निखिल साहित्यका विविध विधामा कलम चलाएर बहुआयामिक व्यक्तित्वका रूपमा चिनिन सफल भएका छन् । उनले गजल लेख्न र सुन्न पनि औधि मन पराउँछन् । उनले गजल पुस्तकाकार कृतिको रूपमा प्रकाशित नगरे पनि उनका अठार वटा गजलहरू **अभिव्यक्ति, झरना, कुराकानी, साप्ताहिक, जनमुखी, दायित्व, युग प्रणयन, मन्थन, गजल उत्सव, रचना, नारायणी दैनिक, शारदा, अक्षय-अक्षर** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यस्ता फुटकर गजल रचनाले उनी गजलकार व्यक्तित्वका रूपमा पनि चिनिएका छन् । उनले लेखेको *चर्चा फेरी मायाको नै चल्यो बजारमा* एउटा बोलको गजल बुलु मुकारूङको सङ्गीत तथा सरोजा देवानको स्वरमा गाइएको रेकर्ड पनि भएको देखिन्छ ।

### ३.२.१.६ समालोचक व्यक्तित्व

निमेष निखिल सर्जकका साथै समालोचक व्यक्तित्वका रूपमा पनि चिनिएका छन् । उनले लेखेका एकथरी समालोचना सामान्य समीक्षाका रूपमा रहेका छन् भने अर्काथरी गहन र विस्तृत आकारका छन् । यिनमध्ये सामान्य प्रकृतिका *मेरो पाठकीय दृष्टिमा कुकुरको पुच्छर, परिवर्तनको*

[३९] मोदनाथ पोखरेल, **मकवानपुरका कथाकार र कथा,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ : त्रि.वि., नेपाली विभाग, केन्द्रीय क्याम्पस, २०६४, पृ. ५९ ।

*सेरोफेरो, ... पढेपछिको अनुभूति, 'मकवानीबाला' महाकाव्यका केही पक्षहरू, मकवानपुरका तिन कृति : एक दृष्टि, सैन्य उपहार : जनयुद्धको जीवन्त दस्तावेद, अज्ञात प्रारम्भ ! एउटा पृथक खण्डकाव्य, रचनामा डुब्न खोज्दा, कवि तुल्सी थापा र उनको एक निमेष अनन्तको......, बन्धनभित्रको अभिव्यक्ति र कवि केशवलाल श्रेष्ठ, परिष्कारवाद र मकवानपुरका कविता, कवि राजेन्द्र भण्डारीका कविताका अन्तर्वस्तु, ल्याम्पपोस्टबाट खसेको जूनमा मनुको व्यक्तित्व, धोबीघाट एक्सप्रेस, कलाको विचार यात्रा, निष्ठावान् कविताका कसीमा थालथालमा सपना, अक्षय-अक्षर देवकोटा अङ्क : एक सिंहावलोकन* आदि लगायत थुप्रै विषयमा समालोचना गरी साहित्यका क्षेत्रमा ठुलो योगदान पुऱ्याएका छन् । ती समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरू **प्रतिभा प्रकाश, कुराकानी साप्ताहिक, बलिदान साप्ताहिक, जनमुखी, अभिव्यक्ति, नारायणी दैनिक, अक्षर, हेटौँडा टुडे दैनिक, नागरिक (अक्षर), समष्टि, राजधानी (सौजन्य)** आदि विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् ।

उनका दोस्रा प्रकृतिका समालोचनाहरू *सूत्र उपन्यास परम्पराको आरम्भ र फूलको आतङ्क, कविता भीम विराग : व्यक्तित्व र कृतित्वका केही पाटाहरू, कवि आर.आर. चौलागाईं र उनको कवित्व, लघुकथा र लघुकथा लेखन, देवकोटा : व्यक्तित्वका विविध आयाम, आर.सी. रिजाल : व्यक्तित्वका विभिन्न आयाम, शिक्षाशास्त्र सङ्कायको अनिवार्य नेपालीको पाठ्यक्रममा समावेश भएका कविताहरुको अध्ययन, गणतन्त्रपछिका समकालीन नेपाली कवितामा असन्तुष्टिका अभिव्यक्तिहरू* लगायत अन्य विभिन्न समालोचनाहरू प्रकाशित भएका छन् । उनका समालोचनाहरू **स्मारिका** (निर्मल मा.वि.), **जनमत, सिद्धार्थ** (स्मारिका), **अक्षर, अक्षय-अक्षर, जुही, मकवानपुर बहुमुखी क्याम्पसको जर्नल, प्रलेस चितवन** आदि थुप्रै पत्र-पत्रिका तथा स्मारिकामा प्रकाशित भएका छन् ।

यसरी निमेष निखिलले विविध कृति र विषयहरूमा ७० भन्दा बढी समालोचनाहरू प्रकाशित गरी साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् र उनी मकवानपुरमा मात्र नभई राष्ट्रिय स्तरमा नै समालोचक व्यक्तित्वका रूपमा चिनिएका छन् ।

### ३.२.१.७ भूमिका लेखक व्यक्तित्व

भूमिकाले कृतिमा लेखिएका कुराको सामान्य जानकारी प्रदान गर्दछ । निमेष निखिलले थुप्रै कृतिहरूको भूमिका लेखेको पाइन्छ । निखिलले *बबीको गजलकारिताका बारेमा भन्नै पर्दा, आर.सी. रिजाल अनुवादकका रूपमा, प्रकाशकका तर्फबाट, प्राञ्जल शैलीका आत्मपरक निबन्ध, शुभकामना, गजलमा प्रेम र देश, शुभकामनाका केही शब्द, हृदयका इमानदार अभिव्यक्ति, प्रकाशकीय, तुलसी*

*दाइका गीत पढेपछि* लगायत सत्रवटा समीक्षात्मक भूमिकाहरू लेखेका छन् । ती भूमिकाहरू *बिथोलिएको मन, भोलारामको आत्मा, समय-सङ्गीत, स्मृतिका टिपोट, प्रकृति सार, आगमन, सम्झना बिर्सना, भावहरूका लहर, प्रेमका पाइलाहरू, विचारको उल्टो नदी, फूलका कुरा जूनका कुरा* लगायत अरु थुप्रै भूमिकाहरू विभिन्न स्रष्टाका कृतिमा प्रकाशित भएको पाइन्छ । यसरी निखिलले थुप्रै कृतिहरूमा समालोचनात्मक भूमिका लेखी उनी भूमिकाकार व्यक्तित्वका रूपमा चिनिएका छन् ।

### ३.२.१.८ अनुसन्धाता व्यक्तित्व

निमेष निखिलले केही विषयमा अनुसन्धानमूलक कार्य गरेको देखिन्छ । उनको पहिलो अनुसन्धान **मकवानपुर जिल्लाको साहित्यिक पृष्ठभूमि र इतिहास - १,** २०६४ साउन ३० गतेको **नारायणी दैनिक** पत्रिकामा प्रकाशित भएको देखिन्छ । दोस्रो, **मकवानपुर जिल्लाको साहित्यिक पृष्ठभूमि र इतिहास - २,** २०६४ भदौ १२ गतेको **नारायणी दैनिक** पत्रिकामा प्रकाशित भएको पाइन्छ । यसैगरी निखिलले एउटै शीर्षकको अनुसन्धान भाग १ देखि भाग १० सम्म लगातार २०६४ साउन ३० गतेदेखि २०६४ मंसिर २६ सम्मको **नारायणी दैनिक** पत्रिकामा विभिन्न मितिमा प्रकाशित गरेका छन् र उनी अनुसन्धाताका रूपमा पनि चिनिएका छन् ।

### ३.२.१.९ अन्तर्वार्ताकार व्यक्तित्व

निमेष निखिल अन्तर्वार्ताकार पनि हुन् । उनले *साहित्यकार रासाको अन्तर्वार्ता, रोचक घिमिरेसँग अन्तर्वार्ता, म किन लेख्छु* (आफ्नै अन्तर्वार्ता), *तुल्सी थापासँग निमेष निखिल, आख्यान संवाद, आनन्दराम पौडेलसँग निमेष निखिल, डा. मुरारी पराजुलीसँग अन्तर्वार्ता* आदि लगायत ११ वटा अन्तर्वार्ताहरू विभन्नि पत्रपत्रिकाहरू **प्रभातकालीन दैनिक, अभ्यास साप्ताहिक, कुराकानी साप्ताहिक, अक्षर, नागरिक (अक्षर), गरिमा, अक्षय-अक्षर, शान्ति यात्रा साप्ताहिक, हाम्रो मातृभूमि** आदि पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । यसर्थ उनलाई अन्तर्वार्ताकार व्यक्तित्का रूपमा पनि चिन्न सकिन्छ ।

निमेष निखिल साहित्यका विभिन्न विधाका कथा, कविता, गीत, गजल, बालसाहित्य, समीक्षा, समालोचना तथा भूमिका लेखक व्यक्तित्वका रूपमा राष्ट्रिय स्तरमा चिनिएका छन् । विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित कविता, लघुकथा, आलेख, निबन्ध, मुक्तक, लेखहरू पनि विभिन्न समयमा प्रकाशित भएका देखिन्छन् । यसकारण निमेष निखिललाई बहुआयामिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

### ३.२.२ साहित्येतर व्यक्तित्व

साहित्यिक गतिविधिका अतिरिक्त समाज वा राष्ट्रका लागि व्यक्तिबाट गरिएका विविध क्रियाकलापहरू समेत त्यस व्यक्तिको व्यक्तित्वका परिचायक हुन् । यहाँ निमेष निखिलका साहित्येतर व्यक्तित्व सम्बन्धी विविध पाटाहरूको चर्चा गरिन्छ ।

#### ३.२.२.१ पत्रकार तथा सम्पादक व्यक्तित्व

राज्यको चौथो अङ्ग मानिने पत्रकारिताले पाठकवर्गलाई सूचनामूलक, सुरुचिपूर्ण सामग्रीको आस्वादन गराउँदछ । युगानुकूल सिर्जना गरिएका साहित्यका विविध सामग्री प्रदान गर्न पत्रिकाको सम्पादकमा सचेतता अनिवार्य हुनु पर्छ । यस्तै विभिन्न पत्रपत्रिकाहरूमा काम गर्दै आइरहेका निखिलको पत्रकार व्यक्तित्व पनि उच्च रहेको देखिन्छ । २०६० सालदेखि **अक्षय-अक्षर** त्रैमासिक पत्रिकाको सम्पादन कार्य गर्दै आएका निखिलले **भोलारामको आत्मा** (आर.सी. रिजालका अनूदित हास्य व्यङ्ग्यहरूको सङ्कलन) **प्वाँखहरू र आकाश** (राजेन्द्र भण्डारीका प्रतिनिधि कविताहरूको सङ्ग्रह, २०६७), **सौरभ** (साहित्य सङ्गम मकवानपुरको मुखपत्र) **मयूख** (मकवानपुर क्याम्पसको स्मारिका, २०६८), **दस वसन्त** (जि.एस. निकेतन उच्च मा.वि. को मुखपत्र), **समय सङ्गीत** (आशिष सुवेदीका कविताहरू), **सन्धान** नेपाली जर्नल (मकवानपुर बहुमुखी क्याम्पस, २०६९), **Cross Culture Discourse** अङ्ग्रेजी जर्नल (मकवानपुर बहुमुखी क्याम्पस, २०६९) आदि थुप्रै पुस्तक, स्मारिक तथा पत्रपत्रिकाहरूको सम्पादन कार्य गरी नेपाली साहित्यमा ठुलो योगदान पुऱ्याएका छन् । यसैगरी प्रलेस नेपालको केन्द्रीय सदस्य, साहित्य सङ्गम मकवानपुरको अध्यक्ष (२०६३-२०६७), नेपाली साहित्यिक पत्रकार सङ्घ, मकवानपुरको अध्यक्ष, सिर्जना तथा संस्कृति सञ्जाल, मकवानपुरको सचिव आदि विभिन्न सङ्घ-संस्थाहरूमा आबद्ध रहेर उनले सक्रिय रूपमा काम गर्दै आइरहेका छन् । यसरी विभिन्न क्षेत्रमा पत्रकारिता तथा सम्पादन कार्यका क्षेत्रमा पुऱ्याएको योगदानबाट निखिलको पत्रकार तथा सम्पादक व्यक्तित्व उच्च रहेको देखिन्छ ।

#### ३.२.२.२ प्रशासनिक एवम् शैक्षिक व्यक्तित्व

निमेष निखिलको प्रशासनिक एवम् शैक्षिक व्यक्तित्व पनि महत्त्वपूर्ण देखिन्छ । उनले २०५० सालमा कक्षा १० मा अध्ययन गर्दागर्दै सर्लाहीको इन्दुशङ्कर चिनी उद्योगबाट सानोतिनो जागिर सुरु गरेका हुन् । एस.एल.सी. दिएपछि केही महिना भारतको हरियाणामा काम गरेर उच्च शिक्षा अध्ययनको सिलसिलामा हेटौँडा प्रवेश गरे । त्यसपछि छ महिना मोटर ग्यारेजमा काग गरी २०५२

सालदेखि शिक्षण कार्य थालेका हुन् । सुरुमा शिक्षा विकास शिशु सदन, बसामाडीमा २०५३ सम्म, शक्तिशाली प्रा.वि., भार्ता, मकवानपुरमा २०५४ सम्म, २०५४ देखि रिलायन्स बोर्डिङमा, २०५८ देखि हेटौँडा स्कुल अफ म्यानेजमेन्टमा कार्यरत निखिल २०६१ देखि २०६२ सम्म भुटनदेवी उच्च मा.वि. मा दस जोड दुईको संस्थापक र नेपाली विषयको सहायक प्राध्यापक भएको बुझिन्छ । त्यस्तै २०६१ देखि २०६९ सम्म हेटौँडा क्याम्पसमा स्नातक तथा एम.एड. तहको नेपाली विषयका प्राध्यापक भएका हुन् भने २०५९ देखि २०६८ सम्मको लामो समय जि.एस. निकेतन उच्च मा.वि. मा सेवा गरी त्यहाँको प्राचार्य समेत भएको बुझिन्छ । शिक्षण कार्यमा निरन्तर लागिरहेका निखिल २०६४ देखि मकवानपुर बहुमुखी क्याम्पसमा नेपाली विषयका स्नातक तहका प्राध्यापकका रूपमा कार्यरत छन् । शैक्षिक क्षेत्रमा राम्रो प्रगति गरेका निखिलले प्रशासनिक क्षेत्रमा पनि विभिन्न पदमा रहेर कार्यभार सह्माल्दै आएको देखिन्छ । जि.एस. निकेतन उच्च मा.वि. मा लामो समय सेवा गरेका निखिलले छ वर्ष उप-प्राचार्य र एक वर्ष प्राचार्य भएर काम गरेका हुन् । त्यस्तै पुष्पलाल स्मृति पुस्तकालयमा चार वर्ष पुस्तकालय प्रमुखका रूपमा काम गरे भने हाल मकवानपुर बहुमुखी क्याम्पसमा दिवा समूह वाणिज्य कार्यक्रमको संयोजकका रूपमा काम गरेर आफ्नो प्रशासनिक कौशल देखाएका छन् ।[४०]

यसरी हेर्दा निमेष निखिलले शैक्षिक एवम् प्रशासनिक क्षेत्रमा लामो अनुभव सँगालेको र महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

### ३.२.२.३ सामाजिक एवम् साङ्गठनिक व्यक्तित्व

साहित्यकार निमेष निखिलको सामाजिक भन्दा साङ्गठनिक व्यक्तित्व बलियो रहेको छ । उनले सामाजिक क्षेत्रमा सर्लाही समाज मकवानपुरका संस्थापक सचिवका रूपमा रहेर सहयोगीको भूमिका निर्वाह गरेका छन् भने अर्को सामाजिक संस्था नेपाल-भारत मैत्री सङ्घका आजीवन सदस्य भएर काम गरेका छन् । निखिल खासगरी साहित्यका क्षेत्रमा विभिन्न सङ्घ-संस्थामा आबद्ध रहँदै आएका छन् । उनी प्रलेस नेपालका केन्द्रीय सदस्य, साहित्य सङ्गम मकवानपुरका अध्यक्ष (२०६३-२०६७), नेपाल साहित्यिक पत्रकार सङ्घ, मकवानपुरको अध्यक्ष, सिर्जना तथा संस्कृति सञ्जाल, मकवानपुरको सचिव पदमा रहेर निरन्तर काम गर्दै आएका छन् ।[४१]

यसरी निखिलले साहित्यका विभिन्न सङ्गठनमा विभिन्न पदमा रहेर सक्रिय भूमिका निभाउँदै आएको देखिन्छ ।

[४०] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[४१] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

### ३.२.२.४ साहित्यकारहरूका दृष्टिमा निमेष निखिल

साहित्यकार निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा प्राप्त भएका पुस्तक, पत्रपत्रिका तथा लिखित एवम् मौखिक अन्तर्वार्ताका क्रममा विभिन्न विद्वान्हरूबाट अभिव्यक्त भएका दृष्टिकोणहरू यसप्रकार रहेका छन्-

तुलसी दिवस भन्छन्- **मनहरूको परिसर** कवितासङ्ग्रहमा निखिलले युद्धबाट सिर्जित मानवीय दुःख, कष्ट, घाउ र पीडा, डर र त्रास, हत्या-प्रतिहत्याप्रतिको प्रधिरोध, विरोध, असन्तुष्टि तथा विद्रोहलाई काव्यात्मक र कलात्मक रूपले प्रस्तुत गरेका छन् ।[४२]

सरूभक्त भन्छन्- निमेष निखिलको **मनहरूको परिसर** कवितासङ्ग्रहमा धेरै सुन्दर बिम्बहरू छन् । उनी सरल, सहज र विविध छन् । उनले मानव जीवनका सुख, दुःखात्मक इतिवृत्तिहरू, गाउँ-बस्तीका कथाहरू, समकालीन आशाहरू, बिडम्बना र विसङ्गतिहरू सबैतिर छोएका छन् । निखिल एक भावुक, संवेदनशील र समाज सचेत कवि हुन् ।[४३]

लक्ष्मणप्रसाद गौतम भन्छन्- **मनहरूको परिसर** कवितासङ्ग्रहमा नेपाली जीवन र समाजकै भोगाइ, पीडा, अनुभूति, संवेदना, आवेग, संवेग, सन्त्रास, आत्मबन्धन, बेथिति, सङ्गतिहीनता आदि यावत् परिवेशका जीवन्त बिम्ब पाइन्छन् ।[४४]

निखिल विचारमा प्रस्टता, युगीन कवि, गहन अर्थलाई सरल र सहज भाषाशैलीमा उतार्न सक्ने खुबी भएका सफल कवि हुन् भनेर उदय अधिकारीले **मनहरूको परिसर**प्रति लक्षित गर्दै लेखेका छन् ।[४५]

कविहरू काल र परिवेशलाई आफ्नै मनोविज्ञानको कसीमा राखेर उतार्छन् । कविसँग तेस्रो आँखा हुन्छ, त्यही आँखाले पारख गर्दछ, छानविन गर्दछ र निर्णायक शब्द पस्कन्छ भनी युग पाठकले **मनहरूको परिसर** कवितासङ्ग्रहप्रति लक्षित गर्दै लेख्छन् ।[४६]

कवि श्यामल भन्छन्- निमेष कविता लेखनमा प्रतिबद्ध कवि हुन् । उनी शालीन, भावुक, स्वयम् परिश्रमी र अरुका परिश्रममा विश्वास गर्ने मानवीय दृष्टि सम्पन्न तथा त्यस्तै दृष्टिका आकाङ्क्षी कवि हुन् ।[४७]

---

[४२] तुलसी दिवस, *मनहरूको परिसरभित्र प्रवेश गर्दा,* **मनहरूको परिसर** (कवितासङ्ग्रह), निमेष निखिल, मकवानपुर : कवि स्वयम्, २०६५, भूमिका ।

[४३] सरूभक्त, *कवि मन र आन्दोलन,* **मनहरूको परिसर** (कवितासङ्ग्रह), निमेष निखिल, मकवानपुर : कवि स्वयम्, २०६५, भूमिका ।

[४४] लक्ष्मणप्रसाद गौतम, *निमेषका कवितामाथि आत्मटिप्पणी,* **मनहरूको परिसर** (कवितासङ्ग्रह), निमेष निखिल, मकवानपुर : कवि स्वयम्, २०६५, पृ. १०० ।

[४५] उदय अधिकारी, *मनहरूको परिसर र वर्तमान बोध,* **अक्षर,** वर्ष ४, अङ्क ३, २०६५, पृ. १ ।

[४६] युग पाठक, *दोभासेहरूको खोजीमा निमेष निखिल,* **प्रलेस,** मकवानपुर, २०६६, पृ. ११९ ।

मनु मन्जिल भन्छन्- **उमेरको नदी** कवितामा निखिलले परम्पराको ठुलो मान राखेका छन् । भाषा, ज्ञान, विचार, संस्कृति, मिथक र कैयन कुराहरू परम्पराबाट सिकेका हुनाले मान्छे त्यसबाट अलग रहन सक्दैन र अलग रहन खोज्दा भाषाविहीन र कलाविहीन हुन्छ भनेर भनेका छन् ।[४८]

सुवास खनाल भन्छन्- आत्मकेन्द्रित र संवेदनाशून्य हुनु अहिलेको मान्छेको प्रथम विशेषता बन्न पुगेको छ । निखिल आशाको त्यस्तो बिन्दुमा छन् जहाँ मान्छेमा सहृदयता र संवेदनशीलता बिउँझिनेछ ।[४९]

निखिलले युगीन यथार्थलाई प्रस्तुत गर्दै नवीन बिम्ब, प्रतीक, मिथक, भाव, विचार, कला र अनुभूतिलाई सरल तर सशक्त अनि कलात्मक रूपमा साहित्यको आकाशमा विचरण गरेका छन् भनेर मायामितु लेख्छिन् ।[५०]

यसरी विभिन्न साहित्यकारहरूका भनाइलाई दृष्टिगत गर्दा निमेष सरल, शालीन, भद्र, परिश्रमी र आफ्नो विचारलाई स्पष्ट, सरल तर बौद्धिक, कलात्मक तथा यथार्थ ढङ्गले प्रस्तुत गर्न सक्ने खुबी भएका व्यक्तिका रूपमा देखिन्छन् ।

## ३.३ निष्कर्ष

निमेष निखिलका जीवनका विविध पाटाहरूलाई केलाउँदा उनको ३९ वर्षको प्राप्ति वा उपलब्धिहरू सङ्घर्षपूर्ण एवम् महत्त्वपूर्ण देखिन्छ । उनको बाह्य व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्व पनि चम्किलो छ । राष्ट्रप्रति गहिरो चिन्तन गर्ने, जनताका दुःख, पीडा, रोदन-क्रन्दनलाई सूक्ष्म रूपमा केलाउने, विकृति र विसङ्गतिको विद्रोह गर्ने, निराशाका बिच पनि आशावादी बन्न चेतना जगाउने बहुमुखी प्रतिभा सम्पन्न तथा सफल कविका रूपमा उनी चिनिन्छन् । उनको साहित्यिक व्यक्तित्वका रूपमा कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, गीतकार तथा बाल साहित्यकार व्यक्तित्व, गजलकार व्यक्तित्व, समालोचक व्यक्तित्वमध्ये उनको कवि व्यक्तित्व नै उच्च रहेको पाइन्छ । यस्तै गरी उनको साहित्येतर व्यक्तित्व पत्रकार व्यक्तित्व, शैक्षिक व्यक्तित्व, सम्पादक व्यक्तित्व, सामाजिक व्यक्तित्व, प्रशासनिक एवम् साङ्गठनिक व्यक्तित्व आदिमा शैक्षिक तथा सम्पादक व्यक्तित्व नै उनको प्रमुख परिचायक व्यक्तित्वका रूपमा देखा परेको छ । समग्रमा उनी कवि, कथाकार, गीतकार, बाल साहित्यकार, गजलकार, समालोचक, भूमिका लेखक, सम्पादक, साहित्यिक पत्रकार, शैक्षिक एवम्

---

[४७] श्यामल, *कवितामा स्मृतिदंश,* **उमेरको नदी** (लामा कविता), आशिष श्रेष्ठ (सम्पा.), मकवानपुर : २०७०, भूमिका ।

[४८] मनु मन्जिल, *अनेक बाटा जोडिएर एउटा नयाँ बाटो,* **उमेरको नदी** (लामा कविता), आशिष श्रेष्ठ, मकवानपुर : २०७०, भूमिका ।

[४९] सुवास खनाल, *उमेरको नदीमा जीवनडुङ्गा खियाइरहेका निखिल,* **subaspoet@gmail.com** (Internet), २०७० ।

[५०] मायामितु न्यौपाने, *काव्यिक चेतनाको धरातलमा उमेरको नदी,* **प्रतीक दैनिक**, वर्ष २७, अङ्क १२७, २०७०, भूमिका ।

प्रशासनिक आदि बहुआयामिक व्यक्तित्वका धनी भए पनि उनी मूलतः कवि व्यक्तित्व हुन् । यसर्थ निमेष निखिल आफ्ना साहित्यिक कृतिहरू मार्फत् नेपाली साहित्यिक फाँटलाई उज्यालो चहक दिँदै निरन्तर अघि बढेको देखिन्छ ।

# परिच्छेद चार

# निमेष निखिलको साहित्यक कृतिहरूको अध्ययन

## ४.१ विषयप्रवेश

साहित्यकार निमेष निखिल मूलतः कवि व्यक्तित्व हुन् । उनका रचनाहरू अन्य विधामा थुप्रै भए तापनि कृतिका रूपमा सबै कविता कृति मात्र प्रकाशित भएका छन् । **मनहरूको परिसर** (२०६५) कवितासङ्ग्रह उनको पहिलो कृति हो । एकसय दुई पृष्ठको यस कवितासङ्ग्रहमा विभिन्न आयामका छपन्न वटा कविताहरू सङ्कलित भएको पाइन्छ ।

त्यस्तै उनको प्रकाशित दोस्रो कवितासङ्ग्रह **उमेरको नदी** लामा कविता (२०७०) हो । यो सङ्ग्रह एकसय नौ पृष्ठमा संरचित छ र विभिन्न आयामका पन्ध्रवटा कविताहरू सङ्गृहीत  छन् ।

उनको प्रकाशित तेस्रो कृति **शोकगीतको पोस्टमार्टम** (२०७१) कवितासङ्ग्रह हो । यो कृति एकसय तिन पृष्ठमा संरचित छ र यसमा ४८ वटा कविताहरू सङ्कलित छन् । यी तिनवटै कविता कृतिहरूमा सङ्कलित कविताहरूलाई शीर्षक, संरचना, कविताहरूको मुख्य कथ्य, विषयवस्तु, भावविधान, लय/छन्द, भाषाशैली, अलङ्कार, बिम्ब र प्रतीकका आधारमा अध्ययन गरी अन्तमा निष्कर्ष दिइएको छ ।

## ४.२ 'मनहरूको परिसर' कवितासङ्ग्रहको अध्ययन

**मनहरूको परिसर** कवितासङ्ग्रह निमेष निखिलको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यस कवितासङ्ग्रहको अध्ययन विभिन्न उपशीर्षकमा गरिएको छ-

### ४.२.१ शीर्षक

कुनै लेख, रचना, ग्रन्थ आदिको नामलाई शीर्षक भनिन्छ ।[५१] कविताभित्र अनेक संरचना हुन्छन् । कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त, सारपूर्ण र औचित्य भएको

[५१] हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश** (दोस्रो संस्क.), काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि., २०६३, पृ. ९४२ ।

प्रतिनिधिमूलक, कलात्मक शीर्षकको छनोट गर्दछ । शीर्षकले कृतिभित्र समाविष्ट विषयवस्तुहरूको मूलभाव वा सङ्केत गराउने सन्दर्भमा **मनहरूको परिसर** कवितासङ्ग्रहका कविताहरूलाई हेर्दा वर्तमान विसङ्गतिपूर्ण निराशा, कुण्ठा, वितृष्णा, अस्तित्वहीन तथा मूल्यहीन जीवन बाँचिरहेका आजका मान्छेको वास्तविक यथार्थ झल्किएको पाइन्छ । यिनै कुराहरूलाई मनको विशाल ब्रह्माण्डसँग समरूपता देखाई प्रतीकात्मक रूपमा कृतिको नामकरण गरिएको शीर्षक सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.२.२ **संरचना**

विभिन्न अवयव घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन्त र स्वनिष्ट अस्तित्वलाई संरचना भनिन्छ ।[५२] संरचना दुई प्रकारका हुन्छन्, जसमा बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ । **मनहरूको परिसर** कवितासङ्ग्रह संरचनागत रूपले हेर्दा विभिन्न आयामका छपन्न वटा कविताहरू सङ्कलित भएको आवरण सहित जम्मा १०२ पृष्ठको मध्यम आकारको कृति हो । प्रस्तुत कृति वि.सं. २०६५ मा कवि स्वयम्ले मकवानपुरबाट प्रकाशित गरेको पाइन्छ । पृष्ठाङ्क नखुलाइएका कवितासङ्ग्रहको अग्रभागमा कविताक्रम त्यसपछि *मनहरूको परिसरभित्र प्रवेश गर्दा* भन्ने शीर्षकमा तुलसी दिवसले छोटो समीक्षा सहित भूमिका लेखेका छन् भने *कवि, मन र आन्दोलन* शीर्षकमा सरूभक्तले कृतिको छोटो समीक्षा गरेका छन् । त्यस्तै कवि स्वयम्ले *··· ···र मेरो कुरा* शीर्षकमा आफ्नो भनाइ व्यक्त गरेका छन् । त्यसपछि कविताक्रम सुरु हुन्छ र अन्तको *दुर्बोध्य समय र दोभासेहरूको खोजी* शीर्षकको कवितापछि लक्ष्मणप्रसाद गौतमले *निमेषका कवितामाथि आमटिप्पणी* शीर्षक अन्तर्गत आफ्ना विचार व्यक्त गरेका छन् । यस प्रकार यसको बाह्यावरण निर्माण भएको छ । संरचना परिचय अन्तर्गत यस सङ्ग्रहमा सङ्कलित कविताहरूको संरचनालाई तलको तालिकामा यस प्रकार देखाउन सकिन्छ-

---

[५२] हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश** (दोस्रो संस्क.), काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि., २०६३, पृ. ९४२ ।

## तालिका सङ्ख्या : १

## ‘मनहरूको परिसर’ कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको तालिका

| क्र.सं. | शीर्षक | पृष्ठ | अनुच्छेद | हरफ |
|---|---|---|---|---|
| १. | मेरो कविता | १ | ४ | २९ |
| २. | समय पर्खंदा : समयको सँघारमा उभिएर १ | ३ | ५ | ४३ |
| ३. | ठुलेको गाउँ | ५ | ४ | ३५ |
| ४. | इतिहास : एउटा लालसा | ७ | ४ | ३६ |
| ५. | कविता लेखिरहेको कवि | ९ | ५ | ४० |
| ६. | चौतारोमा उभिएर | ११ | ४ | ३६ |
| ७. | मैले लेख्न खोजेको कविता | १३ | ५ | ४५ |
| ८. | काव्यपथका यात्रीहरू | १५ | ६ | ३४ |
| ९. | कवितापीडा | १७ | ८ | ३१ |
| १०. | घाम : आगमनको कामना | १९ | ४ | ४० |
| ११. | एउटा याचना : कविताको नाममा | २१ | ४ | २७ |
| १२. | असफलताका कीर्तिस्तम्भ ढालेपछि | २३ | ४ | २१ |
| १३. | समय पर्खंदा : समयको सँघारमा उभिएर २ | २४ | ४ | २१ |
| १४. | रुखहरूलाई थाहै छैन | २५ | ४ | ३५ |
| १५. | देश खोज्दा | २७ | ५ | ३८ |
| १६. | कविता लेख्नै परेन यसपालि | २९ | ५ | ३९ |
| १७. | मलाई हिउँ बन्न मन लाग्छ | ३१ | ४ | ३५ |
| १८. | एउटा यस्तो माली | ३३ | ६ | ३२ |
| १९. | मेरो गाउँ | ३५ | ४ | ३१ |
| २०. | मन आन्दोलन | ३७ | ३ | २२ |
| २१. | म वैशाख बाँचिरहेछु | ३८ | ४ | २५ |
| २२. | स्मृतिमा : खस्रा हत्केलाहरू | ३९ | ३ | २५ |

| | | | | |
|---|---|---|---|---|
| २३. | हामी कवि | ४० | ६ | ३७ |
| २४. | बज्यै : एउटा ज्युँदो इतिहास | ४२ | ३ | २३ |
| २५. | पीडा : परिवर्तन | ४३ | ४ | ३० |
| २६. | लालबन्दी | ४५ | ४ | २८ |
| २७. | हेटौँडा | ४७ | ५ | २६ |
| २८. | मेरो युगका कथाहरू | ४८ | ६ | २४ |
| २९. | बैंसोन्मत्त किशोरीहरू | ५० | ४ | २८ |
| ३०. | वैशाखको मोहपाशबाट फुत्किएर | ५२ | ३ | २७ |
| ३१. | मनहरूको परिसर | ५३ | २ | २४ |
| ३२. | वैशाख : केही आशा | ५४ | ६ | ३२ |
| ३३. | मेरो कविता लेख्ने प्रण | ५६ | ६ | ३० |
| ३४. | बाटो सायद त्यतै हराएको थियो ! | ५८ | ४ | ३५ |
| ३५. | फेरि नयाँ वर्ष | ६० | ४ | ३७ |
| ३६. | गाउँहरू/बस्तीहरू | ६२ | ५ | ३४ |
| ३७. | मान्छे र मेरो वर्तमान | ६४ | ४ | ३७ |
| ३८. | देवकोटाप्रति | ६६ | ४ | ३० |
| ३९. | प्राप्तिको लेखाजोखा | ६८ | ६ | ३२ |
| ४०. | अनादि यात्रा | ७० | ३ | २४ |
| ४१. | विभ्रम र नयाँ वर्ष | ७१ | ४ | २८ |
| ४२. | भ्रम बाँचेर जीवन | ७३ | ४ | ३३ |
| ४३. | सहर : एउटा प्रतीक्षा | ७५ | ५ | २९ |
| ४४. | घाउजस्तै चहऱ्याइरहेछ घाउ | ७७ | ४ | २९ |
| ४५. | अमिला दिनहरू | ७९ | ४ | ३४ |
| ४६. | यात्रामा कविता | ८१ | ३ | २५ |
| ४७. | कलमहरू कविता लेख्छन् | ८२ | ४ | ३६ |

| | | | | |
|---|---|---|---|---|
| ४८. | विषय/प्रसङ्गले अर्को अर्थ नलागोस् | ८४ | ३ | ३४ |
| ४९. | ती मान्छेहरू | ८६ | १ | ४७ |
| ५०. | सेता हिमालहरू | ८८ | ५ | ३४ |
| ५१. | एउटा कामना : प्रत्यागमन | ९० | ५ | ३४ |
| ५२. | त्यो बाटो हिजो र आज | ९२ | ४ | ३१ |
| ५३. | उन्मुक्तिगान | ९४ | ४ | ३० |
| ५४. | शान्ति | ९६ | ६ | २६ |
| ५५. | ऊ अर्थात् मान्छे | ९७ | ५ | २४ |
| ५६. | दुर्बोध्य समय र दोभासेहरूको खोजी | ९८ | ५ | २८ |

माथिको तालिका अनुसार ५६ वटा कविताहरू सङ्कलित रहेको **मनहरूको परिसर** कवितासङ्ग्रहका प्रायः सबै कविताहरू दुई पृष्ठका छन् भने १२ वटा कविताहरू एक पृष्ठमा संरचित छन् । कविताहरू बढीमा आठ अनुच्छेदको *कविता पीडा* शीर्षकको कविता हो भने एउटै मात्र अनुच्छेद र सबैभन्दा बढी ४७ हरफमा संरचित *ती मान्छेहरू* शीर्षकको कविता हो । त्यस्तै थोरै हरफमा संरचित पृष्ठ २३ र २४ का दुवै कविताहरू २१-२१ हरफका छन् । यसरी **मनहरूको परिसर** कवितासङ्ग्रह १०२ पृष्ठमा संरचित मझौला आकारको कृति हो ।

### ४.२.३ कविताहरूको मुख्य कथ्य

यहाँ **मनहरूको परिसर** कवितासङ्ग्रहभित्र सङ्गृहीत कविताहरूको मूल कथ्यलाई सङ्क्षेपमा यसरी देखाइन्छ-

**मेरो कविता**

प्रस्तुत कविता कृतिको पहिलो कविता हो । यहाँ कविले कवित्वप्रति दृढ विश्वास व्यक्त गर्दै आफ्ना अतृप्त रहर र आस्थाहरूलाई कविताका रूपमा प्रकटीकरणका गर्नकन लागि कसैले रोकेर रोक्न नसक्ने उद्घोष गरेका छन् । आफ्नो कविता त्यति सस्तो नाराको लागि नभएर बुद्धको जस्तो शान्ति र सन्देश फैलाउन उज्यालोको खोजीमा लागेको भन्दै मर्मस्पर्शी अभिव्यक्ति प्रकट गरेका छन् ।

**समय पर्खदा : समयको सङ्घारमा उभिएर–१**

यस कवितामा कविले राजनीतिक हठवादप्रति सङ्केत गर्दै अन्याय, अत्याचार, विकृति तथा विसङ्गतिसँग जोडिने क्रूरताकै कारण यी प्रवृत्तिलाई नियन्त्रण गर्ने अर्को क्रूरता जन्मिने घोषणा गरेका छन् । सधैँ आफू विरुद्ध षडयन्त्र हुँदा समेत चुनौती दिन नसक्ने हुतिहारा प्रवृत्तिप्रति तीक्ष्ण व्यङ्ग्य छ र जस्तोसुकै समस्यासँग युद्ध गर्ने तथा लडेर सामना गर्ने सङ्कल्प कविले यस कवितामा प्रकट गरेका छन् ।

**ठुलेको गाउँ**

यस कवितामा असङ्गत यथार्थप्रति चरम व्यङ्ग्य छ । खाली दिन मात्र जान्ने लिन नजान्ने विपन्न तर उदार व्यक्तित्वको झलक छ । गरिबका इच्छा तथा अपेक्षाहरू सीमित र सानै भए पनि ती कहिल्यै पुरा गर्न नसक्दा पनि उनीहरू हाँसिरहेको मार्मिक चित्रण गरिएको छ ।

**इतिहास : एउटा लालसा**

यस कवितामा आजका मान्छे प्राप्तिको नजिक कहिल्यै पुग्न नसक्ने असफल यात्री बनेका छन् भनेर कविले व्यक्त गरेका छन् । इतिहासलाई नरमेधको संज्ञा दिँदै मान्छेले प्राप्तिको चाहना बोकेर निरन्तर अगाडि बढ्ने प्रयास गरे पनि इतिहास निर्माता बन्न नसकेको विसङ्गत यथार्थ प्रस्तुत गरेका छन् ।

**कविता लेखिरहेको कवि**

यस कवितामा कविले विपन्न यथार्थको प्रकटन गर्नुका साथै राष्ट्रिय तथा मौलिकपन विपरीत आजका नारीको अर्धनग्न संस्कृति तथा निर्लज्ज प्रवृत्तिप्रति तीक्ष्ण व्यङ्ग्य गरेको पाइन्छ । ती नारीप्रति उपेक्षा गरे पनि तिनै तरुनीहरू ऊर्जाका आधार भएकाले तीप्रति आफू आकर्षित भएको समेत व्यक्त गरेका छन् ।

**चौतारोमा उभिएर**

यस कवितामा चरम द्वन्द्वकालीन परिवेशको चित्रण छ । देशमा रक्तपात मच्चिएर शान्ति ओझेलमा परेको दारूण स्थिति सिर्जना भएका कारण छोरीको प्रश्नको उत्तर दिन बाबु असक्षम भएको मार्मिक यथार्थ छ ।

**मैले लेख्न खोजेको कविता**

यस कवितामा देशको द्वन्द्वग्रस्त परिवेशमा देखिने सपना तथा भविष्यको आरेखीकृत भावना व्यक्त गरिएको छ । कोमल भावना प्रकट गर्दै कविले सबै मान्छेप्रति 'स्वान्तः सुखाय' को भावना तथा विचार व्यक्त गरेका छन् ।

**काव्यपथका यात्रीहरू**

यस कवितामा सौन्दर्यको चाहनाका साथै कोमल भाव प्रकट भएको देखिन्छ । मुहारदेखि मनसम्मको अप्रतिम सौन्दर्यको चाहना व्यक्त गर्दै निरङ्कुश प्रवृत्तिप्रति असन्तुष्टिका साथै तीव्र व्यङ्ग्य गरिएको छ र धाँजा फाटेका मनलाई निश्चिन्त घुमेर आनन्दमा परिणत गर्ने विचार कविले व्यक्त गरेका छन् ।

**कविता पीडा**

यस कवितामा कविले विसङ्गत परिवेश कविता लेखनको बाधक भएको ठहर गर्दै वर्तमानको बीभत्सताको चित्रण गरेका छन् । आन्तरिक द्वन्द्व तथा रक्तपात जस्तो जटिल परिस्थितिमा कोमल कविता लेख्न नसकेको पीडा अभिव्यक्त गरेका छन् । तर जस्तोसुकै परिस्थितिमा पनि कविता भने उब्जिरहने दृढता व्यक्त गरेका छन् ।

**घाम : आगमनको कामना**

यस कवितामा वर्तमान अवस्था अँध्यारो र अन्योलमा गुज्रेको भए पनि कवि तथा लेखकले नभएर मान्छेको घाउमा मलम लगाउन तथा आशावादी बन्न कविता लेखेर उत्प्रेरित गरिरहनु पर्छ भन्ने भाव व्यक्त छ ।

**एउटा याचना : कविताको नाममा**

यस कवितामा कवि स्वतन्त्र बाँच्न चाहने भएकोले अँध्यारो, विकृत तथा विसङ्गतिको अन्त्य चाहेका छन् । प्रेम, भातृत्व र निश्छलताको चाहना गरेका कविले उज्यालो भविष्यको कामना गर्दै लोकतान्त्रिक संस्कारको अपेक्षा गरेका छन् ।

**असफलताका कीर्तिस्तम्भ ढालेपछि**

यस कवितामा असफलतामा विजय प्राप्त गरेपछि विगतको असफल जीवनांशप्रति पछुतो व्यक्त गरिएको छ । मानिसले आँट, लगनशीलता तथा तत्परताले असफलताका स्तम्भ ढालेर जीवनवादको सञ्चरण गर्नुपर्छ र आफ्नो जीवन सार्थक बनाउनु पर्छ भन्ने मुख्य भाव व्यक्त छ ।

**समय पर्खंदा : समयको सँघारमा उभिएर- २**

प्रस्तुत कवितामा द्वन्द्वकालीन अवस्थामा मानिसमा प्रेम, भातृत्व, सद्भाव केही नभएर पार्टीका कित्ता-कित्तामा छुट्टिएर मान्छे अराजक र अमानवीय रूपमा प्रकट भएको यथार्थ चित्रण छ । तत्कालीन अवस्थामा मान्छे जिउँदो लास जस्तो निरीह भएर बाँचिरहेको यथार्थ प्रस्तुत गर्दै कविले मान्छेलाई शान्त र संयम रहन कवितामा आग्रह गरेका छन् ।

**रुखहरूलाई थाहै छैन**

यस कवितामा 'काम गर्ने कालु मकै खाने भालु' भने झैं सामान्य नागरिकले भऱ्याङ्ग बनेर नेताहरूलाई सधैं उच्चासनमा पुऱ्याई पाहा जस्तै मोटो-घाटो बनाइरहे । जनताहरूलाई फर्केर नहेर्ने नेताहरूको व्यवहारबाट नागरिकहरू दिक्क नभई थिचोमिचो सहेको देख्दा कविले कवितामा आक्रोश पोखेका छन् । राजनेताहरूले आफूलाई सर्वेसर्वा नठानी निर्धा, निमुखा, गरिबका पीर, समस्याहरूप्रति उचित न्याय, सामयिक सम्बोधन गर्नुपर्ने कविको आग्रह छ ।

**देश खोज्दा**

यस कवितामा आधारशिला बलियो नभएको संरचना तथा योजना जतिखेर पनि भत्कन सक्ने भएकोले पहिले सोच-विचार गर्नुपर्छ । देशका खलनायकहरूले शान्तिको भ्रम छरेर हिंसाको आगो सल्काउन विभेदको खाडल खन्दै राष्ट्रियता खण्डित गर्न खोजेको षडयन्त्र थाहा पाउनु पर्छ र त्यसलाई असफल पार्न सकेमा मात्र देश उन्नतिको मार्गमा लम्कन सक्ने कविको विचार छ ।

**कविता लेख्नै परेन यसपालि**

यस कवितामा शोक, पीडा, विकृति तथा विसङ्गतिले उत्पन्न सन्त्रासमय परिवेशमा कविले विद्रोहका सार्थक कविता लेख्न नसकेको पीडा अभिव्यक्त गरेका छन् । कविले सिउँदो उजाडिएको, काख रित्तिएको, भोक शमन गर्न नसकेको निर्मम यथार्थलाई व्यक्त गर्न क्रान्तिका कविता लेख्न नसकेको दुःख व्यक्त गरेका छन् । सहेर नबसीकन मान्छेका तमाम समस्याप्रति सम्बोधन गरेर आँटिला कविता लेख्नु पर्छ र सार्थक ठहरिनु पर्छ भन्ने मुख्य भाव यस कवितामा रहेको छ ।

**मलाई हिउँ बन्न मन लाग्छ**

प्राकृतिक बिम्ब प्रयोग गरी सम्भोग शृङ्गार व्यक्त भएको यस कवितामा निष्कपटता, निश्छलता तथा सत्यताको अपेक्षा गर्दै सुख र कल्याणको कामना समेत गरिएको छ । यस कवितामा छद्मभेषीपन, परपीडक प्रवृत्ति, सतहीपन तथा संवेदनहीनताप्रति व्यङ्ग्य पाइन्छ ।

**एउटा यस्तो माली**

विप्रलम्भ शृङ्गारमा आधारित यस कवितामा बाधा-अड्चन उत्पन्न गर्ने तत्त्वको उपस्थितिले प्रेममा समस्या र चरम वियोगको स्थिति प्रकटित छ । फूल पनि कुनै बेला सौन्दर्यको प्रतीक बन्न नसक्ने विसङ्गत यथार्थ प्रकटित यस कवितामा खलनायकका चलखेलका कारण प्रेमको अस्तित्व तहसनहस भएको कुरा व्यक्त छ ।

**मेरो गाउँ**

परिश्रमी तथा ग्रामीण उदार मानिसका आधारभूत आवश्यकता महत्त्वपूर्ण रहेको यस कवितामा दुर्गम ग्रामीणका माटेधुले परिवेशीय यथार्थताको चित्रण छ । असुविधा, अभाव, विचारले माफिन

नपाएका, विज्ञानको उन्नति बारे अनभिज्ञ तथा अनुभूति गर्न नपाएका गाउँले जीवनको सुन्दर प्रकटिकरण कविले गरेका छन् ।

**मन आन्दोलन**

यस कवितामा असहाय तथा निरीह मानिसको पीडा, द्वन्द्व, चरम कुण्ठा र समस्याग्रस्त परिवेशको कुशल अभिव्यक्ति रहेको छ । देशलाई द्वन्द्वको भुमरीमा फसाउने, अशान्ति मच्चाउने जडसूत्रवादी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै कविले भत्केको मन जोड्ने, विषादको बोट उखेल्ने आन्दोलनको आवश्यकता अनुभूत गरेको पाइन्छ ।

**म वैशाख बाँचिरहेछु**

कुनै पनि वैशाखले नयाँ उमङ्ग, जोश, जाँगरको लहर बोकेर आउन नसकेको तितो यथार्थ छ । जाली, फटाहा, धोखेबाज तथा अहङ्कारी प्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहारका साथै अब आउने वैशाखले विद्रोहको राँको लिएर उठ्ने छ र धमिल्याउन खोज्नेको उछित्तो काढ्ने अभिव्यक्ति पाइन्छ ।

**स्मृतिमा खस्रा हत्केलाहरू**

यस कवितामा कविले आफ्नी हजुरआमाप्रति स्मरण गरेको कोमल अभिव्यक्तिका साथै मान्छेका आफ्ना विवशता र बाध्यताले सबै सपना पुरा नहुने यथार्थ चित्रण छ ।

**हामी कवि**

यो कविता द्वन्द्वग्रस्त परिवेशमा आधारित छ । एकथरी विनाशको खेती गर्न अभ्यस्त झुसिल्किरा छन् भने अर्काथरी प्रकृतिका उपहार भ्रमरालाई रक्तपातपूर्ण वन तथा फूल मन पर्दैन । द्वन्द्वले हार्दिकता, आत्मीयता लोप भएको छ र यसका विरुद्ध रौद्र, बीभत्स तथा भयानक रसका कविता लेख्न सक्ने कविले प्रतिबद्धता जनाएका छन् ।

**बज्यै : एउटा ज्युँदो इतिहास**

यस कवितामा कविले आफ्नी बज्यैको विगतको स्मरण गर्दै कम उमेरमै भोग्नु परेको वैधव्यका प्रसङ्ग, स्मृतिमा मात्र रहेको दाम्पत्य सम्बन्ध र मस्तिष्कमा उब्जने विभिन्न तरङ्गहरू अभिव्यक्त गरेका छन् । महिलामाथि कुसंस्कारले दुःख, पीडा, असन्तोष, छटपटी, निराशा तथा मृत्योन्मुख बनाएको छ र यस्ता कुरीति तोडेमा मात्र समाजको विकास हुन सक्ने भाव व्यक्त छ ।

**पीडा परिवर्तन**

कविले यस कवितामा द्वन्द्वबाट सिर्जित पीडा तथा चिन्ता अभिव्यक्त गरेका छन् । मान्छेले सहनुको सीमा नाघेपछि विद्रोह वा प्रतिविद्रोह हुन सक्ने खतराको सङ्केत गर्दै मान्छेमा आत्मीयता तथा संवेदना हराएकोमा चिन्ता तथा आक्रोशको अभिव्यक्ति व्यक्त गरिएको छ ।

**लालबन्दी**

यस कवितामा लालबन्दीको फोहर, धुलो, धुँवायुक्त प्रदूषणीय यथार्थ व्यक्त छ । त्यहाँका बालबालिकाहरू पढ्नुको सट्टा जीविकोपार्जनतिर लागेका र फिल्मतिर आकर्षित हुँदा उनीहरूको भविष्य अन्धकार रहेको यथार्थताका साथै त्यहाँको उन्नति तथा नवसिर्जनाको कामना व्यक्त छ ।

**हेटौँडा**

यस कवितामा कविले आफ्नै बासस्थान रहेको हेटौँडाको प्राकृतिक सुन्दरताको सहिद स्मारक, माछापोखरी, मनकामना मन्दिर, कर्रा र राप्ती खोला आदिलाई सौन्दर्यको प्रतीकका रूपमा लिएका छन् । विकासका पूर्वाधार भए पनि विनास तथा गरिबी यथावत् रहेको मार्मिक भाव अभिव्यक्त भएको छ ।

**मेरो युगका कथाहरू**

यस कवितामा मानिसको जीवन निकै सकसमा परेको, विसङ्गत यथार्थ प्रकट भएको छ । मान्छेका पुरा हुन नसकेका इच्छा तथा सपनाहरू, भोका-नाङ्गाको विलाप, बालबालिकाहरू आहत भएर मृत्युवरण गरेका चर्चा-परिचर्चा छ । आदर्शहीन चरित्रले मान्छे बन्दै गएको यथार्थ व्यक्तिएको छ ।

**बैँसोन्मत्त किशोरीहरू**

यस कवितामा कविले किशोरीहरूको आस्थाको केन्द्र, बदलिएको मनोवैज्ञानिक यथार्थता, सुन्दरता, पृथ्वीलाई सिङ्गारिरहन तथा पृथ्वीको हाँसो जोगाइरहन, आकर्षकका केन्द्र बैँसोन्मत्त किशोरीहरूलाई शुभकामना व्यक्त गरिएको पाइन्छ ।

**वैशाखको मोहपासबाट फुत्किएर**

यस कवितामा वैशाखले कहिल्यै नयाँ परिवर्तन ल्याउन नसकेकाले कुनै असल काम गर्न वैशाख नचाहिने आक्रोश पोखिएको छ साथै नेताहरूले आफ्नै दुनो सोझ्याउन विभिन्न आन्दोलन मच्चाउने गरेको र कुनै नयाँ परिवर्तन ल्याउन नसकेको तितो यथार्थ प्रकट गरिएको छ ।

**मनहरूको परिसर**

**मनहरूको परिसर** कवितासङ्ग्रहको शीर्षक यसै कविताबाट लिइएको छ । यस कवितामा मन आशा र निराशाका चक्रहरूमा घुमिरहने भएकाले आशाभित्र निराशा र निराशाभित्र आशा जन्मिने अभिव्यक्ति प्रकट छ । मनले कहिले अनिष्टका आशङ्का बोक्छ, कहिले आक्रोश त कहिले शान्तिको गुञ्जन बोकेर स्वच्छन्द आकाशमा उड्छ । अन्ततः मन जीवनवादी तथा आशावादी नै हुन्छ भन्ने भाव यस कवितामा व्यक्त भएको पाइन्छ ।

**वैशाख : केही आशा**

यस कवितामा वैशाखले आजसम्म आम नागरिकलाई कुनै सुख, सन्तोष दिन नसकेको कुरा व्यक्त छ । सबै वैशाख विश्वासघाती नभई अब आउने वैशाखले आमूल परिवर्तन ल्याउने आशा तथा विश्वास व्यक्त गरिएको पाइन्छ ।

**मेरो कविता लेख्ने प्रण**

कविताले मान्छेको पेटै नभरिए पनि, अपाङ्गलाई वैशाखीको सहारा दिन नसके पनि, चेतना घुसाउन नसके पनि, कविता लेखनको औचित्य नरहे पनि, कविलाई कविताप्रति मोह तथा आस्था भइ नै रहन्छ भन्ने विचार व्यक्त भएको पाइन्छ । कविले मान्छेलाई आशावादी बन्न, संवेदनशील बन्न, बस्तीमा चेतनाको सञ्चार पुऱ्याउन कविता लेखिरहने प्रण व्यक्त गरेका छन् ।

**बाटो शायद त्यतै हराएको थियो**

यस कवितामा कवि लक्ष्यको नजिक पुगिसक्दा पनि प्राप्ति नहुँदा पछुतोमा डुबेका छन् । उनले लक्ष्य प्राप्तिका लागि जुनसुकै मूल्य चुकाउन तयार रहेको कुरा व्यक्त गरेका छन् । जीवनलाई धरापमा राखेर दर्जनौँ मृत्युहरूमा अनुवाद हुनु परे पनि, सयौँ जन्म अन्धतामा बिताउनु परे पनि अगाडि बढिरहने कविले दृढता व्यक्त गरेका छन् ।

**फेरि नयाँ वर्ष**

यस कवितामा नयाँ वर्षप्रति असन्तुष्टि व्यक्त गर्दै नयाँ तथा नौलोपनको अनुभूति मान्छेले प्राप्त गर्न नपाएकोमा नयाँ वर्षको औचित्य नरहेको कविको ठम्याइ छ ।

**गाउँ बस्तीहरू**

यस कवितामा द्वन्द्वप्रेमीहरूको कठोरता, निर्मम बर्बरता र यौनोन्मादबाट मुक्ति तथा शान्तिको खोजी गरेका कविले स्वतन्त्रताको चाहना व्यक्त गरेका छन् । बिडम्बनायुक्त प्रतिकूल परिस्थितिबाट घृणाको भाव जागृत भएकोले अब कविहरू प्रतिवाद गर्न तत्पर रहेको कुरा समेत प्रकट गरको छन् ।

**मान्छे र मेरो वर्तमान**

प्रस्तुत कवितामा मनपरीतन्त्र चलेर जतिसुकै दुःख, पीडा भोग्नु परे पनि मान्छे निरीह भएर बस्ने हुतिहारा प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

**देवकोटाप्रति**

यस कवितामा कविले महाकवि देवकोटा र उनको **मुनामदन**को सापेक्षतामा वर्तमानको दयनीय चित्र खिचेका छन् । अभावग्रस्त कवि जीवन, मानवता नरहेको यथार्थ प्रकट गर्दै पीडाग्रस्त जीवनमा आशाका त्यान्द्रा चुँडिन थालेकोले कविले मानवताको असीम चाहना व्यक्त गरेका छन् ।

**प्राप्तिको लेखाजोखा**

यस कवितामा द्वन्द्वको चरम भयले गर्दा अभाव, महङ्गी, अशान्ति, फैलिएर कुनै पनि कार्य उपलब्धिहीन तथा अप्राप्ति भोग्ने गोर्खा सन्ततिको निरीहताप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

**अनादि यात्रा**

यस कवितामा वर्तमान अवस्थामा मान्छेको जिन्दगीको यात्रा असहज, व्यर्थ र असफल बनाउने तत्त्वहरूको बिगबिगी छ तर कसैको मोहपाशमा नअल्झी आफ्नो यात्रा निरन्तर अगाडि बढाउनु पर्छ भन्ने विचार व्यक्त भएको पाइन्छ ।

**विभ्रम र नयाँ वर्ष**

द्वन्द्वको भयग्रस्त चित्रण गरिएको यस कवितामा नयाँ वर्ष अभिशाप भएर आएको र हर्ष, खुसी र उमङ्गको सट्टा सन्तान गुमाउनु परेको दर्दनाक स्थितिको चित्रण छ । अबका नयाँ वर्ष रूपान्तर तथा परिवर्तनका बाहक बनेर आओस् भन्ने कविको कामना छ ।

**भ्रम बाँचेर जीवन**

यस कवितामा कविले ाको कालो बादलले जोसुकैको जीवन ढाक्न सक्छ र अँध्यारो बन्न सक्छ भन्ने विचार व्यक्त गरेका छन् । फुल शुभ-अशुभ दुवै काममा प्रयोग भए जस्तै मानिसले सुखको आस गर्दागर्दै जीवनभर दुःख पाएर मर्नुपरेको मार्मिक यथार्थ प्रकट गरिएको छ ।

**सहर एउटा प्रतीक्षा**

पीडाग्रस्त वर्तमानको यथार्थ अभिव्यक्ति रहेको यस कवितामा मानिसका असन्तुष्टि, स्वार्थी प्रवृत्ति तथा अवसरवादी मान्छेहरूप्रति तीव्र व्यङ्ग्य प्रहार छ । आदर्शको खोल ओढेर अशान्ति मच्चाउने मान्छेले आफ्नै विनाश निम्त्याई रहेको सङ्केत गरिएको पाइन्छ ।

**घाउजस्तै चहराइरहेछ घाउ**

यस कवितामा मान्छे अप्ठ्यारो परिवेशमा बाँचिरहेको, मनका कुरा गुम्स्याएर उकुसमुकुस भएर तड्पिइरहेको यथार्थ कविले खुलाएका छन् । असह्य भएपछि सोझासाझा जनताले हतियार उठाउन बाध्य हुने अभिव्यक्ति प्रकट छ ।

**अमिला दिनहरू**

यस कवितामा द्वन्द्वयुक्त समयको दयनीय अवस्थाको चित्रण गरिएको छ । मानवीय निरिहता, चरम निराशा तथा चाहना कुण्ठित पारेर बाँच्नुको विवशता जस्ता असहज परिस्थितिमा पनि दृढ भई अघि बढिरहेको अभिव्यक्ति पाइन्छ ।

**यात्रामा कविता**

यस कवितामा मान्छेको देखावटी आडम्बरप्रति व्यङ्ग्य गर्दै जिन्दगीमा कहिल्यै सुख भोग्न नपाए पनि आशा र विश्वास बाँच्ने आधार बनेको छ। कविता मान्छेको सहारा बन्ने कविको विश्वास व्यक्त भएको पाइन्छ।

**कलमहरू कविता लेख्छन्**

यस कविताले कविका स्वाभिमानका कुरा उठाउँदै निराशाभित्र आशा र अनास्थाभित्र आस्थाको खोजी गरेका छन्। कविहरू हर्ष, विस्मात, दुःख जस्तोसुकै अवस्थामा पनि कविता लेख्छन् र भोक, शोक, अभाव, असक्तता ऊर्जाको स्रोत भएकोले कविता अझ मार्मिक र सशक्त बन्ने कविको ठहर छ। कविहरू स्वतन्त्र, स्वच्छन्द हुने तथा नियन्त्रणबाट मुक्त रहन चाहन्छन् भन्ने भाव व्यक्त भएको पाइन्छ।

**विषय प्रसङ्गले अर्को अर्थ नलागोस्**

यस कवितामा द्वन्द्वप्रेमीको ध्वंसात्मक प्रवृत्तिप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको छ। सौन्दर्यको चाहना गर्ने कविले अन्याय, अत्याचार तथा व्यभिचारका विरुद्ध डटेर सङ्घर्ष गर्ने अभिप्सा नै यस कविताको मुख्य भाव हो।

**ती मान्छेहरू**

यस कवितामा कविको सामर्थ्यबारे चर्चा गर्दै कविहरू काल्पनिक उडानमा विश्व भ्रमण गरेर अनुभूति सँगालेजस्तो यथार्थ ढङ्गले कवितामा प्रस्तुत गर्न सक्छन् भनिएको छ। यसमा प्रेमको लिप्सा, प्राकृतिक सौन्दर्यको बखानले जीवनको उज्यालो बाटो देखाउने जस्ता अनेक अतिशयोक्तिपूर्ण प्रशंसा गरेको पाइन्छ।

**सेता हिमालहरू**

यस कवितामा कविले हिमाललाई कर्मनिष्ठा, आस्थाको धरोहर तथा सौन्दर्यको प्रतीकका रूपमा प्रस्तुत गरेका छन्। हिमाललाई उत्साह, लक्ष्य, निश्छलता, राष्ट्रियता चिनाउने समृद्ध तथा मुस्कानको प्रतीकको रूपमा कविले लिएको कुरा व्यक्त छ।

**एउटा कामना प्रत्यागमन**

यस कवितामा द्वन्द्वप्रेमीका कार्यनीति तथा रणनीतिका कारण उनीहरूको अस्तित्व मेटिँदै गएको र जनताहरूले विश्वास गर्न छाडेको अभिव्यक्ति पाइन्छ। राजनीतिज्ञहरूले मान्छेको मन जित्ने काम गरेमा शासन दीगो हुने विश्वास कविले व्यक्त गरेका छन्।

**त्यो बाटो हिजो र आज**

यस कवितामा कविले द्वन्द्वग्रस्त अवस्था र द्वन्द्वहीन अवस्थाको तुलना गर्दै प्रकृतिको मानवीकरण, प्रेमिकासँगको वार्ताको चित्रण गरेका छन् ।

**उन्मुक्ति गान**

यस कवितामा आशावादी देखापरेका कविको सौन्दर्यप्रेम प्रकट भएको छ । द्वन्द्वमा टुक्रिएको मनलाई जोडेर पारस्परिक आत्मीयताको भावना सञ्चार गर्ने चाहना राखेका कविले सबै मान्छे जागेर देशको मुहार फेर्नुपर्ने विचार प्रस्तुत गरेका छन् ।

**शान्ति**

यस कवितामा कविले द्वन्द्वकालीन अवस्थामा बेपत्ता व्यक्तिहरूको खोजी कार्य नभएको, मुख फोरेर कोही बोल्न नसकेको बिडम्बनाप्रति तितो यथार्थ ओकलेका छन् । जस्ताको तस्तै बोल्नु वा लेख्नुलाई अपराध ठान्ने द्वन्द्वप्रेमीको निरङ्कुशताप्रति कविले तिखो व्यङ्ग्य गरेका छन् ।

**ऊ अर्थात् मान्छे**

यस कवितामा कविले जुन माटोमा मान्छे जन्मन्छ, हुर्कन्छ त्यो माटो उसका लागि शरीर भन्दा प्यारो हुन्छ भनी मातृभूमिप्रति अत्यन्त मोह प्रकट गरेको पाइन्छ । आफ्नो राष्ट्र सुन्दर बनाउने, भातृत्वको भावना विकास गर्ने, आत्मीयताको पर्खाल उभ्याउने र कुकर्म विरुद्ध सङ्घर्ष गर्ने चेतावनी व्यक्त गरेको पाइन्छ ।

**दुर्बोध्य समय र दोभासेहरुको खोजी**

यस कवितामा कविले समय झन् जटिल र दुर्बोध्य बन्दै गएको चिन्ता व्यक्त गर्दै जीवनको सार्थकताको खोजी गरेका छन् । राजनेताहरूको सधैं धमिलो पानीमा माछा मार्ने प्रवृत्तिप्रति कविले व्यङ्ग्य गर्दै वर्तमान समयलाई सरल, सहज, सुबोध्य, सङ्गत तथा प्रिय बनाउन सबै लाग्नुपर्ने चाहना व्यक्त गरेका छन् ।

यस प्रकार नेपाली राष्ट्रियता, स्वाभिमान, संस्कृतिप्रतिको निष्ठा, स्वतन्त्रता, समृद्ध र सुन्दर समाजको कामना यस सङ्ग्रहभित्रका कविताहरूको मुख्य अभीष्ट रहेको छ ।

### ४.२.४ विषयवस्तु

कविता रचनाको लागि चयन गरिएको वस्तु नै विषयवस्तु हो ।[५३] यस्तो विषय बाह्य ब्रह्माण्डभित्रका यावत् वस्तु, मानवीय स्वभाव, प्राकृतिक वस्तु, धर्म-संस्कृति, देश-समाज, राजनीति र

[५३] हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई, पूर्ववत् ।

जीवन भोगाइका अनेक पक्ष-विपक्षसँग सम्बद्ध हुने गर्दछ ।[५४] कवि निखिलले खासगरी दस बर्से जनयुद्धले सिर्जना गरेको मुलुकको बिग्रँदो अवस्था, निरङ्कुशता, सामाजिक, राजनीतिक, सांस्कृतिक विकृति, मानवीय मूल्य, स्वतन्त्रता, अस्तित्वको खोजी, तत्कालीन व्यवस्थाप्रतिको असन्तुष्टि, स्वाभिमान आदि विषयहरूलाई समेटेर कविताहरू सिर्जना गरेका छन् । निखिलको **मनहरूको परिसर** कवितासङ्ग्रहमा सङ्कलित कविताको विषयवस्तुलाई यसप्रकार अध्ययन गरिएको छ-

**क) मुलुकको बिग्रँदो अवस्था**

कवि निखिलले आफ्ना कवितामा लाक्षणिक तथा प्रतीकात्मक रूपमा विगत दस-बाह्र बर्से जनयुद्धले निम्त्याएको दर्दनाक स्थितिको उद्घाटन गरेका छन् । तत्कालीन अवस्थामा हत्या, हिंसा, आतङ्क, जनताका इच्छा, आकङ्क्षा र अधिकारहरू कुण्ठित भएको र निरीह भएर बाँच्नु परेको यथार्थलाई कविले आफ्ना कवितामा यसरी व्यक्त गरेका छन्-

बीभत्स मृत्युशृङ्खला
क्रमशः चुलिँदै छ सगरमाथा छिचोल्न
समय सुनाइरहेछ
एकपछि अर्को नरसंहारका कथाहरू
मान्छे रगतको रातोपनअघि
लालीगुराँस लजाइरहेछ फक्रन ।

(*प्राप्तिको लेखाजोखा,* पृ. ६८)

**ख) राजनीतिक अवस्था**

देशमा राजनीतिक अस्थिरता, आतङ्क तथा नैतिकताको सङ्कटमाथि कविले कविता मार्फत् यसरी व्यक्त गरेका छन्-

यथार्थमा बस्तीमा
एकमात्र स्पष्टवक्ता थियो ऊ
इमान्दारिता मानौँ
रगतसँगै सञ्चरित हुन्थ्यो

[५४] ऐजन ।

उसमा नसानसा र कोषिकाहरूमा
बस्तीमा उसले
ठुलाठुला अपराधहरू गरेको थियो
मान्छेलाई मान्छे ठान्ने अपराध
कालोलाई कालै भन्ने अपराध
...यस्तै ... ... यस्तै ... ... ।

(*शान्ति,* पृ. ९६)

**ग) सामाजिक विकृति**

वर्तमान समाजमा थुप्रै सामाजिक विकृति-विसङ्गतिहरू बढ्दै गएका छन् । निखिलको कवितामा सामाजिक विकृतिको अभिव्यक्ति यसरी प्रकट भएको छ-

उत्तेजनाहरूबिच
रक्तपोखरीमा अक्टोपस पौडनुको नियति
म हेर्दै छु सिक्त आँखाहरूले
घोर्ले स्यालहरू कौमार्य लुट्दै छन्
कुसमय उर्लेका बैंसहरू
क्षयग्रस्त खसिरहेछन् प्रतिपल
गाउँहरूमा/बस्तीहरूमा ।

(*गाउँहरू/बस्तीहरू,* पृ. ६२)

**घ) मानवीय मूल्य र अस्तित्वको खोजी**

विसङ्गतिपूर्ण जीवन बाँच्नु परेको युगीन यथार्थलाई कवि निखिलले कवितामा अभिव्यक्त गरेका छन् । आजको मान्छेमा आएको र वितृष्णा, सङ्गतिहीन बँचाइ र मान्छेले भोग्नु परेको दुर्नियतिलाई कविले यसरी अभिव्यक्त गरेका छन्-

रुखहरूलाई थाहै छैन
मान्छेले सपना बाँडेर फल चोरेको
रुखहरूलाई थाहै छैन
मान्छेले आश्वासन दिएर हाँगा काटेको
त्याग र सेवाका चिप्ला कुरा गरेर

मान्छे ढाल्दै छ रुख
रुखहरूलाई थाहै छैन
सन्त्रासको छायामा सास फेर्दै छु म ।

(*रुखहरूलाई थाहै छैन,* पृ. २५)

यसप्रकार कविभित्र जीवनबोधी, युगबोधी र विसङ्गतिबोधी भावनाहरू उकुस-मुकुस भएर कतै विद्रोही क्रान्तिचेत त कतै शान्ति र सामाजिक चेत अनि कतै स्वत्व र स्वाभिमानी भावना र कतै आफ्नो रगतको इतिहास बोकेको राष्ट्रको भयानक अवस्थाप्रति रोषपूर्ण अभिव्यक्तिहरू प्रस्तुत कविताहरूका विषयवस्तु बनेका छन् ।

### ४.२.५ भावविधान

कविताको मुख्य तत्त्व भाव हो । कवितामा भावलाई मूल मेरुदण्डको रूपमा लिइन्छ ।[५५] प्रस्तुत कवितासङ्ग्रहका कविताहरूको अध्ययन गर्दा नेपाली जनताहरू विभिन्न परिस्थितिले पिल्सिएर मूल्यहीन, निरस, चिन्ताग्रस्त र विसङ्गतिपूर्ण जीवन बाँचेको यथार्थ अभिव्यक्ति पाइन्छ । तत्कालीन व्यवस्थाप्रति असन्तुष्टि र नेपाली जनताले भोग्नु परेको युगीन बिडम्नाप्रति कारुणिक भाव प्रकट गरिएको छ । हत्या, हिंसा, आतङ्क, अनैतिकता, भ्रष्टाचार, गरिबीको पीडा, जनताको निरीहपन, असत्य आदि मान्छेहरूका प्रवृत्तिका कारण सोझा-साझा नेपाली जनताको जीवन दिनानुदिन कष्टकर र दयनीय बन्दै गएको अवस्थाबोध प्रकट भएको छ । कुनै कवितामा सामाजिक, राजनीतिक, विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्यका साथै विद्रोह र क्रान्तिचेतका अभिव्यक्तिहरू पनि पाइन्छन् । प्रस्तुत कवितासङ्ग्रहभित्रका कविताहरूमध्ये *समय पर्खंदा १, चौतारोमा उभिएर, स्मृतिमा : खस्रा हत्केलाहरू, मान्छे र मेरो वर्तमान विषय प्रसङ्गले अर्को अर्थ नलागोस्* जस्ता कविताहरूमा शोक स्थायीभाव भएको करुण रसहरूको प्रयोग भएको पाइन्छ । देशको बिग्रँदो अवस्था र सामाजिक विकृतिप्रति कविको कारुणिक अभिव्यक्ति यसरी प्रकट भएको छ-

सम्झनाका प्रदेशबाट
माया र यादका सगुन बोकेर
आउँदैनन् आजकल सानुमायाहरू

[५५] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज, २०५९, पृ. ३३४ ।

सुनिन्छ बारुदसँग खेल्न अभ्यस्त भएका छन्
गुराँस टिप्ने हातहरू ।

(*हामी कवि,* पृ ४०)

कवि निखिलले नेपालका शासक, शोषक, सामन्त तथा देशको अस्मितामा आँच पुऱ्याउनेहरूप्रति आक्रोशपूर्ण भाव व्यक्त गर्दै प्रतिवाद गर्न पछि नपर्ने कुरालाई यसरी प्रकट गरेका छन्-

खै, हामीले आफैलाई चपाएर उग्राउने
समयका दाह्रा उखेल्न सकेको
सधैंसधैं रोग, भोक र शोकसँगको लुखुरे युद्धमा अल्भाएर
हाम्रो सिङ्गो जिन्दगी र सभ्यतामाथि
हुकुमी शासन चलाइरहेछ समय ।
छातीभरि अकाय वेदना बोकेर
समयपीडित मान्छेहरूको सङ्गठनमा लागेको छु
र पर्खिरहेछु
समयसँगै युद्धोद्घोष गर्ने समय
यतिबेला म-
समयकै सँघारमा उभिएर ।

(*समय पर्खदा : समयको सँघारमा उभिएर १,* पृ. ३)

कवि निखिलले नयाँ वर्ष सुरु हुँदा वा नयाँ वैशाखले कहिल्यै खुसी तथा हर्ष बोकेर नआएकोमा नैराश्य प्रकट गर्दै दुःख र पीडामात्र थपेको गुनासो यसरी व्यक्त गरेका छन्-

कालो आतङ्कको छायाँ ओढेर
सन्त्रास निदाएका मान्छेहरू भयग्रस्त सुनिरहेछन्
टक-टक-का पदचापहरू
रक्तमुच्छेल पाइतलाहरूको छाप छोड्दै
बस्तीमा पसेको छ नयाँ वर्ष ।

(*विभ्रम र नयाँ वर्ष,* पृ. ७१)

### ४.२.६ लय/छन्द

सङ्गीतमा ताल भएजस्तै कविताको भित्री सङ्गीत लय हो । कवितामा लय विधानलाई आवश्यक तत्त्व मानिन्छ ।[५६] यस कवितासङ्ग्रहभित्रका *मेरो कविता, समयको सँघारमा उभिएर १, कविता लेखिरहेको कवि, ऊ अर्थात् मान्छे* आदि कविताहरूको कुनै-कुनै अनुच्छेदहरू गीति लयका छन् । यसैगरी *शान्ति* शीर्षकको कविता मुक्तक लयको प्रतीत हुन्छ । गद्य लयको कविता यसप्रकार छ-

एकाएक झ्याङ्गियो विषवृक्ष
यद्यपि मरुभूमि थिएन त्यहाँ काला सम्भावनाहरूको
आगो तिमीले मेरो विरुद्धमा लगाएका थियौ
बिडम्बना !
तिमी पनि जल्यौ मसँगै
आफैले लगाएको आगोमा ।

(*देश खोज्दा,* पृ. २७)

गीतिमयता कविताका पङ्क्तिपुञ्ज यसप्रकार छ-

अविचल सूर्य मेरो कविता
कसैको हत्केलाको छेकबारले छेकिन्त
कोसीको अजस्र बहाव मेरो कविता
कसैको निर्धो रोकाइले रोकिन्न
मेरो कविता अतृप्त रहरहरूको महागाथा हो
मेरो कविता अटल आस्थाहरूको सगरमाथा हो ।

(*मेरो कविता,* पृ. १)

मुक्तक कविता यस प्रकार छ-

ऊ हराएकोमा
कुनै सूचनाहरू छापिएनन्
कुनै विज्ञापनहरू बजेनन्
पत्रिकाहरूमा/रेडियोहरूमा ।

(*शान्ति,* पृ. ९६)

---

[५६] ऐजन ।

### ४.२.७ भाषाशैली

निमेष निखिलका कविताहरू सामान्यतया सरल भाषामा नै समाज तथा देशको परिस्थितिको चित्रण गरिएको छ । उनका केही कविताहरूमा सरलता त्यति पाउन सकिँदैन । कुनै-कुनै कवितामा वैयक्तिक आवेग बढी पाइन्छ । कतिपय कवितामा राजनीतिक, सामाजिक विचारहरूको प्रस्तुतीकरण भएको हुँदा परिस्थिति अनुसार अर्थ लगाउनु उपयुक्त हुन्छ । निखिलका कवितामा भाषा र भावको कलापक्ष तथा विचारपक्ष दुवैको संयोजन मिलेको पाइन्छ । काव्यिक शिल्पका साथै समसामयिक विषयवस्तुको उठान र विरोध बढी पाइन्छ । तत्कालीन समय र सामाजिक परिस्थितिलाई चित्रण गरी लेखिएका उनका कवितामा मानवीय दुःख, कष्ट, पीडा, छटपटी तथा मान्छेलाई उन्नतितिर लाग्न प्रकृतिका विभिन्न शब्द र पदावलीको प्रयोग गरिएको पाइन्छ । जस्तै- अविचल सूर्य, आस्थाहरूको सगरमाथा, आँसुका खोल्सा, भँगेराका बथानहरू, जुनेली रात, गुराँसका पोथ्राहरू, कोइलीका भाका, हर्षाश्रुका झरना, टुसाइरहन्छन् दुबोजस्तै, आस्थाका फूल, घामका किरण, झुसिल्किरा, मनका पाखा-पखेरा, सेता हिमालहरू, पहाडी खोला जस्ता पदावलीहरू युक्तिसङ्गत भएको पाइन्छ र सामान्य पाठकका लागि पनि कविताहरू सरल र मिठासयुक्त बनेका छन् । कवितामा प्रयोग भएका शब्दहरूमा अजस्र, भावना, भोग, यात्रा, रोग, वेदना, विद्रोह, विश्वास, शासन, शोक, सङ्गठन आदि शब्दहरू तत्सम हुन् । त्यस्तै आलो, कोसी, खोल्सा, छेकबार, पाप्रा, मझेरी, माटो, सपना, हत्केला आदि तद्भव शब्द हुन् भने ग्यास च्याम्बर, जिन्दगी, तगारा, बदला, बहाब, हुलाकी आदि आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । यसर्थ उनको कविताको भाषाशैली पक्ष सरल, सरस, बौद्धिक, रोचक तथा सुपाच्य ठहरिएको पाइन्छ ।

### ४.२.८ अलङ्कार

अलङ्कारको अर्थ सजाउनु हो र कविताको सौन्दर्यका लागि अलङ्कार आवश्यक देखिन्छ । अलङ्कार काव्यको शोभाकारक तत्त्व हो । कविताको सौन्दर्य अभिवृद्धि गर्ने भूमिकाका आधारमा अलङ्कार दुई किसिमको हुन्छ - शब्दालङ्कार र अर्थालङ्कार । शब्दमा चमत्कृति प्रदान गर्नेलाई अर्थालङ्कार भनिन्छ ।[५७] निखिलका **मनहरूको परिसर** कवितासङ्ग्रहभित्रका कविताहरूमा अर्थालङ्कारका रूपमा रूपक, अतिशयोक्ति, उपमा, समासोक्ति, विषम आदि अलङ्कारको प्रयोग भएको पाइन्छ-

[५७] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौँ : पैरवी प्रकाशन, पृ. ५३७ ।

**क) रूपक अलङ्कार**

एक वस्तुका रूपको अर्को वस्तुसँग आरोप गरेर दुवैमा एकरूपता स्थापित गरिन्छ भने त्यहाँ रूपक अलङ्कार हुन्छ ।[५८] प्रस्तुत कवितासङ्ग्रहका कविताहरूमा रूपक अलङ्कारको प्रयोग यसरी भएको छ-

बेली फुलेको रहरहरूका बिस्कुन छ
आँखाका परिसरभरि
चमेली मुस्कुराएका आकाङ्क्षाहरूको
एउटा झुन्ड हर्दम मडारिन्छ मनभरि ।

(*उन्मुक्तिगान,* पृ. ९४-९५)

'रहरहरूको बिस्कुन' मा रहरहरूलाई बिस्कुनसित अभेद आरोप गरिएकाले रुपक अलङ्कार हुन गएको छ ।

**ख) उपमा अलङ्कार**

उपमा र उपमेयको समान धर्मका आधारमा दुई वस्तुका बिच भिन्नता भए पनि समानता स्थापित गरिन्छ भने त्यहाँ उपमा अलङ्कार हुन्छ ।[५९] यस कवितासङ्ग्रहका कविताहरूमा उपमा अलङ्कारको प्रयोग यसरी भएको छ-

अ) चट्याङ खसेको आवाज झैँ ध्वनित भइरह्यो कविता
छहारीहीन अश्रुसिक्त अनुहारहरूमा ।

(*कविता लेख्नै परेन यसपालि,* पृ. ३०)

कविता- उपमेय, चट्याङ्को आवाज- उपमान, ध्वनित- धर्म, झैं- वाचक आदि शब्द प्रयोगले उपमा अलङ्कार बन्न गएको छ ।

आ) मलाई हिउँ बन्न मन लाग्छ
किनकि हिउँ मान्छेको मन जस्तो कालो हुँदैन
हिउँमा मान्छेको जस्तो कुनै
प्रलयकारी षड्यन्त्रको जालो पनि हुँदैन ।

(*मलाई हिउँ बन्न मन लाग्छ,* पृ. ३१)

---

[५८] रामचन्द्र अर्याल र अन्य, **साहित्यशास्त्र नेपाली समालोचना र शोधविधि,** काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६३, पृ. ५२ ।

[५९] ऐजन, पृ. ५३ ।

मान्छे- उपमेय, हिउँ- उपमान, कालो र षडयन्त्र- धर्म, जस्तो- वाचक आदि शब्द प्रयोगमा हिउँ मान्छेको मन जस्तो कालो हुँदैन भन्ने अर्थमा उपमा अलङ्कार बन्न गएको छ ।

**ग) अतिशयोक्ति अलङ्कार**

प्रस्तुतको उल्लेख नगरी अप्रस्तुतको बढाईं-चढाईं उल्लेख गरिएमा त्यसलाई अतिशयोक्ति अलङ्कार भनिन्छ ।[६०] यस कवितासङ्ग्रहमा अतिशयोक्ति अलङ्कारको प्रयोग यसरी भएको छ-

छेरेर बैंसालु ऊहापोह मनभरिको
कल्पेर एउटा साथी जीवनभरिको
फड्फडाउन खोज्दै छन् उन्मुक्त पखेटा
नीलगगनको अनन्त उडानका लागि
एकाकार गर्दै छन् धड्कनका ध्वनिहरू
गाँस्दै छन् मायाका डोरीहरू ।

(*बैंसोन्मत्त किशोरीहरू*, पृ. ५१)

प्रस्तुत हरफमा धड्कनका ध्वनिहरू नीलगगनका उडानका लागि पखेटा फड्फडाएको उल्लेख भएको छ र यो अतिशयोक्तिपूर्ण अलङ्कार बन्न गएको छ ।

यसरी **मनहरूको परिसर** कवितासङ्ग्रहका कविताहरूमा विभिन्न अलङ्कारहरूको प्रयोग भएको पाइन्छ ।

### ४.२.९ बिम्ब र प्रतीक

स्रष्टा वा सर्जकका मानसपटलमा रहेका मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ । प्रतीकले अभिव्यक्तिको सङ्केत भन्ने अर्थ बुझाउँछ र यो वस्तु तत्त्वको प्रतिनिधित्व गर्ने साङ्केतिक प्रयोग हो । प्रस्तुत कवितासङ्ग्रहभित्रका कविताहरूमा धेरै यस्ता बिम्ब र प्रतीकको प्रयोग भएको छ । यस कृतिका कवितामा प्रयोग भएको बिम्ब र प्रतीकलाई यसरी देखाउन सकिन्छ-

पसिना निथारेर मादलपेट
चिरन्तन बजाइरहेछ भोक धुन

[६०] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३, पृ. ६९ ।

नाङ्गा ढाडहरू उसैगरी

दारिद्र्यको विज्ञापन गरिरहेछन् ।

(*मान्छे र मेरो वर्तमान,* पृ. ६५)

नाङ्गा ढाडहरू दरिद्रताका प्रतीक र मादलपेट बजाएर भोक धुन निस्कनु श्रव्य बिम्बका रूपमा प्रस्तुत भएको छ ।

यस कवितांशमा प्रयोग भएका भोकधुन, नाङ्गा ढाडहरू र दारिद्रयको विज्ञापन जस्ता पदावली गरिबका अवस्था बुझाउन प्रयोग गरिएका बिम्बहरू हुन् ।

अर्को एक बिम्बपरक कवितांश यस प्रकार रहेको छ-

रक्ताम्मे डाँडाहरूको हरियाली कल्पिरहेछु

राता लालीगुराँसहरूको सौन्दर्य कल्पिरहेछु ।

(*विषय/प्रसङ्गले अर्को अर्थ नलागोस्,* पृ. ८५)

यस कवितांशमा प्रयोग भएका रक्ताम्मे डाँडाहरूको हरियाली र राता लालीगुराँसहरूको सौन्दर्य जस्ता प्रतीकात्मक पदावलीहरू तत्कालीन समयको युद्धबाट सिर्जित त्रासदीपूर्ण स्थितिसँग सम्बन्धित छ । यस्तो परिस्थितिबाट आहत भएका कविले देशका प्राकृतिक सौन्दर्यको चाहना गर्दै युद्ध रोकियोस् र सबै मान्छेमा भाइचाराको सम्बन्ध रहोस् भन्ने कामना गरेका छन् ।

### ४.२.१० निचोड

प्रस्तुत **मनहरूको परिसर** कवितासङ्ग्रह कवि निमेष निखिलको पहिलो पुस्तकाकार कृति हो । प्रस्तुत कृतिमा ५६ वटा कविताहरू रहेका छन् । सबै कविताहरू गद्य लयका छन् भने कुनै कविताका कुनै अनुच्छेदहरू गीति तथा मुक्तक लयको पनि पाइन्छ । प्रस्तुत कृतिमा तत्कालीन समाजका मान्छेहरूले भोग्नु परेको अन्याय, अत्याचार, दुःख-पीडा, त्रास, सामाजिक, राजनैतिक, आर्थिक विकृति र विसङ्गतिप्रति चिन्ता, व्यङ्ग्य तथा आक्रोश प्रकट गरिएको पाइन्छ । कवितामा स्वतन्त्र, त्रास रहित, सुन्दर र समृद्ध समाजको कामना गर्नुका साथै राष्ट्रप्रेम, प्रकृति र संस्कृतिको रक्षा, मानवीय मूल्यको खोजी तथा समतामूलक समाज सिर्जनाको चाहना प्रकट गरिएको छ । प्रस्तुत कृतिमा कलापक्ष, भावपक्ष र विचार पक्षको संयोजन मिलेको देखिन्छ साथै कविताहरू भाषिक दृष्टिले सरल र स्वाभाविक छन् ।

## ४.३ उमेरको नदी (लामा कविता) कवितासङ्ग्रहको अध्ययन

**उमेरको नदी** (लामा कविता) कवितासङ्ग्रह निमेष निखिलको दोस्रो प्रकाशित पुस्तकाकार कृति हो । यस कवितासङ्ग्रहको अध्ययन विभिन्न उपशीर्षकहरूमा गरिएको छ ।

### ४.३.१ शीर्षक

शीर्षक कविताको पहिलो तत्त्व हो । कविताले व्यक्त गर्न खोजको भाव शीर्षकले वहन गरेको हुन्छ । शीर्षकले कविताहरूको समष्टिगत छनक दिन्छ । कविताको शीर्षक अभिधात्मक वा प्रतीकात्मक जस्तोसुकै भए पनि छोटो, मिठो र कविता सुहाउँदो हुन्छ । यसर्थ कुनै पनि लेख, रचना, ग्रन्थ आदिको टाउकोमा रहने तत्त्व नै शीर्षक हो । खगेन्द्र लुइँटेलका अनुसार शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक सङ्केत वा उद्धारक समेत हुनु पर्दछ ।[६१] शीर्षकले कृतिभित्र समाविष्ट विषयवस्तुहरूको मूलभाव सङ्केत गराउँछ । **उमेरको नदी** कवितासङ्ग्रहभित्र अन्तिम कविता *आलस्य हिँडिरहेको एउटा देश* सहित पन्ध्रवटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा कविले वर्तमान समय, मान्छे, समाज र देशप्रतिको गहिरो चिन्ता अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । यी पन्ध्रवटा कविताहरूमध्ये पहिलो कविता *उमेरको नदी*बाट नै यस कवितासङ्ग्रहको शीर्षक नामकरण गरिएको छ । उक्त शीर्षक विषयका आधारमा सार्थक र औचित्यपूर्ण नै देखिन्छ ।

### ४.३.२ संरचना

विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन्त र स्वनिष्ठ अस्तित्वलाई संरचना भनिन्छ । संरचना दुई प्रकारका हुन्छन् - आन्तरिक र बाह्य । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्डगण र विश्राम भई पाउ, चरण वा पङ्क्तिविधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ । साहित्यिक सन्दर्भमा संरचनाको तात्पर्य भन्नु नै कृतिगत सङ्ग्रहको समग्र सिद्धान्त हो । [६२]

**उमेरको नदी** कवितासङ्ग्रहलाई संरचनागत रूपले हेर्दा कुनै कविता बाह्र पेजसम्मका लामा र कुनै पाँच पेजसम्मका मध्यम गरी विभिन्न आयामका पन्ध्रवटा गद्य कविताहरू सङ्कलित भएको १०९ पृष्ठको मध्यम आकारको कृति हो । यस कवितासङ्ग्रहको पूर्व भागको भूमिकामा श्यामलले कुनै पनि

---

[६१] खगेन्द्र लुइँटेल, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२, पृ. ३० ।

[६२] पूर्ववत्, पृ. ३९ ।

रचनाको आकार त्यसमा रहेको कथ्य प्रसङ्गले तय गर्दछ भनेका छन् । सृजनात्मक आवेगको अनुभवबिना कविताको रचना सम्भव हुन्न र **उमेरको नदी** कवितासङ्ग्रह सरल भाषामा भएर पनि बौद्धिक हस्तक्षेप गर्न समर्थ छ भनेका छन् ।[६३] प्रस्तुत कृतिमा पहिलो लामो कविता ९ पृष्ठको, एक शब्ददेखि-दश शब्दसम्मको पङ्क्ति र १९५ हरफमा विस्तारित ३९ श्लोकमा संरचित छ । त्यस्तै पाँच पृष्ठ र ११५ पङ्क्तिपुञ्जमा विस्तारित, १४ अनुच्छेदमा संरचित, *ढुङ्गाका मान्छे र हाडमासुका देवताहरू* जस्ता विविध आकार र आयाममा लेखिएका कविताहरू छन् । यस सङ्ग्रहको सबभन्दा लामो कविता *मान्छे कविता* हो । यो १२ पृष्ठको, एक-दश शब्दसम्मको पङ्क्ति र २७० हरफमा विस्तारित ३३ पङ्क्तिपुञ्जमा संरचित छ ।

प्रस्तुत कृतिभित्रका कविताहरूमा वर्तमान समयमा मान्छेका स्वार्थ र देखावटीपन, शोषण, दमन, अन्याय, अत्याचार, सामाजिक विकृति, देशको कुशासन, मान्छेका दुःख-पीडा र सङ्घर्ष आदिलाई कवि निखिलले आफ्ना कविताका माध्यमबाट व्यङ्ग्य प्रहार गरेका छन् । उनले मान्छेलाई सभ्य, सुसंस्कृत, सरल, सहयोगी, आशावादी बन्न र असल मार्गमा हिँड्न सन्देश दिएका छन् । प्रस्तुत **उमेरको नदी** कवितासङ्ग्रह मध्यम आकारको आकर्षक र आन्तरिक संरचनाको दृष्टिले प्रखर प्रगतिवादी र प्रयोगवादी मान्यतामा आधारित शिष्ट र उच्चकोटीको रूपमा समृद्ध देखिन्छ । संरचना परिचय अन्तर्गत यस सङ्ग्रहमा सङ्कलित कविताहरूको संरचनालाई तलको तालिकामा यसप्रकार देखाउन सकिन्छ-

**तालिका सङ्ख्या : २**

**'उमेरको नदी' कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको तालिका**

| क्र.सं. | शीर्षक | पृष्ठ | अनुच्छेद | हरफ |
|---|---|---|---|---|
| १. | उमेरको नदी | १ | ३९ | १९५ |
| २. | समयका पानामा जिन्दगीको स्केच | १० | १९ | १३६ |
| ३. | म झरी बर्सन्छु | १६ | १३ | १३८ |
| ४. | ढुङ्गाका मान्छे र हाडमासुका देवताहरू | २२ | १८ | ११५ |
| ५. | एउटा नारा-मान्छे : जिन्दावाद | २७ | १६ | १७५ |
| ६. | त्रासद् वर्तमान | ३५ | १३ | १३४ |
| ७. | मान्छे कविता | ४१ | ३४ | २७० |

[६३] श्यामल, *कवितामा स्मृतिदंश,* **उमेरको नदी,** निमेष निखिल, मकवानपुर : आशिष श्रेष्ठ, २०७०, भूमिका ।

| | | | | |
|---|---|---|---|---|
| ८. | कवितामा देश | ५३ | २३ | १५२ |
| ९. | अकविता १ | ६१ | ६ | १४० |
| १०. | अकविता २ | ६७ | १२ | १३४ |
| ११. | अकविता ३ | ७४ | १३ | १६० |
| १२. | फेरि मान्छे | ८१ | १० | १४८ |
| १३. | दुःखका सुसेली | ८७ | १३ | २३५ |
| १४. | सपना अर्थात् जिन्दगी | ९७ | १२ | १३५ |
| १५. | आलस्य हिँडिरहेको एउटा देश | १०३ | १५ | १५७ |

माथिको तालिका अनुसार गद्यमा संरचित **उमेरको नदी** कवितासङ्ग्रहको सबैभन्दा लामो कविता *मान्छे कविता* हो । यो १२ पृष्ठको, २७० हरफमा विस्तारित ३४ अनुन्छेदमा संरचित छ । छोटो कविता *ढुङ्गाका मान्छे र हाडमासुका देवताहरू* शीर्षकको कविता पाँच पृष्ठको, ११५ हरफमा विस्तारित र १४ अनुच्छेदमा संरचित छ । धेरै अनुच्छेद (३९) *उमेरको नदी* कविता हो भने थोरै अनुच्छेद (६) को *अकविता १* शीर्षकको कविता हो । यस कवितासङ्ग्रहमा कविताहरूको संरचना लामा भए पनि कथ्यगत र शिल्पगत विशेषताले गर्दा उच्चकोटीका ठहरिएका छन् ।

### ४.३.३ कविताहरूको मुख्य कथ्य

यहाँ **उमेरको नदी** कवितासङ्ग्रहभित्र सङ्गृहीत कविताहरूको मूल कथ्यलाई सङ्क्षेपमा अध्ययन गरिन्छ-

**उमेरको नदी**

प्रस्तुत कविता यस कवितासङ्ग्रहको पहिलो कविता हो र यसै शीर्षकबाट सङ्ग्रहको नामकरण गरिएको छ । *उमेरको नदी* कवितामा कविले आफैलाई उपस्थित गराई वर्तमान समयको यथार्थ स्थितिको प्रतिबिम्ब झल्काएर मान्छेलाई नदी बग्ने मुहानतर्फ फर्कन झक्झकाएका छन् ।

**समयका पानामा जिन्दगीको स्केच**

प्रस्तुत कवितामा वर्तमान समयमा जतातते सङ्कट, अभाव र समस्याको पहाडले घेरिँदै गएकोले जीवन जटिल बन्दै गएको यथार्थ चित्रण छ । मान्छेले जति नै चुरिफुरी देखाए पनि सफल हुन नसकेको भाव व्यक्त छ ।

**त्यस्तै म झरी बर्सन्छु**

प्रस्तुत कवितामा कविले घमण्ड र अहङ्कारका विरुद्ध प्रेम, सद्भाव र आत्मीयताको चहकिलो उज्यालो बर्सने प्रतिज्ञा गरेका छन् ।

**ढुङ्गाका मान्छे र हाडमासुका देवताहरू**

प्रस्तुत कवितामा आजका मान्छेमा भावना, विचार र संवेदना शून्य भएर ढुङ्गा जस्तै कठोर बन्दै गएको यथार्थ चित्रण छ ।

**एउटा नारा– मान्छे : जिन्दावाद**

प्रस्तुत कवितामा सृष्टिको आदिकालदेखि नै मान्छेले द्वन्द्वै-द्वन्द्वको महायात्रा गर्दै आएको छ । द्वन्द्व र विनाशतिर धकेलिँदै जान लागेकोले देश र मानवता बचाउन निरन्तर लागिरहने कविको दृढता व्यक्त छ ।

**त्रासद् वर्तमान**

यस कवितामा मान्छेमा आत्मीयता, सद्भाव तथा संवेदनाशून्य भएको, वर्तमान् अवस्था जटिल बन्दै गएको भन्न खोजिएको छ । विनाशलीला मच्चाउन उद्धत मान्छेलाई मानवता र देशका बारेमा सोच्न आग्रह गरिएको छ ।

**मान्छे कविता**

यस कवितामा आशा र विश्वासको विशाल ब्रह्माण्ड बोक्न सक्ने मान्छे आज साँघुरिएर सानो भएको छ र अभिमानको शिखर चढ्न खोज्दा झन् तल भास्सिएको भाव व्यक्त छ ।

**कवितामा देश**

यस कवितामा आफैलाई भत्काएर आफै खोज्ने मानवीय प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गर्दै प्रसव वेदनाले छटपटाएको देशलाई शान्त पार्न आग्रह गरिएको छ ।

**अकविता १**

यस कवितामा आजको समय र मान्छे बुझिनसक्नु भएको छ । मान्छेको अस्तित्व समाप्त हुँदै जाँदा पनि भ्रमको खेतीमा रमाउने तुच्छ प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

**अकविता २**

यस कवितामा भोक, रोग र शोकले अस्तव्यस्त देशमा कविताले कुनै राहत दिन नसकेको यथार्थताका साथै पानी र बिजुलीको अभावमा मान्छे बाँच्न विवश भएको कुरा चित्रण गरिएको छ ।

**अकविता ३**

यस कवितामा सुख पाउने आशामा विदेशिएका मान्छेको मृत्यु हुँदा परिवारले भोग्ने पीडालाई यथार्थ ढङ्गले प्रस्तुत गरिएको छ ।

**फेरि मान्छे**

यस कवितामा मान्छेको स्वभाव विचित्र हुने सत्यता प्रकट छ । एकातिर दुःखै-दुःख र रुवाइ छ भने अर्कोतिर खुसी र सुखले रोमाञ्चित जीवनको तुलना गर्दै सबै मान्छेले एकैनासको जीवन भोग्न नपाएको यथार्थता प्रकट गरिएको छ ।

**दुःखका सुसेली**

यस कवितामा गरिबका चरम पीडाको यथार्थ चित्रण छ । उनीहरू जीवनभर हाड-नङ्ग्रा घोटेर धनी वर्गलाई चयन गराउँदा पनि आवाजविहीन भएर निरीह बन्दै पेटभरि खान र शान्तिले बाँच्न खोजेको मार्मिक यथार्थ व्यक्ति गरिएको छ ।

**सपना अर्थात् जिन्दगी**

यस कवितामा विपना तथा यथार्थ जतिसुकै पीडादायक भएपनि मान्छेले सपना देख्न नछाडेको मार्मिक चित्रण गरिएको छ ।

**आलस्य हिँडिरहेको एउटा देश**

यो कविता यस सङ्ग्रहको अन्तिम कविता हो । यस कवितामा वर्तमान् अवस्था जटिल बन्दै गएको, देशको अस्तित्व मेटिँदै गएको र प्रकृतिले सम्पन्न देशको अस्मितामा आँच पुगेको मार्मिक अभिव्यक्ति छ ।

यस सङ्ग्रहका प्रायःजसो सबै कवितामा उनले कुरूप त्रासदीको चित्र उतारेका छन् । यस कवितासङ्ग्रहका बारेमा मायामितु न्यौपाने भन्छिन्- कविले सशक्त ढङ्गले मानवतावादी चिन्तन प्रस्तुत गरेका छन् । युगीन विसङ्गति र विकृतिप्रति तिखो व्यङ्ग्य, विद्रोह, आक्रोश र क्रान्तिचेतना बोल्दै उज्यालोको खोजिमा हिँडेका छन् कवि निखिल कविताको चिराग बोकेर । मान्छेले आफ्नो पहिचान भुल्नु हुन्न भन्ने राम्रो सन्देश दिएको छ *शीर्षक* कविताले । [६४]

यसर्थ जीवनवादी कवि निमेष निखिलले वर्तमान समयका मान्छे, समाज र देशको यथार्थ स्थितिको चित्र उतार्दै सामाजिक विकृति, विसङ्गति, शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार अन्त्य गर्न मान्छे सुध्रेर सरल, सहयोगी, उदार, बिस्वासिलो बन्न सके देशको भविष्य सुन्दर हुने मार्मिक अभिव्यक्ति दिएका छन् र यस सङ्ग्रहको मूल विषयवस्तु पनि यही हो ।

---

[६४] मायामितु न्यौपाने, *काव्यिक चेतनाको धरातलमा उमेरको नदी,* **प्रतीक दैनिक,** बिरजन्ज : वर्ष २७, अङ्क १३७, पृ. ३ ।

### ४.३.४ विषयवस्तु

**उमेरको नदी** कवितासङ्ग्रहमा निखिलले वर्तमान मान्छेका क्रियाकलापको धज्जी उडाएका छन् । उनले मान्छेमा देखिएको अमानवीय प्रवृत्ति, नैतिक मूल्यको पतन, सामान्य मान्छेको इच्छा आकाङ्क्षाहरूमाथि हुने घात-प्रतिघात, अविश्वास, असहयोग, मानिसका असल इच्छाहरू र बनिरहेको प्रतिकूल परिस्थितिको बिचमा च्यापिएका मनुष्यताका बारेमा मान्छेलाई संवेदनशील तुल्याउने भगीरथ प्रयत्न गर्छन् । आफ्नो जीवन भोगाइका क्रममा जुन भाव वा विषयवस्तुले कविको अन्तर्मनमा गहिरो प्रभाव पर्दछ, त्यसैको केन्द्रीयतामा कविले कविता सृजना गर्दछ । कवि निखिलका यिनै चिन्तन, धारणा, विचार, अनुभूति र अनुभवहरू कविताका मूल भाव बनेका छन् । मनभित्र खपिनसक्नु भएर जलिरहेको आक्रोश र क्रोधलाई गम्भीर, शिष्ट र शालीन रूपमा काव्यात्मक रूप दिने तीक्ष्ण क्षमता भएका निखिलका लामा कविताहरू सबै सशक्त र जीवन्त छन् ।

**उमेरको नदी** कवितासङ्ग्रहमा निखिलले मातृभूमिलाई चटक्क बिर्सेर बाहिरी तामझामले वरिष्ठ देखिन खोज्ने मान्छेको अङ्हकारी, स्वार्थी प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरेका छन् । मानवीय संवेदना हराउँदै गएकोमा गहिरो चिन्ता व्यक्त गर्दै प्रकृति र संस्कृतिले सुसम्पन्न देशलाई राणाकालदेखि हाल अनौठो गणतन्त्र कालसम्मका शासन गर्ने नेताहरूले देशलाई डुबाउँदै लगेको मार्मिक अभिव्यक्ति निखिलले कवितामा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका कविताहरूमा राजनैतिक, सामाजिक, प्राकृतिक, सांस्कृतिक, आर्थिक विषमताका सक्कली चित्रहरू प्रतिबिम्बित भएको पाइन्छ । यसर्थ वर्तमान समयमा राजनैतिक, आर्थिक, सामाजिक क्षेत्रमा व्याप्त शोषण, दमन, अन्याय, अत्याचार, दुराचार, राष्ट्रियता र मानवीय जीवनको मूल्यहीनता, राष्ट्रको दयनीय अवस्थाप्रतिको चिन्तन र समाजमा व्याप्त विकृति र विसङ्गतिप्रतिको आक्रोश कविताका विषयवस्तु बनेका छन् ।

### ४.३.५ भावविधान

**उमेरको नदी** लामा कवितासङ्ग्रहमा कवि निखिलले देशको राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक क्षेत्रमा व्याप्त विकृति तथा विसङ्गतिको तीव्र विरोध र आक्रोश पोखेका छन् । मान्छे, समाज र राष्ट्रप्रतिको गहिरो चिन्ता प्रकट गर्दै विषमतामूलक सामाजिक व्यवस्थालाई परिवर्तन गरी समतामूलक, न्यायमूलक, लोकतान्त्रिक राज्य व्यवस्थाको स्थापना गर्ने मूलभाव व्यक्त गरेका छन् । राष्ट्रवादी, आशावादी, जीवनवादी जीवनदृष्टि भएका निखिलको यस कवितासङ्ग्रहमा सङ्कलित कविताहरूमा प्रायः शोक स्थायीभाव भएको करूण रस, क्रोध स्थायीभाव भएको रौद्र रसले

अभिव्यक्ति पाएको छ । त्यस्तै केही कविताहरूमा बीभत्स रस, केही कविताहरूमा वीर रसले स्थान पाएका छन् ।

कुनै शोषित-पीडित, गरिब, निमुखा दुःख सन्तप्त जनप्रति सहानुभूति देखाउनु वा त्यस्तो अवस्था देखेर दुःखित बन्नु करूण रस हो ।

**उमेरको नदी** कवितासङ्गहमा करूण रस यसरी अभिव्यक्त भएको छ :

न कहिल्यै भने जस्तो एक छाक खान पायो
न कहिल्यै चिताएजस्तो एकसरो लाउन पायो
सधैं सधैं साइँलो ढाड
अभावको घामले सेकिइरह्यो
अहोरात्र साइँलो मन
आँसु भेलहरूमा रुझिरह्यो
जीवन एक पहाड पीडा भोग्नुको नियति हो
प्रमाणका लागि साइँलो हृदय छामी हेरे हुन्छ ।

(*दुःखका सुसेली,* पृ. ९३)

तन्नेरी छोराहरूको लास
बन्द बाकसमा फर्कन्छ खाडी मुलुकबाट
मुटु भक्कानो पारेर
हेर्नै परेको छ बाबुआमाले
वैधव्यले थिचेर
जिन्दगीका बैंसालु रहरहरू

(*अकविता ३,* ७७)

यसरी यी कविताहरूमा करूण रसको प्रयोग भएको पाइन्छ ।

यसैगरी *म झरी बर्सन्छु* शीर्षक कवितामा उत्साह स्थायीभाव भएको वीर रस यसरी अभिव्यक्त भएको छ :

गडगडाएर अहङ्कारका गर्जन विरुद्ध
चम्चमाएर विद्रोहका बिजुली

सुसेल्दै आँधीका प्रचण्ड प्रवेग
उचालेर ज्वालामुखीका हुङ्कारहरू
म झरी बर्सन्छु ।

(*म झरी बर्सन्छु*, पृ. १७/१८)

यसरी यी कविताहरूमा करूण र वीर रसको अभिव्यक्ति भएको पाइन्छ ।

**४.३.६ लय/छन्द**

कवितामा ध्वयन्यात्मक आरोह-अवरोहको स्थितिबाट लयको उत्पादन हुन्छ । लयले नै कवितालाई साङ्गीतिक बनाउँछ । कवितामा हुने विशिष्ट भाषिक विन्यासबाट लयको उत्पत्ति हुन्छ ।[६५]

**उमेरको नदी** कवितासङ्गहका केही कविताहरू लामो ढाँचा र मुक्त लयका छन् । यस कृतिका केही कविताहरूमा गेयात्मक अन्त्यानुप्रास ढाँचाले गर्दा लयात्मकता रहेको पाइन्छ भने कुनै कविताहरू अत्यन्त छोटा-छोटा वाक्यात्मक प्रयुक्तिले मुक्तक ढाँचाको लय रहेको पनि देखिन्छ ।

लामा वाक्यात्मक ढाँचाका कविताको पङ्क्तिपुञ्ज यसप्रकार छ-

गाउँमा आत्मीयताको रोगन होस् मैले खोजको यति नै हो ।
सद्भावका फूल फुलून् गाउँमा मैलै खोजेको यति नै हो ।

(*उमेरको नदी*, पृ. ९)

गेयात्मक अन्त्यानुप्रास ढाँचाका कविताको पङ्क्तिपुञ्ज यसप्रकार छ-

फेरि पनि ऊ मान्छेकै पक्षमा उभिन चाहन्छ
मान्छेकै माझमा रहन चाहन्छ
गीतहरूमा मान्छे नै गाउन चाहन्छ ।

(*मान्छे कविता*, पृ. ५२)

छोटा वाक्यात्मक ढाँचाका कविताको पङ्क्तिपुञ्ज यस्तो छ-

जनजाति
मधेसी
बाहुन-क्षेत्री

[६५] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत्, ५६७ ।

सबै छन्

नेपाली छैन

सबै थोक छ

अन्यायको हाहाकार छ

न्याय छैन

सुरक्षा निकाय छन्

सुरक्षा छैन ।

(*समयका पानामा जिन्दगीको स्केच*, पृ. १५)

यसरी कुनै कविता लामा वाक्यात्मक ढाँचाका, कुनै गेयात्मक अन्त्यानुप्रास मिलेका र कुनै मुक्तक लय ढाँचाका शास्त्रीय छन्दरहित कविताका रूपमा देखिन्छ ।

### ४.३.७ भाषाशैली

कविताको निर्माण गर्ने ससाना लघु घटक वर्ण, शब्द, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदहरूलाई भाषाशैली भनिन्छ । भाषाशैलीभित्रका विभिन्न लघु घटकहरूको समुचित विन्यास नै भाषाशैलीय विन्यास हो । कृतिका संरचक घटकका सन्दर्भमा भाषाशैली चयन, अग्रभूमीकरण, बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ ।[६६]

**उमेरको नदी** कवितासङ्ग्रहका कविताहरूको भाषा कतिपय प्रबुद्ध पाठकका निम्ति मात्र बोधगम्य छन् भने अधिकांश कविता सरल सरस र सम्प्रेषणीय गद्य लयात्मक शैलीमा लेखिएका छन् । भाषिक स्रोतको दृष्टिले यस कृतिमा नदी, भोक, युद्ध, रोग, विद्रोह, शोक, समय, सपना आदि संस्कृत तत्सम शब्दको प्रयोग भएको भेटिन्छ भने आगो, आज, काख, किन, छाती, मकै, मान्छे, रूख, स्वाङ, सिउँदो, हाँगा जस्ता तद्भव शब्दको प्रयोग पनि भएको पाइन्छ । त्यस्तै केही कवितामा उजाड, जिन्दगी, लडाइँ, हजुर, होडबाजी जस्ता आगन्तुक शब्दको प्रयोग पनि भएको पाइन्छ । गद्य अभिव्यक्तिहरूमा पनि आन्तरिक लयात्मक शैलीको प्रयोगले कविताहरू सरर बगेका छन् । समग्रमा **उमेरको नदी** कवितासङ्ग्रहका कविताहरूको भाषाशैली क्लीष्ट र दुरुह नभई सबै पाठकका लागि पनि बोधगम्य, रोचक, सरल र सहज प्रकृतिका छन् ।

[६६] पूर्ववत्, पृ. ५७३ ।

### ४.३.८ अलङ्कार

अलङ्कार काव्यको शोभाकारक तत्त्व हो । यो पूर्वीय काव्यशास्त्रको अवधारणा भए पनि सार्वभौम रूपमा नै यसलाई कविताको तत्त्व भनिन्छ । कविताको अर्थमा चमत्कृति प्रदान गर्ने र शब्द चमत्कारका माध्यमबाट अर्थलाई उत्कर्षमा पुऱ्याउने अलङ्कारलाई काव्यका साधन मानिन्छ ।[६७]

**उमेरको नदी** कवितासङ्ग्रहभित्रको कविताहरूमा अन्त्यानुप्रास जस्ता शब्दालङ्कार र उपमा, रूपक जस्ता अर्थालङ्कारको प्रयोग भएको पाइन्छ ।

अन्त्यानुप्रासको उदाहरण यसप्रकार छन् :-

च्यातिएका तनहरू
भाँचिएका मनहरू
लुटिएका जोवनहरू
खोसिएका गाँसहरू ।

(*अकविता २*, पृ. ७१)

उपमा अलङ्कारको उदाहरण स्वरूप कविताको हरफ यसप्रकार छ :

साइँला मनहरू ठुलाबडाहरू जस्तो क्षुद्रताका दोहरी खेल्दैनन्
विपन्न मनस्थिति लिएर सम्पन्नताको होडबाजी गर्दैनन् ।

(*दुःखका सुसेली*, पृ. ९१)

साइँला मन- उपमेय, ठुलाबडाहरू- उपमान, क्षुद्रताको दोहरी- धर्म, जस्तो- वाचक आदि शब्द प्रयोगले उपमा अलङ्कार बन्न गएको छ ।

यसरी यी कविताहरूमा विभिन्न शब्द-अर्थअलङ्कारको प्रयोग भएको पाइन्छ ।

### ४.३.९ बिम्ब र प्रतीक

काव्यलाई सुन्दर बनाउने तत्त्व बिम्ब र प्रतीक हुन् । लक्ष्मणप्रसाद गौतमका अनुसार स्रष्टा वा सर्जकका मानसपटलमा रहेका मानसिक तस्बिरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ ।[६८]

---

६७ ऐजन ।

६८ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, पुल्चोक, २०६० ( दोस्रो संस्क.), पृ. १ ।

**उमेरको नदी** कवितासङ्ग्रहका कविताहरूमा सरल बिम्ब र प्रतीकको प्रयोग अधिक मात्रामा भएको देखिन्छ । काव्यलाई सुन्दर बनाउन यहाँ पुरै प्राकृतिक दृश्यहरू दृश्यबिम्बका रूपमा उपस्थित भएको देखिन्छ । बतासको मुलायम स्पर्स, आकाशमा ताराहरू, खोलाको सङ्गीत, सल्लाहरूको सुसाइ, सुनको बिहानी घाम आदिको बिम्बात्मक सजावट कविताहरूमा प्रशस्त भेटिन्छन् । **उमेरको नदी** कवितासङ्ग्रह समग्रमा राष्ट्रप्रेम, अस्तित्त्व र अस्मिता, सामाजिक शोषण, उत्पीडन, गरिबी, घुसखोरी, देखावटी, आडम्बर, देशको अस्तव्यस्त अवस्था आदि विविध विकृति र विसङ्गतिको स्वर उराल्ने युगीन यथार्थको प्रतिबिम्ब हो । बिम्ब र प्रतीकको सङ्गालो नै बनेको **उमेरको नदी** कवितासङ्ग्रहमा कलात्मक सौन्दर्य झल्किएको पाइन्छ । यस कृतिभित्रका कविताहरूमा प्रयोग भएका बिम्ब र प्रतीकको अभिव्यक्ति यस प्रकार रहेको देखिन्छ :-

समयका अनन्त आकृति कुँदिएका हृदयहरू
सद्भावका बिस्कुन हालिएका मनहरूको आँगन
हेरेर कहिल्यै नसकिने सुखको सम्पति बोकेको आँखा

(*उमेरको नदी*, पृ. ५)

पहिरो भत्केका विश्वासका कान्लाहरू
उदासी फुलेको रङ्गहीन फूल
नेटो काटेको रहर
र अभावको राग अलाप्ने भोका ताउलाहरू
उस्तै छन् आज पनि

(*समयको पानामा जिन्दगीको स्केच*, पृ. १२)

यस कवितांशमा प्रयोग भएका आकृति कुँदिएका हृदयहरू, सद्भावका बिस्कुन, मनहरूको आँगन, विश्वासका कान्लाहरू, उदासी फुलेको रङ्गहीन, भोका ताउलाहरू आदि पदावलीहरू गरिबका चरम पीडालाई बुझाउन प्रयोग गरिएका प्रतीकात्मक बिम्ब हुन् ।

### ४.३.१० निचोड

प्रस्तुत **उमेरको नदी** (लामा कविता) कवितासङ्ग्रह कवि निमेष निखिलको दोस्रो पुस्तकाकार कृति हो । यस कृतिमा प्रयुक्त कविताहरूको भाषाशैली शिष्ट, स्तरीय र परिस्कृत देखिन्छ । विशेषतः अधिक मात्रामा प्राकृतिक बिम्ब र प्रतीकको सादृश्य शब्द प्रयोग तथा तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको उपयुक्त समन्वयले भाषालाई निकै ओजपूर्ण बनाएको पाइन्छ । यस सङ्ग्रहमा

पन्ध्रवटा लामा कविताहरू सङ्कलित छन् । प्रस्तुत कृतिमा सामाजिक चेतना, राष्ट्रिय चेतना, सामाजिक, राजनीतिक विकृति-विसङ्गति, राज्यको असमान व्यवस्थाप्रति तीव्र विरोध, आत्मपीडा, प्रकृतिप्रेम, मानव अस्तित्वको खोजी, परम्परा तथा पुर्खाहरूप्रतिको सम्मान तथा विश्व युगीन समस्या आदि विशेषताहरू प्रस्तुत गरिएका छन् । कविताहरूमा कतै-कतै सामान्य पाठकहरूका लागि बुझ्न कठिन प्रतीत हुन्छन् तापनि समग्रमा प्रस्तुत कृति सरल, गहन, बौद्धिक, रोचक तथा उत्कृष्ट बन्न पुगेको छ ।

## ४.४ 'शोकगीतको पोस्टमार्टम' कवितासङ्ग्रहको अध्ययन

**शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रह निमेष निखिलको तेस्रो प्रकाशित पुस्तकाकार कृति हो । यस कवितासङ्ग्रहको अध्ययन विभिन्न उपशीर्षकमा गरिएको छ ।

### ४.४.१ शीर्षक

साहित्यकार निमेष निखिलको प्रस्तुत कवितासङ्ग्रहको नामकरण यसै कवितासङ्ग्रहभित्रको तेइसौँ कविता *शोकगीतको पोस्टमार्टम* शीर्षकबाट गरिएको छ । यहाँ शोकगीत भन्नाले नेपाली जनताले भोग्नु परेका दुःख-पीडाको गीत भन्ने प्रतीकात्मक अर्थ हुन्छ भने पोस्टमार्टम भन्नाले त्यस्तो स्थिति कसरी सिर्जना भयो भनेर चिरफार गर्ने काम हो भन्ने लाक्षणिक अर्थ हुन्छ । यहाँ कवि निखिलले मान्छेलाई उज्यालोतर्फ लाग्न र आशावादी बन्न अभिप्रेरित गरेका छन् । कविताको शीर्षकहरू र कथ्यका बिच प्रतीकात्मक सङ्गति देखा पर्ने प्रस्तुत शीर्षकमा राष्ट्रियताको संवेदनशीलता, अस्तव्यस्तता, विकृति र विसङ्गतिप्रतिको चिन्ता प्रकट गरिएको छ । जीवनको यथार्थतालाई मर्मस्पर्शी ढङ्गबाट कवितामा समेटिएकोले शीर्षक सार्थक र युक्तिसङ्गत नै  देखिन्छ ।

### ४.४.२ संरचना

प्रस्तुत कवितासङ्ग्रह वि.सं. २०७१ साल माघमा अक्षर प्रकाशन, हेटौँडाबाट प्रकाशित साहित्यिक कृति हो । यस कृतिको आवरण पृष्ठमा निलो रङ्गमाथि पहेँलो कपडाले बेरिएको सारङ्गीमाथि उभिएर पछाडिको भागमात्र देखिने मृत मान्छेको कम्मरभन्दा तल तरबार तेर्स्याइएको र सेतो-लामो कपडाले सर्पजस्तै बेरेर टाउको माथिसम्म देखिने चित्रले पोस्टमार्टमको सङ्केत गरेको छ । त्यसपछि भित्री पृष्ठमा कविताक्रम र निमेष निखिलको आफ्नो भनाइ राखिएको छ भने पश्च भागको बाहिरी आवरणमा निखिलको आकर्षक फोटोसहित अक्षर प्रकाशनको भनाइ प्रस्तुत गरिएको छ ।

कृतिका बारेमा लेखक स्वयम्ले *यत्ति भन्छु* शीर्षकमा आफ्नो छोटो विचार प्रकट गरेका छन् । प्रस्तुत कृति जम्मा १०३ पृष्ठमा संरचित कृति हो । यस कवितासङ्ग्रहमा विभिन्न आयामका गरी ४८ वटा शीर्षकहरू रहेका छन् । यसभित्रका कविताहरू सबै गद्यमा रचिएका छन् । यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये *कविताका नाममा* शीर्षकको कविता तिन पृष्ठको, *प्रेम* शीर्षकको कविता एक पृष्ठमा रचिएको कविता हो भने अरु बाँकी सबै कविताहरू दुई पृष्ठमा लेखिएका छन् । यस कवितासङ्ग्रहका शीर्षक, पृष्ठ, अनुच्छेद र हरफलाई तालिकामा क्रमशः यसरी देखाइन्छ-

**तालिका सङ्ख्या : ३**

**'शोकगीतको पोस्टमार्टम' कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको तालिका**

| क्र.सं. | शीर्षक | पृष्ठ | अनुच्छेद | हरफ |
|---|---|---|---|---|
| १. | ऐना अगाडि | ८ | ५ | २७ |
| २. | अनिद्रा | १० | ६ | ३० |
| ३. | अब यसो गरौं | १२ | ४ | २६ |
| ४. | समय यस्तो होस् | १४ | ५ | ३० |
| ५. | माछा बेच्ने दाइ | १६ | ५ | ३८ |
| ६. | समय र कवि | १८ | ७ | २२ |
| ७. | केही कामहरू | २० | ५ | ३१ |
| ८. | भन रामलखन | २२ | ५ | २८ |
| ९. | बस्तीको कथा | २४ | ६ | २७ |
| १०. | फेरि गाउँका कुरा | २६ | ४ | ३९ |
| ११. | समय चिन्तन | २८ | ५ | २४ |
| १२. | बिम्ब : एउटा देशको | ३० | ४ | २३ |
| १३. | अँध्यारो विरुद्ध | ३२ | ५ | २४ |
| १४. | देश | ३४ | ४ | २७ |

| | | | | |
|---|---|---|---|---|
| १५. | तिमीलाई भनेर | ३६ | ३ | २० |
| १६. | सपना हेर्दै म | ३८ | ६ | २८ |
| १७. | गाउँको एउटा कविता | ४० | ३ | ३१ |
| १८. | एउटा आकाशको खोजी | ४२ | ६ | ३३ |
| १९. | पर्खाइ | ४६ | ५ | २५ |
| २०. | मायाको याम | ४८ | ५ | २९ |
| २१. | उस्तै गाउँ | ५० | ४ | २५ |
| २२. | शोकगीतको पोस्टमार्टम | ५२ | ६ | २४ |
| २३. | एक मुठी उज्यालो | ५४ | ४ | २६ |
| २४. | सपनाको प्रतिपक्षमा | ५६ | ७ | २४ |
| २५. | नोस्टाल्जिया | ५८ | ५ | ३४ |
| २६. | नयाँ वर्ष | ६० | ४ | २७ |
| २७. | मान्छे र देश | ६२ | ३ | ३० |
| २८. | असहज यात्रा | ६४ | ६ | ३४ |
| २९. | एउटा प्रश्न | ६६ | ७ | ३५ |
| ३०. | पानीको रङ | ६८ | ७ | ३० |
| ३१. | शब्दकोशमा | ७० | ६ | २७ |
| ३२. | समयको निबन्ध : कविता | ७२ | ८ | ३४ |
| ३३. | जीवनवादी मित्रसँग | ७४ | १० | ३४ |
| ३४. | यात्रामा | ७६ | ४ | ३० |
| ३५. | सौराहा ! यो कुनै कविता होइन | ७८ | ४ | ३१ |
| ३६. | मेरो अभ्यस्तता | ८० | ५ | २४ |
| ३७. | कविताका नाममा | ८२ | ६ | ४१ |

| | | | | |
|---|---|---|---|---|
| ३८. | प्रेम | ८५ | ३ | १४ |
| ३९. | मर्निङ वाकमा | ८६ | ५ | २५ |
| ४०. | रहर | ८८ | ५ | ३० |
| ४१. | लोदर लाग्यो काका | ९० | ४ | २९ |
| ४२. | बन्द | ९२ | ७ | २७ |
| ४३. | बग्दै बग्दै खलङ्गा | ९४ | ३ | २६ |
| ४४. | म हराएको सूचना | ९६ | ४ | २३ |
| ४५. | आगो टेकेर | ९८ | ६ | २५ |
| ४६. | प्रतिकूल | १०० | ३ | २९ |
| ४७. | अन्तिम कविता | १०२ | ५ | ३० |

माथिको तालिका अनुसार ४८ वटा कविताहरू सङ्कलित रहेको **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रहलाई मझौलो आकारको रूपमा लिन सकिन्छ । यस सङ्ग्रहको पहिलो कविता *ऐना अगाडि* हो भने *अन्तिम कविता* शीर्षकको कविता अन्तिममा रहेको छ । सबै कविताहरू दुई पृष्ठमा संरचित छन् । दस पङ्क्तिपुञ्जको कविता *जीवनवादी मित्रसँग* शीर्षकको कविता हो भने जम्मा तिन पङ्क्तिपुञ्जमा संरचित केही कविताहरू रहेका छन् । त्यसैगरी ४१ हरफको *कविताका नाममा* शीर्षकको कविता हो भने २० हरफमा संरचित *तिमीलाई भनेर* शीर्षकको कविता हो । यसरी **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रहको संरचना गरिएको छ ।

### ४.४.३ कविताहरूको मुख्य कथ्य

यहाँ **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रहभित्र सङ्गृहीत कविताहरूको मूल कथ्यको सङ्क्षेपमा अध्ययन गरिएको छ ।

**ऐना अगाडि**

प्रस्तुत *ऐना अगाडि* शीर्षकको कविता **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रहको पहिलो कविता हो । यस कवितामा कविले मान्छेहरू आदर्शको खोक्रो सुरुवाल भिरेर नाटकको अभिनय गर्छन् भनी व्यङ्ग्य गरेका छन् । आफू उभिएको धरातलको यथार्थ अनुभूति गर्नको लागि ऐनामा साक्षात्कार गर्न सबैलाई आग्रह गरेका छन् ।

**अनिद्रा**

प्रस्तुत कविता यस कवितासङ्ग्रहको दोस्रो कविता हो । यस कवितामा कविले वर्तमान अवस्थाको दर्दनाक स्थितिप्रति विद्रोह गर्न नसकेर चुपचाप सहनु परेको यथार्थ व्यक्त गरेका छन् । देशको दुःख, पीडा, भोक, रोग र शोकका विरुद्ध आँखामा आगो निस्केको र ढुक्कसँग निदाउन नसकेको अभिव्यक्ति कविले प्रकट गरेका छन् ।

**अब यसो गरौँ**

यस कवितामा देशैभरिका मान्छेहरूको घाउमा मलहम लगाएर आत्मीयता, सद्भाव र विश्वास बाँड्दै शान्ति स्थापना गर्नुपर्ने कविको विचार व्यक्त छ ।

**समय यस्तो होस्**

प्रस्तुत कवितामा बेइमान, अहङ्कार र घमण्डका पहाड भत्काएर देशैभरि शान्ति, सुख, समृद्धि र विश्वासको स्थापना गर्ने आशावादी स्वर प्रकट भएको पाइन्छ ।

**माछा बेच्ने दाइ**

प्रस्तुत कवितामा गरिबीका कारण माछा बेच्ने मान्छेलाई नै सबै जातका माछाको स्वाद थाहा नभए पनि आफ्नो व्यापार धान्न अर्थात् बाँच्नका लागि ठुलो सङ्घर्ष गर्नु पर्ने र नक्कली कुरा गर्दै मुस्कान देखाएर माछा बेच्नु पर्ने बाध्यता कविले प्रकट गरेका छन् ।

**समय र कवि**

प्रस्तुत कवितामा देशका दुःख, पीडाका कथा-व्यथा रचना गर्दा धुरुक्क रुन नसकिरहेका कविले कवितामा पीडा ओकल्न नपर्ने समयको कामना व्यक्त गरेका छन् ।

**केही कामहरू**

प्रस्तुत कवितामा कविले नचाहेरै वा मनले नमान्दा-नमान्दै पनि जीवनमा धेरै काम बाध्यताले गर्नु पर्ने तितो पोखेका छन् । सिन्कोसम्म नभाँच्नेले अभिमानको पर्खाल ठड्याएको चुपचाप हेर्नु, भऱ्याङ बनेर आफू हार्नु र असक्षम नेतालाई जिताउनु जस्ता राजनीतिक व्यङ्ग्य भाव प्रकट भएको पाइन्छ ।

**भन रामलखन**

प्रस्तुत कवितामा कविले सबै नेपालीहरूको जीवनको यात्रा, दुःख, सुख, अनुभूति, समस्या उस्तै भएर पनि किन अविश्वास, विभेद र घृणाको पर्खाल उभ्याइन्छ मान्छे-मान्छे बिचमा भनी प्रश्न गरेका छन् ।

**बस्तीको कथा**

प्रस्तुत कवितामा बस्तीहरूमा मान्छेका सपना, इच्छा, आकाङ्क्षा, आत्मीयता चकनाचुर भएर नरसंहारको कोलाहलले आक्रान्त छ । यो असह्य वेदना पचाउन नसकेर गाउँ-बस्तीबाट अब ज्वालामुखी विष्फोट हुन मात्र बाँकी छ भनी कविले चेतावनी दिएका छन् ।

**फेरि गाउँका कुरा**

प्रस्तुत कवितामा गाउँको परिवेश, प्राकृतिक सुन्दरता, निश्छलतातर्फ गाउँले जीवनका सामाजिक, नैतिक, सांस्कृतिक स्वरूपको स्मरणलाई यथार्थ ढङ्गले प्रस्तुत गरेको पाइन्छ ।

**समय चिन्तन**

प्रस्तुत कवितामा वर्तमान समयको पीडा र क्रन्दनले देश मौन छ र मान्छेको जीवन आस्थारहित तथा उत्साहरहित बनेको छ । यस्तो स्थितिमा सु-समयको पर्खाइमा मान्छेहरूले कष्टकर दिन बिताइरहेको सत्यता प्रकट गरिरहेको पाइन्छ ।

**बिम्ब एउटा देशको**

प्रस्तुत कवितामा देशका तमाम समस्याहरू भोक, रोग र शोकमाथि विजय गर्नु पर्ने तथा सबै मान्छेहरू सुखी र खुसी रहुन् भन्ने कविको कामना छ ।

**अँध्यारोका विरूद्ध**

प्रस्तुत कवितामा मान्छेका कलिला सपनाहरू चकनाचुर भएर देशै अन्धकारमा डुबेको बेलामा अलिकति उज्यालो छिर्‍यो भने थोरै राहत हुने आशा गर्दै कविले समयसँग गुहार मागेका छन् ।

**देश**

प्रस्तुत कवितामा कविले नेपालीहरूलाई एक सूत्रमा बाँधेर सद्भाव, आत्मीयता, विश्वासका आधारशीला खडा गर्दै नेपाली राष्ट्रियता झल्काउनु पर्ने विचार व्यक्त गरेका छन् ।

**तिमीलाई भनेर**

प्रस्तुत कवितामा प्रणय-चेतनाका बिम्बहरू झल्किएको पाइन्छ । प्रेमिकाप्रतिको आकर्षण र तृष्णाले थोरै समय तृप्त हुँदा पनि कविले अनन्तसम्म मिठो अनुभूति गरिरहने प्रतीकात्मक बिम्ब प्रकट गरेको पाइन्छ । दुई पल आनन्दसित बाँच्न सके जीवन सार्थक हुने र युगौँयुग बाँच्न नपर्ने कविको विचार छ ।

**सपना हेर्दै म**

प्रस्तुत कवितामा सामाजिक विसङ्गतिको चित्र प्रकट छ । एकातिर शोषकवर्गका ठुलाठुला सपना छन् भने अर्कोतिर शोषितको गाँस, बास र कपासका सामान्य आवश्यकताका सपना छन् । यसरी नै सपना किन्ने-बेच्ने क्रम चलिरहेको कविले मौन भएर हेर्नुपरेको कविले दुःख व्यक्त गरेका छन् ।

**गाउँको एउटा कविता**

प्रस्तुत कवितामा गाउँका प्राकृतिक वस्तु तथा गाउँले जीवनको शान्त, सुखी वातावरण र सिर्जनात्मक परिवेशलाई यथार्थ ढङ्गले प्रस्तुत गरिएको पाइन्छ ।

**एउटा आकासको खोजि**

प्रस्तुत कवितामा मान्छेहरू सन्त्रासमय परिवेशबाट उम्कन चाहेका छन् र सुख-दुःख र समृद्धिको आकाशमा आनन्दसँग रमाउने समयको पर्खाइमा रहेको यथार्थ प्रकट गरिएको पाइन्छ ।

**कहीँ नपुग्ने एउटा यात्रा**

प्रस्तुत कवितामा द्वन्द्वप्रेमीहरूले जनताका नाममा जतिसुकै ताण्डव मच्चाए पनि सोझा-साझा जनताहरूले दुःख, पीडा र त्रासभन्दा केही पाएका छैनन् । अझै पनि मान्छेहरू द्वन्द्वमा रमाइरहेको यथार्थ प्रकटिकरण भएको पाइन्छ ।

**पर्खाइ**

प्रस्तुत कवितामा गरिवीका पीडाका साथै राजनीतिक व्यङ्ग्य छ । सधैँ बन्द, हडताल, आन्दोलन, युद्ध र धोकाहरूबाट आहत भएका मान्छेहरू गणतन्त्रको स्थापनापछि पनि परिवर्तनको महसुस गर्न नपाएको सत्यता प्रकट गरिएको पाइन्छ ।

**मायाको याम**

प्रस्तुत कवितामा देशमा जताततै सङ्कट र सन्त्रास छाएको बेला संवेदनशील कविले प्रेमलाई नगन्य ठान्छन् । समयमा प्रेमको सम्बन्धलाई अगाडि बढाउन नसक्दा घात-प्रतिघात हुने कुरालाई प्रतीकात्मक रूपमा प्रकट गरिएको छ ।

**उस्तै गाउँ**

प्रस्तुत कवितामा समयले धेरै नै नेटो काटिसक्दा पनि नेपालका गाउँ-बस्तीका मुहार फेरिन नसकेको यथार्थ चित्रण गरिएको छ ।

**शोक गीतको पोस्टमार्टम**

प्रस्तुत कविता यस कवितासङ्ग्रहको तेइसौँ कविता हो । यस कवितासङ्ग्रहको शीर्षक यसै कविताबाट लिइएको छ । वर्तमान समयसम्म मान्छेले गाएका गीत भोक, रोग र शोक जस्ता अनेकौँ दुःख-कष्टका गीत हुन् । अब यस्तो गीतको चिरफार गरेर नयाँ-नयाँ गीत तथा नयाँ दिनको आगमनको कामना कविले गरेका छन् ।

**एक मुठी उज्यालो**

प्रस्तुत कवितामा वर्तमानको दुःख, पीडा मुक्तिका लागि मान्छेले गरेका अनेकौँ प्रयत्न असफल भएको छ । दुःखका पहाडै टाउको माथि थोपरिए पनि एक मुठी उज्यालोका लागि आशा मार्न सकिँदैन भन्ने मार्मिक विचार कविले व्यक्त गरेका छन् ।

**सपनाको प्रतिपक्षमा**

प्रस्तुत कवितामा कविले मान्छेका सामान्य सपनाहरू पनि राज्यले कहिल्यै पुरा गर्न नसकेको दुःख व्यक्त गरेका छन् । मान्छेका साना-साना सपनाहरूमाथि आघात नहोस् भन्ने कविको कामना छ ।

**नोस्टालजीया**

प्रस्तुत कवितामा विगतको प्रणय स्मरण गर्दा धुरुक्कै रोएको कविको मन त्यही मायाको यादमा डुबेर कष्टकर जीवन पनि सजिलैसँग बिताउन सकेको प्रतीकात्मक अर्थ प्रकट भएको छ ।

**नयाँ वर्ष**

प्रस्तुत कवितामा राजनीतिक व्यङ्ग्य भाव छ । नाम मात्रको नयाँ वर्षले कहिल्यै नयाँ खुसी, हर्ष नल्याएको मार्मिक अभिव्यक्ति प्रकट गरिएको छ ।

**मान्छे र देश**

प्रस्तुत कवितामा देशको हिजोको अवस्था र आजको अवस्था बिच तुलना गर्दै मान्छेमा चेतना जगाउन शक्तिशाली कामदेवको खोजी गर्नुपर्ने कविले व्यक्त गरेका छन् ।

**असहज यात्रा**

प्रस्तुत कवितामा समय-समयका राजनीतिक आन्दोलन, युद्ध, सन्त्रास, भय, दुःखै-दुःखको महासागर पार गरेको यथार्थ अभिव्यक्त छ । नेपालीले आजसम्म भोगेको दुःखलाई नबिर्सिकन अब सबै मान्छे चनाखो भएर जाग्नु पर्ने कविको मार्मिक अभिव्यक्ति छ ।

**एउटा प्रश्न**

प्रस्तुत कवितामा कविले आफ्नी प्रेमिकाप्रति शङ्काको भाव व्यक्त गरेका छन् । सुखी भएको बेलामा प्रेमिकाले कतै बिर्सने हो कि भन्ने शङ्का कविको मनमा बारम्बार आइरहेको कुरा यहाँ ब्यक्त भएको छ ।

**पानीको रङ**

प्रस्तुत कवितामा पानीको कुनै निश्चित रङ्ग नभए जस्तै जिन्दगीको पनि कुनै निश्चित रङ्ग हुँदैन । कुनै चिजको प्रतिबिम्ब पानीमा उस्तै देखिए जस्तै मान्छे-मान्छे बिचको सम्बन्ध पनि उस्तै हुन्छ भन्ने कविको विचार व्यक्त भएको पाइन्छ ।

**शब्दकोशमा**

प्रस्तुत कवितामा वर्तमान समयका मान्छेले कुविचारको खेती गर्नेतिर मात्र उक्सिरहेका छन् भन्ने कविको धारणा छ । राम्रा विचार त शब्दकोशबाटै भाग्न थालेको प्रतीकात्मक रूपमा व्यङ्ग्य गरिएको छ ।

**समयको निबन्ध : कविता**

प्रस्तुत कवितामा मान्छेले मान्छेलाई नै सिध्याउन गाउँ-सहरभरि आतङ्क-त्रास फैलाइरहेको छ । कहीँ पनि शान्ति नभएको वर्तमान समयमा जीवनको भिख नमाग्ने बरु अर्को युद्ध गर्न तयार रहनु पर्ने साहस कविले व्यक्त गरेका छन् ।

**जीवनवादी मित्रसँग**

प्रस्तुत कवितामा हिमाल, पहाड र तराईका बिलौना उस्तै छन्, सुख-शान्ति कहीँ छैन, आशाको सुनौलो किरण देखिने सम्भावना नै नभएपछि मान्छेको मन भरङ्ग हुन्छ तापनि आशावादी भैहाल्न भने हुँदैन भन्ने कविको धारणा छ ।

**यात्रामा**

प्रस्तुत कवितामा मान्छेको खुसी, इच्छा, रहर सबै लुट्ने अमानवीय प्रवृत्तिप्रति कविको ध्यानाकर्षण भएको छ । कविले मान्छेमा हाँसो, खुसी, रहर फर्काउनु पर्ने अभियानमा यात्रा गर्ने विचार व्यक्त गरेका छन् ।

**सौराहा : यो कुनै कविता होइन**

प्रस्तुत कवितामा सौराहाको प्राकृतिक सुन्दरताको वर्णन गर्नुका साथै त्यहाँ पनि गरिबी, दुःख, पीडा उस्तै रहेको कविले देखेका छन् । धनी र गरिबको असमानता देख्दा कविले नेपालको अस्तित्व सङ्कटमा परेको अभिव्यक्ति प्रकट गरेका छन् ।

**मेरो अभ्यस्तता**

प्रस्तुत कवितामा कविले दुःख र कष्टका एम्बुसमा परेर शान्ति, सद्भाव, रहर, सपना, विश्वास गुमाउनु परेको पीडा व्यक्त गरेका छन् । बानी नै परिसकेको हुनाले जत्रो दुःख, कष्ट आइपरे पनि सहन अभ्यस्त भएको धारणा व्यक्त गर्दछन् ।

**कविताका नाममा**

*कविताका नाममा* शीर्षकको कवितामा कविले माया-प्रेमका वैयक्तिक स्वार्थमा रमाएका कविता भन्दा देशका अनेकौँ दुःख, पीडा, प्राकृतिक विपत्ति जस्ता समाज वा देशसँग सम्बन्धित कविता नै महत्त्वपूर्ण हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् । आफूले पनि त्यस्तै कविता लेख्ने विचार व्यक्त गरेको पाइन्छ ।

**प्रेम**

प्रस्तुत कवितामा कविले कठोर, निर्दयी र धोकेवाजलाई प्रेम गर्दा आँधीबेहरी नै निम्तिन सक्ने खतराको सङ्केत गर्दै जुन चिजलाई राम्रो भनेर माया गऱ्यो त्यही चिज आफैमाथि आइलाग्ने प्रतीकात्मक अभियक्ति प्रकट गरेका छन् ।

**मर्निङ वाकमा**

प्रस्तुत कवितामा सबैथरी मान्छेको लागि मर्निङ वाक एउटा छुट्टै आनन्दको संसार हो तर वर्षौंदेखिको रोगी देश कहिल्यै मर्निङ वाक गर्न सक्दैन भनी कविले प्रतीकात्मक अभिव्यक्ति प्रकट गरेको पाइन्छ ।

**रहर**

प्रस्तुत कवितामा कविले अनास्था, विभेद, घृणा, वैमनस्यता जस्ता अवरोधका पर्खाल भत्काएर, उत्साह बोकेर हिँडेका र खुसी फक्रेका अनुहार हेर्ने रहर जागेको कुरा व्यक्त गरेका छन् ।

**लोदर लाग्यो काका**

प्रस्तुत कवितामा कविले मान्छेका कर्मकाण्डप्रति विरोध गर्दैनन् र अन्धविश्वासी पनि छैनन् । तर एकाबिहानै मृत्यु देखेका कविले र सशङ्कित भएर मृत्युचिन्तन गर्न पुगेको अभिव्यक्ति प्रकट गरिएको पाइन्छ ।

**बन्द**

प्रस्तुत कवितामा धनीमानी तथा हाकिमहरू बन्दमा रमाइलो गर्न व्यस्त हुन्छन् तर गरिबलाई भने सधैँ मेहनत नगरी खान नपुग्ने असमान व्यवस्थाप्रति कविको व्यङ्ग्य भाव पाइन्छ ।

**बग्दा-बग्दै खलङ्गा**

प्रस्तुत कवितामा राजनीतिक रूपमा व्यङ्ग्य गरिएको पाइन्छ । नेपालको माटो, पानी अर्काको हुँदा सीमाना मिचिँदा पनि राष्ट्रका नेताहरू चुप लागेर बसेको देख्दा कविको मनमा चोट लागेको कुरा कवितामा व्यक्त गरिएको पाइन्छ ।

**म हराएको सूचना**

प्रस्तुत कवितामा दौडधुपको संसारभित्र कवि आफ्नो अस्तित्व खोज्दै भौँतारिँदा प्रकृतिभित्रै अस्तित्व पाइने कुरामा आशावादी बनेको कुरा व्यक्त गरिएको पाइन्छ ।

**आगो टेकेर**

प्रस्तुत कवितामा देश अन्धकारमा छट्पटिएको बेला कसरी प्रकृति हाँसेको नक्कली कविता लेख्ने र आगोमा टेकेर कसरी सुन्दर रचना बन्ला भन्ने कविले चिन्ता प्रकट गरेको पाइन्छ ।

**प्रतिकूल समय**

प्रस्तुत कवितामा समय प्रतिकूल भएको बेला राम्रो काम गर्दा नराम्रो हुने र नराम्रो काम गर्दा राम्रो हुने उल्टो सम्भावना कविले देखेका छन् । राम्रो र स्वच्छ विचारमाथि जब घात हुन्छ त्यति बेला विद्रोहले सगरमाथाको चुली छुन सक्ने चेतावनी कविले व्यक्त गरेका छन् ।

**अन्तिम कविता**

*अन्तिम कविता* शीर्षकको कविता यस सङ्ग्रहको अन्तिम कविता हो । यस कवितामा कविले आजसम्म जति पीडा थुपारेर कविता लेखेपनि केही अर्थ नभएको व्यक्त गर्दछन् । सधैँ विसङ्गति मौलाएको देशका लागि सार्थक हुने अन्तिम कविता आफ्नै रगतले लेख्ने कविको तीव्र इच्छा जागेको अभिव्यक्ति पाइन्छ ।

यसप्रकार नेपाली राष्ट्रियता, स्वाभिमान, प्रकृति र संस्कृतिप्रतिको निष्ठा, शान्ति, स्वतन्त्रता, समृद्ध र सुन्दर समाज तथा देशको कामना यस कवितासङ्ग्रहभित्रका कविताहरूको मुख्य अभिष्ट रहेको छ ।

## ४.४.४ विषयवस्तु

**शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रहभित्र कवि निखिलले मुलुकको बिग्रँदो अवस्था, नेपाली जनताको देखावटी आडम्बर, राष्ट्रियता, स्वाभिमान र मानवीय मूल्यप्रतिको चिन्ता, राजनीतिक, सामाजिक, आर्थिक विकृति तथा विसङ्गतिको चित्रण गरेका छन् । देशको बिग्रँदो अस्त-व्यस्त अवस्था र नेपाली जनताले देखाएको देखावटी आडम्बर, घात-प्रतिघात, असमान, त्रास तथा अन्य विकृति-विसङ्गतिलाई चिरफार गरेर हरेस नखाई क्षीतिजको उज्यालो हेर्दै अघि बढ्न कविले प्रेरित गरेका छन् । निखिलले यस सङ्ग्रहमा *यति भन्छु* शीर्षकमा मानवीय मूल्यको खोजी गर्न पीडा र समस्याका अनकन्टार झाडीहरूमा आफै हराइसक्दा पनि मान्छेले हिम्मत नहारी समाधानका मार्ग पर्गेल्ने प्रयास गरेको म औधि मन पराउँछु भनी आफ्नो मार्मिक विचार प्रकट गरेका छन् । सामाजिक विकृति, राजनीतिक व्यङ्ग्य, सांस्कृतिक चेतना, स्वतन्त्रता र स्वाभिमानको आकाङ्क्षा, प्रेम र हार्दिकताको भावना जस्ता कुराहरूलाई नै यस सङ्ग्रहको विषयवस्तु बनाएका छन् ।

### क) राष्ट्रियता

कवि निखिलले आफ्नो कवितामा राष्ट्, राष्ट्रियता र स्वाभिमानलाई उच्च स्थानमा राखेर राष्ट्रको महिमागान गर्न पुग्छन् । उनका कवितामा राष्ट्रियता र स्वाभिमानप्रतिको अभिव्यक्ति यसरी प्रस्तुत भएको छ-

यतै उभ्याउनुपर्छ आत्मीयताको हिमाल
रोप्नुपर्छ सद्भावका पीपल र गुराँसहरू
छेक्नुपर्छ मसिना खुसी टेक्दै हिँडे लबस्तरो समयलाई आजै

र मनकै आधारशिलामा गाड्नुपर्छ-
एउटा साझा झन्डा मैत्रीको ।

(*देश,* पृ. ३४)

**ख) सामाजिक विकृति**

कवि निखिलका रचनामा समाजका विविध विकृति र बेथितिका भावनाहरू प्रतिबिम्बित भएका छन् । समाजमा विद्यमान शोषित-पीडितहरू प्रतिको विसङ्गत दृष्टि चरित्रलाई कविले कवितामा यसरी प्रकट गरेका छन्-

भोको पेटका सपना छन्
नाङ्गो आङ्का सपना छन्
भाग्यले ठगिएका र गिद्धे आँखाले डामिएका
आफ्नै चेलीका सपना पनि छन् ।

(*सपना हेर्दै म,* पृ. ३८)

**ग) राजनीतिक व्यङ्ग्य**

वर्तमान समयमा राजनेताहरूको सत्तामोह, स्वार्थी प्रवृत्तिका कारण जनताका समस्या, दुःख जस्ताको तस्तै भएकोले जनताको भावनामा कुठाराघात भइरहेको छ । गणतन्त्र स्थापना भएपछि पनि राष्ट्रका नेताबाट घात-प्रतिघात भैरहेको यथार्थ अभिव्यक्ति यसरी कवितामा प्रकट भएको छ-

त्यहीँबाट देखेको छ उसले-
राजतन्त्र विरुद्धको उन्नाइस दिने आन्दोलन
र त्यहीँबाट देखेको छ गणतन्त्रपछिको विजय जुलुस ।
तर अझैसम्म पनि मरेको छैन-
उसका आँखाको आदिम तिर्खा ।

(*पर्खाइ,* पृ. ४६)

**घ) मानवीय मूल्य र अस्तित्वको खोजी**

कवि निखिलले आफ्नो कवितामा मान्छेको आफ्नो हक, हित तथा दुःख-पीडालाई व्यक्त गरेका छन् । उनका कवितामा मानव र मानवताप्रतिको अभिव्यक्ति यसरी प्रस्तुत भएको छ-

देश, जहाँ बिसाएर सबै-सबै वेदनाहरू
मान्छे निद्वन्द्व 'मान्छे' बाँच्न सकून्
फुकालेर आदिम पीडाको कालो आवरण
एउटा सिङ्गो हिमाल हाँस्न सकून् ।

(*बिम्ब एउटा देशको,* पृ. ३०)

**ङ) आत्मपीडा**

कवि निखिललाई सुन्दर नेपालको प्राकृतिक, सांस्कृतिक, राजनीतिक, आर्थिक सबै क्षेत्र क्षतविक्षत तथा तहस-नहस हुँदा र आस्था-विश्वास भत्किँदै जाँदा कवितामा आत्मपीडा यसरी प्रस्तुत गरेका छन्-

असङ्ख्य प्रयोग प्रत्यारोपणबाट थिल्थिलिएको देश
अझै खेप्दै छ-
एकपछि अर्का प्रयोगहरूकै 'मोन्सान्टो' शृङ्खला
देशजस्तो भएर रहन नसकेको देश
मान्छेजस्तो भएर रहन नसकेको देशभित्रको मान्छे
आफ्नै आँगनमा एकसाथ खेपिरहेका छन्-
पीडा निर्वासनको ।

(*एउटा आकाशको खोजी*, पृ. ४३)

### ४.४.५ भावविधान

**शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रहभित्रका कवितामा देशको राजनैतिक अस्थिरता, बिग्रँदै गइरहेको क्षयोन्मुख मानवीय अस्तित्व, नेपाली सभ्यता, प्रकृति, संस्कृति र स्वाभिमान तथा स्वतन्त्रताप्रति चिन्ता भाव प्रकट भएको छ । जनताको त्याग र बलिदानीबाट प्राप्त गणतन्त्रको स्थापना भैसक्दा पनि जनतालाई सुखभन्दा दुःख नै दिने शासकहरू र दसबर्से जनयुद्ध एवम् त्यसले पारेको असरप्रति कविले दुखानुभूति व्यक्त गरेका छन् । कविले यस्तो दुःख, पीडाको चिरफार गर्दै क्षितिजको उज्यालो हेर्दै अगाडि बढ्नु पर्ने सन्देश सम्प्रेषण गरेका छन् । समग्र कृतिको रस विधानगत स्वरूपलाई हेर्दा यस सङ्ग्रहका धेरैजसो कविताहरूमा करुण रसको अभिव्यक्ति भएको पाइन्छ । कविताहरूमा करुण रसको अभिव्यक्ति यसरी प्रकट भएको छ-

पानी बाहेक अर्थोकै केही बग्छन् नदीहरू
र खस्छ हेर्दाहेर्दै अन्धकार आफ्नै आँखामा
किन सुन्दासुन्दै शोकगीत बन्छ जीवनको धुन ?

(*जीवनवादी मित्रसँग,* पृ. ७४)

घाम झुल्कन्छ र सुनाउँछ- वेदनाको स्वरलहरी
हावा बहन्छ र फैलाउँछ- अनिष्टका स्वरहरू
आकाश रून्छ र चुहाउँछ- आँसुको बलेसी ।

(*समय चिन्तन,* पृ. २८)

यसरी यी कविताहरूमा करूण रसको प्रयोग भएको पाइन्छ ।

### ४.४.६ लय/छन्द

प्रस्तुत कृतिका कविताहरूमा परम्परित शास्त्रीय छन्दमा कुनै पनि कविताहरू रचिएको पाइँदैन । यसभित्रका सबै कविताहरू गद्य लयमा लेखिएका छन् ।

गद्य कविताको एउटा उदाहरण यसप्रकार छ-

जीवनका रहरहरूमा जति मलजल गरे पनि
आत्मामा जति उमारे पनि हरिया सोचका बिरुवा
आवरणभरि पोतेर भलाद्मीपन
हामी आडम्बरहरूको प्रदर्शनमा व्यस्त छौँ ।

(*ऐना अगाडि,* पृ. ८)

### ४.४.७ भाषाशैली

कवि निखिलको **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रहको भाषा सरल, सहज र स्वाभाविक छ । कविले भावप्रवाहलाई गति दिन कवितामा तत्सम, तद्भव र केही आगन्तुक तथा झर्रा नेपाली शब्दको उचित विन्यासीय सन्तुलन बिम्ब तथा प्रतीक प्रयोग गरी लेखिएका यी गद्य कविताहरू अत्यन्तै रोचक शैलीका रहेका छन् । यस कवितासङ्ग्रहमा प्रयोग गरिएका शब्दहरूमा मन, यात्रा, विचार, विज्ञान, संवेदना, सादृश्य, स्वागत, क्षितिज, त्रास जस्ता तत्सम शब्द हुन् भने आमा, आँसु, ओछ्यान, करेसा, कुलेसो, गाउँ, घाइते, घाम, जुलुस, पहाड, भत्काउन, माटो जस्ता तद्भव शब्दहरू हुन् । त्यस्तै अब, खबरदार, डुप्लिकेट, प्यास, बन्दुक, बिस्कुन, म्याराथन, सहर, हावा जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ । उनको यो कवितासङ्ग्रहका कविताहरू छोटा, छरिता, बौद्धिक

स्तरका र राजनीतिक तथा सामाजिक विकृतिप्रति तीव्र व्यङ्ग्यले भरिएका छन् । समग्रमा भन्दा यस कृतिभित्रका कविताहरूको भाषाशैली बिम्बात्मक र प्रतीकात्मक भैकन पनि यथार्थ, स्तरीय, सम्प्रेषणीय र स्वाभाविक नै छ ।

### ४.४.८ अलङ्कार

यस कवितासङ्ग्रहभित्रका कविताहरूमा उपमा, रूपक जस्ता अलङ्कारहरूको प्रयोग भएको पाइन्छ ।

**क) उपमा अलङ्कार**

यस कृतिको कवितामा उपमा अलङ्कारको प्रयोग यसरी भएको छ-

सधैं देखिन्छन्
सँगै गाँसिए जस्तो लाग्ने बिजुलीका दुई खम्बा
नियालेर हेर्दा आश्चर्यले टोकिन्छ जिब्रो
त्यो सानो खम्बा एउटा बालक जस्तै लाग्छ ।

(*पर्खाइ,* पृ. ४६)

हेर्दाहेर्दै फलाम चुहिन सक्छ मैन झैं पग्लेर
र ठडिन सक्छ मैन शीतकालको हिउँ जमे झैं
वाचाल हुन सक्छन् अबोला ओठहरू छिनमै
प्रिय यादहरूमा सल्केपछि विस्मृतिको डढेलो ।

(*प्रतिकूल समय,* पृ. १००)

यसरी यो कवितांशमा फलाम- उपमेय, मैन- उपमान, पग्लनु तथा जम्नु- धर्म, झैं- वाचक आदि शब्द प्रयोगले उपमा अलङ्कार बन्न पुगेको छ ।

### ४.४.९ बिम्ब र प्रतीक

बिम्ब र प्रतीकको प्रयोगले कविताको भावलाई ओजपूर्ण बनाउँदछ । कवि निखिल आफ्ना कविताका भावहरूलाई विभिन्न बिम्ब र प्रतीकका प्रयोगद्वारा गम्भीर तथा कलात्मक तुल्याएर प्रस्तुत गर्दछन् । यस कवितासङ्ग्रहभित्रका बिम्ब र प्रतीक प्रयोग भएका कवितालाई यसरी स्पष्ट पार्न सकिन्छ-

उतारेर भए जति वेदनाहरूको आवरण
मसिना खुसीहरूको बिस्कुन हालौँ मनको आँगनभरि
द्वेषका एकएक तगाराहरू भत्काएर
मान्छे नै मान्छे लेखौँ सम्पूर्ण भूगोलभरि ।

(*अब यसो गरौँ,* पृ. १३)

भोक चिहाइरहेछ निर्लज्ज जुठेल्नाबाट
रोग ङिच्याइरहेछ दाँत आँखैअघि
लखेट्नु छ सबैसबैलाई जीवनका छेउछाउबाट ।

(*शोकगीतको पोस्टमार्टम,* पृ. ५२)

यस कवितामा वेदनाहरूको आवरण, खुसीहरूको बिस्कुन मनको आँगनभरि, द्वेषका एकएक तगाराहरू, भोक चिहाइरहेछ निर्लज्ज जुठेल्नाबाट, रोग ङिच्याइरहेछ दाँत जस्ता प्रतीकात्मक बिम्ब हुन् । वर्तमान समयमा देखा परेका दुःख, पीडा, गरिबीको पराकाष्ठा, मानवीय मूल्य तथा अस्तित्वको प्रतिबिम्बित भावहरू हुन् । मान्छे लेखौँ सम्पूर्ण भूगोलभरि र लखेट्नु छ सबैसबैलाई जीवनका छेउछाउबाट भन्ने वाक्यले नेपालीहरूको अस्तितव धरापमा परेकोले त्यसको डटेर साहसपूर्वक सामना गर्नुपर्ने प्रतीकको रूपमा प्रस्तुत गरिएको छ । यसरी कविले प्रस्तुत कृतिको नामकरण **शोकगीतको पोस्टमार्टम** र यसभित्रका कविताहरूमा धेरै बिम्ब र प्रतीकको सहजताले भावलाई निकै स्तरीय तुल्याएका छन् ।

## ४.४.१० निचोड

प्रस्तुत **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रह कवि निमेष निखिलको अझ सशक्त तेस्रो पुस्तकाकार कृति हो । यस कृतिमा ४८ वटा कविताहरू समावेश गरिएका छन् । निखिलको यस कृति भाषागत प्रस्तुति, समसामयिक विषयवस्तु समेटिएको, मन र मस्तिष्कले पढ्न सकिने, बौद्धिक स्तरीय र उत्कृष्ट बन्न पुगेको छ । प्रगतिवाद तथा प्रयोगवादमा आधारित यो कृति देश तथा समाजका समसामयिक दुःख, पीडा, समस्या, रोदन, क्रन्दन जस्ता अनेक कुराको शल्यक्रिया गर्न समर्थवान् रहेको छ । समग्रमा प्रतीकात्मक र बिम्बका सजावटले सुन्दर र उच्चकोटिको यो कृतिमा व्यङ्ग्यात्मक प्रस्तुति, जीवन-जगत्का असङ्गतिको चिरफारका साथै आशा र विश्वासको सञ्चार प्रकट भएको पाइन्छ ।

## ४.५ निष्कर्ष

यस परिच्छेदमा साहित्यकार निमेष निखिलका तिनवटा कृतिहरूको विवेचना गरिएको छ । उनको पहिलो कृति २०६५ सालमा प्रकाशित **मनहरूको परिसर** कवितासङ्ग्रह हो । एक सय दुई पृष्ठमा संरचित मध्यम आकारको यस कृतिमा छपन्नवटा विभिन्न आयामका कविताहरू सङ्कलित छन् । यस कृतिका सबै कविताहरूलाई कविता तत्त्वहरूका आधारमा विवेचना गरिएको छ । यसमा भाषाशैली, भाव तथा विचारको उचित संयोजन पाइन्छ । प्रायःजसो सबै कवितामा तीव्र आवेग तथा निराशाजनक भाव प्रकट भएको पाइन्छ । समग्रमा **मनहरूको परिसर** कवितासङ्ग्रह दसबर्से जनयुद्धबाट सिर्जित दुःख, कष्ट, डर, त्रास, भौतिक तथा मानवीय क्षतिप्रति लक्षित छ । यस कृतिमा देशको सामाजिक, आर्थिक, राजनीतिक विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य भाव छ । निखिलले मान्छेलाई मानवीय काम गर्न, असल र सहयोगी बन्न तथा आशावादी हुन अभिप्रेरित गरेका छन् ।

त्यस्तै निखिलको दोस्रो कृति २०७० सालमा प्रकाशित **उमेरको नदी** (लामा कविता) कवितासङ्ग्रह हो । १०९ पृष्ठमा संरचित यस कवितासङ्ग्रहमा पन्ध्रवटा लामा खालका कविताहरू समावेश गरिएका छन् । यस कृतिका सबै कविताहरूलाई कविता तत्त्वका आधारमा विवेचना गरिएको छ । **उमेरको नदी** कवितासङ्ग्रहमा भाषा शैलीको कलात्मक प्रस्तुति, एउटै कविता बार पृष्ठसम्मका लामा र रोचक हुनुका साथै बौद्धिक हस्तक्षेप गर्न समर्थवान् भएको पाइन्छ । पहिलो कृतिभन्दा अझ खारिएका, माझिएका शब्द चयन गरिएको पाइन्छ । यस कृतिमा ग्रामीण परिवेशको प्राकृतिक चित्रण गर्नुका साथै सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा व्याप्त विकृति तथा विसङ्गतिको तीव्र विरोध प्रकट गरिएको पाइन्छ । निखिलको यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा मानवीय मूल्य र अस्तित्वको खोजी गर्दै मान्छेलाई आशावादी तथा जीवनवादी बन्न उत्प्रेरित गरिएको छ ।

निखिलको तेस्रो कृति **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रह २०७१ सालमा अक्षर प्रकाशन, हेटौंडाबाट प्रकाशित भएको हो । एकसय तिन पृष्ठमा संरचित यस कृतिमा अठ्चालिसवटा कविताहरू समावेश गरिएका छन् । निखिलको यस कृतिलाई भाषागत प्रस्तुति, समसामयिक विषयवस्तु समेटेर मन र मस्तिष्कले पढ्न सकिने, बौद्धिक, स्तरीय र उत्कृष्ट रचनाको रूपमा लिन सकिन्छ । प्रगतिवाद तथा प्रयोगवादमा आधारित रहेर लेखिएको उनको यो कृति अहिलेको समयको शल्यक्रिया गर्न समर्थवान् रहेको छ । यसमा विशेषतः सामाजिक, राजनैतिक र आर्थिक विसमताका चित्रहरू प्रतिबिम्बित भएको पाइन्छ । उनका कविताहरूमा व्यङ्ग्यात्मक प्रस्तुति, जीवन-जगत्का असङ्गतिको चिरफारको साथै आशा र विश्वासको सञ्चार प्रकट भएको पाइन्छ । समग्रमा उनका सबै कविता कृतिहरू सरल, व्यङ्ग्यात्मक, रोचक, बौद्धिक, स्तरीय, सुपाच्य, प्रतीकात्मक र बिम्बका सजावटले सुन्दर र उच्चकोटिका रहेका पाइन्छन् ।

# परिच्छेद : पाँच

# उपसंहार

## ५.१ परिचय

यस परिच्छेदमा निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको सन्दर्भमा अघिल्ला परिच्छेदहरूमा गरिएका अध्ययनहरूको परिच्छेदगत निष्कर्ष र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ।

## ५.२ पहिलो परिच्छेदको निष्कर्ष

पहिलो परिच्छेद औपचारिक खण्डको रूपमा शोध परिचय रहेको छ । यस क्रममा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमा, सामग्री सङ्कलन विधि, शोधविधि र शोधकार्यको रूपरेखा समेत उल्लेख गरिएको छ। साथै यो परिच्छेद शोधको परिचय प्रस्तुत गर्नमा नै केन्द्रित रहेको छ।

## ५.३ दोस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेद अन्तर्गत साहित्यकार निमेष निखिलको जीवनी खण्ड रहेको छ । यो खण्ड निमेष निखिलको चिनारी खण्ड पनि हो । यस खण्डमा विषय प्रवेश, जन्म र जन्मस्थान, वंश परम्परा, बाल्यकाल र उपनयन, शिक्षा-दीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, जागिरे जीवनमा प्रवेश र निरन्तरता, आर्थिक अवस्था, साहित्य लेखनमा प्रवेश र निरन्तरता, साहित्यिक मान्यता, सम्मान तथा पुरस्कारहरू, सङ्घ-संस्थामा आबद्धता, रुचि तथा स्वभाव, यात्रा तथा भ्रमण, दिनचर्या, सुख-दुःखका क्षणहरू, ईश्वरप्रतिको आस्था र अन्त्यमा निष्कर्ष उल्लेख गरिएको छ । निमेष निखिलको जीवनी अनुकरणीय रहेको पाइन्छ । सिन्धुलीमा जन्मेर हुर्केका निखिल बाह्र वर्षको उमेरमा सर्लाहीमा बसाइँ सरेर गएका हुन् । एस.एस.सी. पास भएपछि उनी दश जोड दुई अध्ययन गर्ने सिलसिलामा हेटौँडा आएका हुन् । उनले जीवनमा बाल्यकालदेखि नै अनेकौँ सङ्घर्ष गर्दै, जागिर खाँदै, अध्ययन गर्दै आफ्नो लक्ष्यबाट विचलित नभई समाज, देश र जनताकै पक्षमा सिर्जनात्मक कार्य गर्ने व्यक्तिका रूपमा चिनिएका छन् । जीवनको जस्तोसुकै सङ्घर्षपूर्ण अवस्थामा पनि आफ्नो शिक्षण कार्य, शैक्षिक

अध्ययन तथा साहित्यिक क्षेत्रमा निरन्तर राम्रो उन्नति गर्दै आएका निमेष निखिलका कार्यहरूलाई मूल्याङ्कन गर्दा उनको जीवन परिश्रमी र सङ्घर्षशील रहेको पाइन्छ।

## ५.४ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार निमेष निखिलको बहुआयामिक व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वमा साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट चर्चा गरिएको छ। यसका साथै उनको व्यक्तित्वका विषयमा विभिन्न विद्वान् व्यक्तित्वहरूको भनाइलाई पनि समावेश गरिएको छ। निमेष निखिल अन्तर्मुखी स्वभाव भएका व्यक्तित्व हुन्। उनको साहित्यिक व्यक्तित्वमा कवि, गीतकार, गजलकार, कथाकार, बाल साहित्यकार, समीक्षक, समालोचक, भूमिका लेखक, अनुसन्धाता तथा अन्तर्वार्ताकार आदि व्यक्तित्वको परिचय दिइएको भए पनि उनको विशेष योगदान भने कवितामा रहेको छ भनी उल्लेख गरिएको छ र उनका प्रकाशित कवितासङ्ग्रहहरूको सामान्य परिचय समेत दिइएको छ। साहित्येतर व्यक्तित्वमध्ये प्रमुख रूपमा पत्रकार तथा सम्पादक व्यक्तित्व र प्रशासनिक एवम् शैक्षिक व्यक्तित्वका रूपमा चिन्न सकिने कुरा उल्लेख गरिएको छ। यसरी उनी एक व्यक्तिमा अनेक व्यक्तित्व भएकाले उनलाई बहुमुखी व्यक्तित्वको रूपमा लिइएको छ भने साहित्यकारहरूको दृष्टिमा निमेष निखिलको बारेमा सङ्क्षिप्त टिप्पणी गरिनुका साथै अन्त्यमा निष्कर्ष दिएइको छ।

## ५.५ चौथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार निमेष निखिलका तिनवटा कृतिहरूको अध्ययन गरिएको छ। उनको पहिलो कृति २०६५ सालमा प्रकाशित **मनहरूको परिसर** कवितासङ्ग्रह हो। एक सय दुई पृष्ठमा संरचित मध्यम आकारको यस कृतिमा छपन्नवटा विभिन्न आयामका कविताहरू सङ्कलित छन्। यस कृतिका सबै कविताहरूलाई कविता तत्त्वहरूका आधारमा विवेचना गरिएको छ। यसमा भाषाशैली, भाव तथा विचारको उचित संयोजन पाइन्छ। प्रायःजसो सबै कवितामा तीव्र आवेग तथा निराशाजनक भाव प्रकट भएको पाइन्छ। समग्रमा **मनहरूको परिसर** कवितासङ्ग्रह दसबर्से जनयुद्धबाट सिर्जित दुःख, कष्ट, डर, त्रास, भौतिक तथा मानवीय क्षतिप्रति लक्षित छ। यस कृतिमा देशको सामाजिक, आर्थिक, राजनीतिक विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य भाव छ। निखिलले मान्छेलाई मानवीय काम गर्न, असल र सहयोगी बन्न तथा आशावादी हुन अभिप्रेरित गरेका छन्।

त्यस्तै निखिलको दोस्रो कृति २०७० सालमा प्रकाशित **उमेरको नदी** (लामा कविता) कवितासङ्ग्रह हो। १०९ पृष्ठमा संरचित यस कवितासङ्ग्रहमा पन्ध्रवटा लामा खालका कविताहरू

समावेश गरिएका छन् । यस कृतिका सबै कविताहरूलाई कविता तत्त्वका आधारमा विवेचना गरिएको छ । **उमेरको नदी** कवितासङ्ग्रहमा भाषा शैलीको कलात्मक प्रस्तुति, एउटै कविता बार पृष्ठसम्मका लामा र रोचक हुनुका साथै बौद्धिक हस्तक्षेप गर्न समर्थवान् भएको पाइन्छ । पहिलो कृतिभन्दा अझ खारिएका, माझिएका शब्द चयन गरिएको पाइन्छ । यस कृतिमा ग्रामीण परिवेशको प्राकृतिक चित्रण गर्नुका साथै सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा व्याप्त विकृति तथा विसङ्गतिको तीव्र विरोध प्रकट गरिएको पाइन्छ । निखिलको यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा मानवीय मूल्य र अस्तित्वको खोजी गर्दै मान्छेलाई आशावादी तथा जीवनवादी बन्न उत्प्रेरित गरिएको छ ।

निखिलको तेस्रो कृति **शोकगीतको पोस्टमार्टम** कवितासङ्ग्रह २०७१ सालमा अक्षर प्रकाशन, हेटौँडाबाट प्रकाशित भएको हो । एकसय तिन पृष्ठमा संरचित यस कृतिमा अठ्चालिस वटा कविताहरू समावेश गरिएका छन् । निखिलको यस कृतिलाई भाषागत प्रस्तुति, समसामयिक विषयवस्तु समेटेर मन र मस्तिष्कले पढ्न सकिने, बौद्धिक, स्तरीय र उत्कृष्ट रचनाको रूपमा लिन सकिन्छ । प्रगतिवाद तथा प्रयोगवादमा आधारित रहेर लेखिएको उनको यो कृतिले अहिलेको समयको शल्यक्रिया गर्न समर्थवान् रहेको छ । यसमा विशेषतः सामाजिक, राजनैतिक र आर्थिक विषमताका चित्रहरू प्रतिबिम्बित भएको पाइन्छ । उनका कविताहरूमा व्यङ्ग्यात्मक प्रस्तुति, जीवन-जगत्का असङ्गतिको चिरफारको साथै आशा र विश्वासको सञ्चार प्रकट भएको  पाइन्छ । समग्रमा उनका सबै कविता कृतिहरू सरल, व्यङ्ग्यात्मक, रोचक, बौद्धिक, स्तरीय, सुपाच्य, प्रतीकात्मक र बिम्बका सजावटले सुन्दर र उच्चकोटिका रहेका पाइन्छन् ।

## ५.६ समग्र निष्कर्ष

निमेष निखिलको जन्म वि.सं. २०३२ चैत २८, सुम्नाम पोखरी ४, सिन्धुलीमा भएको  हो । यिनको पिताको नाम प्रेमप्रसाद बराल र माताको नाम प्रेमकुमारी बराल हो । परिवारका छ सन्तानमध्ये माइला छोराका रूपमा निखिलको जन्म मध्यमवर्गीय किसान परिवारमा भएको हो । उनको बाल्यकाल माता-पिताका साथमा भए पनि प्राकृतिक विपत्तिले निम्त्याएको आर्थिक सङ्कटका कारण दुःख र सङ्घर्ष गर्नु परेको देखिन्छ । उनले प्रारम्भिक शिक्षा सिन्धुलीमा र प्रवेशिका परीक्षा जनज्योति मा.वि., लालबन्दी, सर्लाहीबाट वि.सं. २०५० सालमा उत्तीर्ण गरेका हुन् । उच्च अध्ययनका क्रममा २०५१ सालमा हेटौँडा प्रवेश गरी दिदीको घरमा बसेर दस जोड दुई कक्षा अध्ययन गरेका हुन् । त्यसपछि अध्ययनलाई निरन्तर अगाडि बढाउँदै गएर २०५९ सालमा नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट प्रथम

श्रेणीमा एम.ए. पास गरेका हुन् । फेरि २०६९ सालमा हेटौंडा क्याम्पसबाट प्रथम श्रेणीमा नेपालीमा एम.एड. गरी आफ्नो शैक्षिक क्षेत्र निकै दरिलो बनाएका छन् । त्यस्तै दस कक्षामा अध्ययन गर्दागर्दै सर्लाहीको इन्दुशङ्कर चिनी उद्योगमा सानोतिनो जागिर सुरु गरेका निखिलले हेटौंडा आएपछि पनि छ महिना मोटर ग्यारेजमा काम गरे र २०५२ सालदेखि शिक्षण कार्य सुरु गर्न थालेको देखिन्छ । उनले सुरुमा शिक्षा विकास शिशु सदन, बसामाडीमा प्रा.वि. तहमा काम गरी मकवानपुरका विभिन्न विद्यालय, बोर्डिङ तथा कलेज हुँदै २०६४ सालमा मकवानपुर बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्यापन गराउँदै आएका निखिल हाल बिहानदेखि बेलुकासम्म त्यही कलेजमा व्यस्त रहेका देखिन्छन् ।

रन्जना घिमिरेसँग २०५५ सालमा विवाह बन्धनमा बाँधिएका निखिलका एक छोरा र एक छोरी छन् । पुख्यौली सम्पत्ति प्रशस्त नभए पनि उनको आर्थिक स्थिति राम्रै छ । राजनीतिक रूपमा सार्वजनिक भएर नहिँड्ने निखिल मार्क्सवादी विचारधारामा प्रतिबद्ध व्यक्तित्व हुन् । उनले बाल्यकालदेखि नै प्राकृतिक विपत्ति नजिकबाट भोगेका र समाजका विकृति र विसङ्गति देखेर साहित्यप्रति रुचि जागेको बताएका छन् । त्यसपछि केही वर्ष निरन्तर साहित्य अभ्यास गर्नुका साथै फुटकर रूपमा थुप्रै विधाका रचनाहरू प्रकाशित गरेको देखिन्छ । व्यक्तित्व विकासका सन्दर्भमा निखिल बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । उनका व्यक्तित्वहरूमा कवि, कथाकार, गीतकार, बाल साहित्यकार, गजलकार, समालोचक, भूमिका लेखक, सम्पादक, पत्रकार, शिक्षक, प्रशासनिक र सामान्य रूपमा सामाजिक काममा समेत संलग्न रहेका छन् । यी सबै व्यक्तित्वहरू मध्ये कवि, शिक्षक र सम्पादक व्यक्तित्वमा उनलाई तुलनात्मक रूपमा सफलता मिलेको देखिन्छ । उनले आफ्ना कृतिहरूमा विशेष गरी समाजका विकृति-विसङ्गति, देशको अस्तव्यस्तता, नेताहरूको मनपरीतन्त्र, कुसंस्कार, निम्नवर्गप्रतिको अन्याय, अत्याचार, राष्ट्रिय स्वाभिमान तथा परम्पराप्रति क्षयोन्मुख हुँदै गएको अवस्थाको प्रकटिकरण गरेका छन् । यसरी बिग्रँदै गएको मान्छे, समाज र देशको अवस्थालाई पटक्कै देख्न र सहन नसक्ने निखिलले यसको चिरफार गर्दै जीवनप्रति आशावादी बन्न र स्वतन्त्रतापूर्वक स्वाभिमानी भएर बाँच्न चेतना दिएका छन् । उनी आफ्नो जीवन भोगाइका क्रममा देखेका, भोगेका र सुनेका कुरालाई अनुभूत गर्दै आफ्ना अन्तर्मनका छटपटीहरूलाई सिर्जनाका माध्यमबाट अभिव्यक्त गर्ने गर्दछन् ।

*नेता* लघु कविता **युवामञ्च**मा २०५२ सालमा प्रकाशित गरेर सार्वजनिक रूपमा साहित्यिक यात्रा सुरु गरेका निखिलले कविता, कथा, गीत, गजल, समालोचना विधामा कलम चलाएका छन् । त्यसमा पनि उनको विशेष योगदान कविता विधामा नै रहेको देखिन्छ । २०६५ सालदेखि यता उनका

तिनवटा कवितासङ्ग्रहहरू पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका छन् भने अन्य प्रकाशित फुटकर लेख-रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा छरिएर रहेका छन् । कविता विधाबाट आफ्नो साहित्ययात्रा सुरु गरेका निमेष निखिलको कवि व्यक्तित्व अर्थात् कविताको क्षेत्रमा दिएको योगदान महत्त्वपूर्ण देखिन्छ । निखिलका रचनामा समाजमा व्याप्त विकृति, विसङ्गति, मानवीय जीवनको मूल्यहीनता, धोखा, षड्यन्त्र, भ्रष्टाचार, हत्या, हिंसा, परम्पराप्रति वितृष्णा, राजनीतिक क्षेत्रमा व्याप्त विकृति तथा राष्ट्रियताको अवमूल्यन जस्ता देशका कुरूप त्रासदीको चित्र उतार्दै मानवीय मूल्य र अस्तित्वको खोजी गरेको पाइन्छ ।

यसप्रकार समग्रमा यस शोधपत्रका विभिन्न परिच्छेदहरूमा निमेष निखिलका जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूलाई केलाउँदै तिनको सापेक्षतामा उनीद्वारा सिर्जित एवम् प्रकाशित पुस्तकाकार कृतिहरूद्वारा काव्य विश्लेषणका सामान्य तत्त्वहरूका आधारमा यहाँ अध्ययन गरिएको छ । निमेष निखिलका कृतिहरूमा कुनै-कुनै कविताहरू असम्बोध्य र असहज जस्तो देखिए पनि सामान्यतयाः सर्वसाधारण पाठकहरूले पनि बुझ्न सक्ने सरल र सहज नै अनुभूति हुन्छ । समग्रमा उनका कृतिहरूमा भाव, कला, विचार, अनुभूतिको उचित संयोजन तथा बौद्धिक स्तर भएको पाइन्छ ।

जीवनको जस्तोसुकै परिस्थितिमा पनि विचलित नभईकन निरन्तर साहित्य साधनामा तल्लीन रहेर नेपाली साहित्यको श्रीबृद्धिमा एउटा इँटा थप्न सफल साहित्यकार निमेष निखिलको योगदान वास्तवमै महत्त्वपूर्ण तथा उल्लेखनीय रहेको देखिन्छ ।

## परिशिष्ट 'क'

# शोधनायक निमेष निखिललाई सोधिएको प्रश्नावली

१. यहाँको वास्तविक नाम के हो ?

२. तपाईंको जन्म कहाँ र कहिले भएको थियो ?

३. तपाईंको परिवारमा हाल कति जना सदस्यहरू हुनुहुन्छ ?

४. तपाईंको पुर्ख्यौली बसोबास कहाँ रहेको थियो ?

५. तपाईंको बाल्य अवस्था कसरी बितेको थियो ?

६. औपचारिक शिक्षा कहिलेदेखि र कहाँबाट आर्जन गर्नु भएको थियो ?

७. तपाईंले पाउनु भएका पुरस्कार तथा सम्मानहरू के-के होलान् ?

८. अध्ययनको सिलसिलामा पनि साहित्यप्रति विशेष अनुराग रहनुमा कसको प्रभाव परेको थियो ?

९. धर्म र संस्कृतिप्रति यहाँको धारणा के-कस्तो रहको छ ?

१०. तपाईंको वैवाहिक अवस्था तथा हालसम्मको दाम्पत्य जीवन के-कस्तो रहेको छ ?

११. हालसम्म विशेष गरी कुन-कुन पेसालाई अवलम्बन गर्दै आउनु भयो र हाल कुन-कुन संस्थामा आबद्ध हुनुहुन्छ ?

१२. साहित्यमा यहाँले कुन-कुन विधामा कलम चलाउनु भएको छ ?

१३. यहाँले साहित्य यात्रामा प्रवेश गर्नुको मुख्य उद्देश्य के रहेको छ र खास कसको प्रेरणाले साहित्य साधनामा प्रवेश गर्नु भएको हो ?

१४. साहित्य लगायत अन्य सामाजिक, राजनीतिक, क्षेत्रमा यहाँको योगदान कस्तो रहेको छ ?

१५. यहाँको जीवनमा घटेका अविस्मरणीय र दुःखद क्षण तथा रोचक घटनाहरू के-के हुन् ?

१६. तपाईं जागिरे पनि हुनुहुन्छ, साहित्यमा कलम चलाइ रहनुभएको छ, कसरी समय मिलाउनु भएको छ ?

१७. तपाईंको बुझाइमा साहित्य के हो र कस्तो हुनु पर्दछ ?

१८. मकवानपुर जिल्लाको साहित्यिक मोडलाई कसरी नियाल्नु भएको छ ?

१९. साहित्यले समाजलाई परिवर्तन गराउँछ र नयाँ समाजको निर्माण हुन्छ पनि भनिन्छ नि ?

२०. यहाँका जीवनका इच्छा तथा रुचिका विषयहरू के के छन् ?

परिशिष्ट 'ख'

# साहितत्यकार निमेष निखिलको व्यक्तिगत विवरण



**नाम** : खिलप्रसाद बराल

**साहित्यिक नाम** : निमेष निखिल

**स्थायी ठेगाना** : हेटौँडा उपमहानगरपालिका- ५, भैरवरोड

**जन्ममिति** : २०३२ चैत २८

**जन्मथान** : सुम्नाम पोखरी, सिन्धुली

**फोन** : ०५७-५२१५८५, ९८५५०३०३३३, ९८५५०६७५८५, ९८११८९०२२२

**शैक्षिक योग्यता :**

| सि.न. | तह | बोर्ड | संस्था | साल | मुख्य विषय | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|---|---|---|
| १ | *प्रवेशिका* | *नेपाल* | *जनज्योति मावि, लालबन्दी* | *२०५०* | *भूगोल* | *५२* | *द्वितीय* |
| २ | *१०+२* | *उमाशिप* | *हेटौँडा क्याम्पस, हेटौँडा* | *२०५३* | *नेपाली* | *५८.१* | *द्वितीय* |
| ३ | *बि.एड.* | *त्रिवि* | *हेटौँडा क्याम्पस, हेटौँडा* | *२०५७* | *नेपाली* | *५४.२* | *द्वितीय* |
| ४ | *एम. ए.* | *त्रिवि* | *नेपाली केन्द्रीय विभाग, कीर्तिपुर* | *२०५९* | *नेपाली* | *६०.२* | *प्रथम* |
| ५ | *एम.एड* | *त्रिवि* | *हेटौँडा क्याम्पस, हेटौँडा* | *२०६९* | *नेपाली* | *६७* | *प्रथम* |

**लेखनारम्भ** : २०४१ सालतिरबाट

**प्रथम प्रकाशित रचना** : **नेता** लघुकविता (२०५१/५२ ? युवामञ्च)

**प्रकाशित कृतिहरू** :

- **मनहरूको परिसर** (कवितासङ्ग्रह- २०६५),
- **उमेरको नदी** (लामा कविताहरू- २०७०)
- **शोकगीतको पोस्टमार्टम** (कविता सङ्ग्रह- २०७१)

*(उपलब्ध भएसम्मका सम्पूर्ण प्रकाशित फुटकर रचनाहरूको कालक्रमिक विवरण यसै व्यक्तिगत विवरणको अन्त्यमा समावेश गरिएको छ)*

- गरिमा, मधुपर्क, मिर्मिरे, समष्टि, अक्षय अक्षर, जनमत, अभिव्यक्ति, रचना, हाम्रो मातृभूमि, गोरखापत्र, कान्तिपुर, नागरिक, अन्नपूर्ण पोस्ट, नयाँ पत्रिका आदि विभिन्न स्वदेशी तथा विदेशी पत्रपत्रिकाहरूमा कविता, कथा, समालोचना, गीत, गजल आदि रचनाहरू प्रकाशित,

**सम्पादन** :

- **'अक्षय अक्षर'** त्रैमासिक (२०६०-हालसम्म, सूचना विभागद्वारा 'क' वर्गमा वर्गीकृत, हालसम्म नियमित रूपमा ४० अङ्क प्रकाशन भइसकेको),
- **'प्वाँखहरू र आकाश'** (सुप्रसिद्ध भारतीय नेपाली कवि डा. राजेन्द्र भण्डारीका प्रतिनिधि कविताहरूको सङ्ग्रह- २०६७),
- **'भोलारामको आत्मा'** (हिन्दी तथा उर्दू भाषाबाट हास्यव्यङ्ग्यकार आर. सी. रिजालले अनुवाद गरेका हास्यव्यङ्ग्यहरूको सङ्कलन- २०६९),
- **'सौरभ'** (साहित्य सङ्गम मकवानपुरको मुखपत्र) विभिन्न अङ्कहरू,
- **'मयूख'** (मकवानपुर बहुमुखी क्याम्पसको स्मारिका- २०६८),
- **'दस वसन्त'** (जी. एस. निकेतन उच्च माध्यमिक विद्यालयको मुखपत्र- २०६६)
- **'समय सङ्गीत'** (आशिष सुवेदीका कविताहरू- २०६७),
- **'किनाराका आवाजहरू'** (अप्सरा तिम्सिनाका कविताहरू- २०६९),
- **'सन्धान'** नेपाली जर्नल, (मकवानपुर बहुमुखी क्याम्पस २०६९),
- **'Cross Cultural Discourse'** अङ्ग्रेजी जर्नल, (मकवानपुर बहुमुखी क्याम्पस २०६९),
- **'सौरभ', मकवानपुरका कवि र कविता,** (मकवानपुर जिल्लाका प्रतिनिधि कविहरूको कविता सङ्ग्रह- २०७०),
- **'नवकोपिला'** रिलायन्स इङ्लिस बोर्डिङ स्कुलद्वारा प्रकाशित बालपत्रिकाका विभिन्न अङ्क,
- **'नवपल्लव'** जी. एस. निकेतन उच्च माध्यमिक विद्यालयद्वारा प्रकाशित नारायणी अञ्चलको प्रतिनिधिमूलक बालपत्रिका विभिन्न अङ्क,
- थुप्रै साहित्यिक तथा अन्य पुस्तकहरूको भाषा सम्पादन ।

**पुरस्कार/सम्मान** :

- हेटौँडा क्याम्पसद्वारा आयोजित कविता प्रतियोगितामा प्रथम पुरस्कार- २०५४,
- प्रणयन साहित्यिक त्रैमासिकद्वारा आयोजित राष्ट्रिय लघुकथा प्रतियोगितामा तृतीय पुरस्कार- २०५६,
- प्रणयन साहित्यिक त्रैमासिकद्वारा आयोजित कविता प्रतियोगितामा प्रथम पुरस्कार- २०५६,
- रेयुकाइ नेपालद्वारा आयोजित राष्ट्रिय लघुकथा प्रतियोगितामा उत्कृष्ट- १० मा छनोट भई पुरस्कृत २०५८,
- रामबाण प्रकाशन हेटौँडाबाट वर्षभरि 'रामबाण' साहित्यिक द्वैमासिक पत्रिकामा छापिएका रचनाहरू मध्ये सर्वोत्कृष्ट रचनालाई दिइने रामबाण व्यङ्ग्य सम्मान- २०६०,
- हेटौँडा लेडी जेसिजद्वारा प्रशंसापत्र, २०६१
- **'मनहरूको परिसर'** कविता सङ्ग्रहका लागि साहित्य सङ्गम चितवनद्वारा हरेक वर्ष प्रदान गरिने
  स्व. गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी पन्त) स्मृति पुरस्कार- २०६५
- प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ, नेपालद्वारा आयोजित बृहत् राष्ट्रिय युवा कविता प्रतियोगिता- २०६५ मा तृतीय पुरस्कार,
- गजल मञ्च मकवानपुरबाट सम्मान- २०६६,
- प्रशंसापत्र, कालिका एफ. एम. प्रा. लि. चितवन, २०६५
- कदरपत्र रेडियो थाहा सञ्चार बाट- २०६५
- कदरपत्र, नेपाली कलासाहित्य डट कमबाट- २०६६
- मकवानपुर साहित्यश्री सम्मान- २०६७
- कदरपत्र, राष्ट्रिय औद्योगिक व्यापार मेला, हेटौँडा- २०६८
- सम्मानपत्र, जी. एस. निकेतन उचच माध्यमिक विद्यालय २०६८
- प्रशंसापत्र, जी. एस. निकेतन उचच माध्यमिक विद्यालय २०६८
- सिर्जन सौरभ सम्मान २०६९
- कदरपत्र, स्वतन्त्र विद्यार्थी युनियन, हेटौँडा क्याम्पस, हेटौँडा- २०७०
- प्रशंसापत्र, कलरव धरानबाट- २०७१

- भानुभक्त द्विशतवार्षिकी समारोह, नारायणी अञ्चल समितिको सचिव रहेर कार्य गरेको तथा भानुभक्त द्विशतवार्षिकी समारोहका अवसरमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भानुभक्त आचार्य द्विशतवार्षिकी समारोहसमितिबाट स्वर्णपदक तथा प्रशस्तिपत्र (२०७१)
- प्रशंसापत्र, नेपाली कलासाहित्य डट कमबाट- २०७१
- अन्य विभिन्न स्थानीय तथा क्षेत्रीय साहित्यिक प्रतियोगिताहरूमा दुई दर्जनभन्दा बढी प्रथम, द्वितीय तथा तृतीय पुरस्कारहरू प्राप्त
- थुप्रै सङ्घसंस्थाहरूबाट प्रशंसापत्र तथा कदरपत्रहरू प्राप्त
- विभिन्न प्रतियोगितात्मक साहित्य गोष्ठी, वादविवाद तथा वक्तृत्वकला प्रतियोगिताहरूमा निर्णायकको भूमिका निर्वाह गरेको,
- थुप्रै कार्यक्रमहरूमा विशेष वक्ताका रूपमा आमन्त्रित
- विभिन्न स्थानीय तथा राष्ट्रिय पुरस्कार छनोट समितिमा रही कार्य सम्पादन

**साहित्यिक योगदान तथा सक्रियता** :

- विभिन्न राष्ट्रिय साहित्यिक कार्यक्रमका सिलसिलामा नेपालका काठमाडौँ, झापा, मोरङ, सुनसरी, नेपालगञ्ज, चितवन, पर्सा, बारा, रौतहट, महोत्तरी, सर्लाही, नवलपरनसी, कपिलवस्तु, रुपन्देही, बाँके, पोखरा, बागलुङ आदि जिल्लामा सहभागिता,
- काठमाडौँमा दुई पटक, (आयोजक : स्पाइनी ब्याब्लर/श्री लुनकरणदास गङ्गादेवी चौधरी साहित्य कला मन्दिर) चितवन (आयोजक : अक्षर समूह चितवन) र हेटौँडा (आयोजक : सिर्जन सौरभ, हेटौँडा)मा एक एक पटक एकल कविता वाचन कार्यक्रम सम्पन्न,
- भानुभक्त स्मारक समिति, सिलगढी, भारतको विशेष आमन्त्रणमा २०६७ सालमा पाँच जना नेपाली युवाकविहरूसहित अन्तराष्ट्रिय साहित्यिक सहभागिता,
- नेपाली जनकल्याण समिति कोलकाताको विशेष आमन्त्रणमा २०७२ असार २९ गते १०२ औँ भानु जयन्तीको कार्यक्रममा सहभागिता,
- प्रलेस मकवानपुर, नेपाल सरकार, प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय र शक्ति एफ एम. द्वारा आयोजित  कार्यक्रमहरूमा तिन वटा कार्यपत्र प्रस्तुत तथा विभिन्न कार्यक्रममा विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका कार्यपत्रमाथि टिप्पणी,
- ऐरावती प्रकाशनद्वारा प्रकाशित **मेरो प्यारो नेपाली कक्षा** ४ को पाठ्यपुस्तकमा '**समय**' शीर्षकको कविता पाठ्यांशका रूपमा समावेश गरिएको, पृष्ठ : ५८

- स्वागत प्रकाशनद्वारा प्रकाशित **स्वागत नेपाली कक्षा १** को पाठ्यपुस्तकमा **'सात बार'** शीर्षकको कविता पाठ्यांशका रूपमा समावेश गरिएको, पृष्ठ : ५६
- स्वागत प्रकाशनद्वारा प्रकाशित **स्वागत नेपाली कक्षा ६** को पाठ्यपुस्तकमा **'गुरु'** शीर्षकको कविता पाठ्यांशका रूपमा राखिएको पृष्ठ : १
- नेपालका विभिन्न स्थानबाट प्रकाशित हुने विभिन्न साहित्यिक तथा समाचारमूलक दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक, चौमासिक आदि पत्रिकाहरूमा कविता, कथा, समीक्षा, गीत, गजल आदि विभिन्न विधाका ३०० भन्दा बढी लेख रचनाहरू प्रकाशित,
- विभिन्न स्वदेशी तथा विदेशी वेब साइटहरू/सामाजिक सञ्जालहरूमा कविता, कथा, समीक्षा, गीत, गजल आदि विभिन्न रचनाहरू प्रकाशित,
- **'मकवानपुरका कवि र कविता'** विषयमा स्नातकोत्तर (एम.ए.) शोध कार्य सम्पन्न, २०६२,
- **'थैले खत्रीको इतिहास'** कथाको सङ्कथन विश्लेषण विषयमा स्नातकोत्तर (एम. एड.) शोध कार्य सम्पन्न २०६८,
- हेटौँडाबाट प्रकाशन हुने 'हेटौँडा टुडे' दैनिकमा केही समय **'पाँच मिनेट'** स्तम्भ लेखन ।
- स्थानीय तहमा भाषा साहित्यको श्रीवृद्धिका लागि विभिन्न कार्यहरू गरेको ।

**निमेष निखिलमाथि भएका शोधकार्यहरू :**

- **निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** गायत्री पौडेल, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन २०७२ ।
- **मनहरूको परिसर कविता सङ्ग्रहको शैली विश्लेषण,** रमेशमोहन अधिकारी, हेटौँडा क्याम्पस, हेटौँडा २०६८ ।
- **'मान्छे : एउटा अथक खोज' कथाको सङ्कथन विश्लेषण**, रामशरण रिजाल, हेटौँडा क्याम्पस, हेटौँडा २०७१ ।

**संलग्नता :**

- केन्द्रीय सदस्य : प्रगतिशील लेखक सङ्घ नेपाल,
- सचिव : साहित्य सङ्गम मकवानपुर (२०५७-२०६३),
- अध्यक्ष : साहित्य सङ्गम मकवानपुर (२०६३-२०६७),
- संयोजक : नेपाल साहित्यिक पत्रकार सङ्घ, मकवानपुर,

- सचिव : सिर्जना तथा संस्कृति सञ्जाल, मकवानपुर,
- सदस्य : पारिजात स्मृति सम्मान छनोट समिति, हेटौँडा, मकवानपुर,
- आजीवन सदस्य : सिस्नुपानी नेपाल,
- आजीवन सदस्य : नेपाल भारत मैत्री सङ्घ,
- सल्लाहकार : साहित्य सङ्गम मकवानपुर,
- संस्थापक अध्यक्ष : अविराम मिडिया प्रा. लि. हेटौँडा,
- संयोजक : प्रकाशन समिति, मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडा ।

**सम्प्रति** :

- नेपाली विभाग, मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडा ।

परिशिष्ट 'ग'

# निमेष निखिलले प्राप्त गरेका केही पुरस्कार तथा सम्मान-पत्रका प्रतिलिपिहरू



अनुशासन लगनशीलता प्रतिवद्धता

हेटौंडा क्याम्पस

शिक्षा शास्त्र संकाय

प्रमाण-पत्र

यस क्याम्पस द्वारा आयोजित २०५४ सालको साहित्य गोष्ठी प्रतियोगितामा प्रथम हुनु भएकोले श्री/सुश्री निमेष शर्मा "पापी" लाई उज्ज्वल भविष्य तथा उत्तरोत्तर प्रगतिको कामना सहित यो प्रमाण–पत्र दिइएको छ ।

प्रमुख अतिथि | संयोजक | क्याम्पस प्रमुख



नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति

प्रशस्तिपत्र

